सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ मंसिर २०८०, शुक्रबार (15 Dec 2023, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २३५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

जातीय विभेदविरुद्ध न्याय खोज्दा दलित समुदाय नै बहिष्कारमा

सात महिनाअघि गाउँमा भएको पुराण पूजामा जातीय विभेद गरिएको भन्दै दलित महिलाले मुद्दा हालेपछि मोरङको जिरीखिम्तीका २५ दलित परिवारलाई सामूहिक कार्यमा निषेध



विभेदमा परेका मोरङ पथरी-शनिश्चरे- १० स्थित जिरीखिम्तीका दलित छलफलका क्रममा

■ **स्थानीय डाँस मोरंगी सामुदायिक वनका अध्यक्ष मदन पोखरेल भन्छन्-**



चारवटा घरका वैवाहिक कार्यक्रममा दलितलाई बोलाइएन । पूरै दलितलाई बोलाउने काम बन्द गरेछन् । यो काम गलत हो भनेर मैले पनि धेरैपटक भनें । उहाँहरूले त्रासले गर्नुभयो कि नियतले गर्नुभयो जानकारी छैन । त्यहाँ विभेद भएको मैले पनि महसुस गरेको छु । बर्लैसीको छिमेकी दलित भएर नबोलाउनु, तर पाँच सय मिटर परकोलाई बोलाउनु त गलत हो । समाज कुनै एउटा जातिको मात्र हुँदैन । विभिन्न जातजातिका हुन्छन् । यो खालको विभेद गर्नुहुँदैन । गाउँके बेइज्जत हुने भयो भनेर छलफल राख्ने तयारी गर्दै छौं । हामीले समाज मिलाउन नै खोजिरहेका छौं ।



● **मोहनप्रसाद तुम्बापो,** मेयर, पथरी-शनिश्चरे नगरपालिका, मोरङ

दलितलाई बहिष्कार गरेको घटना हाम्रो जानकारीमा छैन । बहिष्कार गरिएको रहेछ भने पहिला त हामी सम्झाउँछौं । सम्झाउँदा-सम्झाउँदै पनि भएन भने हामी पीडितलाई कानुनी रूपमा अघि बढ्न सहयोग गर्छौं ।

मोरङबाट **चिरञ्जीवी धिमिरे**

जातीय विभेदविरुद्ध अदालत गएपछि मोरङको पथरी-शनिश्चरे नगरपालिका- १० जिरीखिम्तीका दलित समुदाय नै बहिष्कारमा परेका छन् । सात महिनाअघि गाउँमा भएको पुराण पूजामा दलित महिलामाथि गरिएको विभेद प्रहरी हुँदै अदालत पुगेपछि यहाँका सिंगो गैरदलित समुदायले उनीहरूलाई सामूहिक कार्यमा निषेध गरेका हुन् ।

त्यसअघि विवाह, व्रतबन्ध, पुराण, मेला, पर्म, गाउँमा हुने सामूहिक कार्यमा दलित-गैरदलित समुदायको सहभागिता हुन्थ्यो । तर, स्थानीय वृद्धा शान्ति सुवेदीले गरेको जातीय विभेदविरुद्ध रीता विश्वकर्माले न्याय खोज्दा 'रिस साँध्न' अहिले विवाह, मेलापात,

» पृष्ठ ११ मा क्रमशः

गहभरि आँसु बनाएर सुमित्रा विश्वकर्माले पीडा सुनाइन्-



गाउँमा विवाह तथा अन्य कार्जे हुँदा दलितजति कसैलाई पनि निम्तो दिइँदैन । धन्न ! मलामीमा चाहिँ छोइँदैन भनेर जानसम्म दिएका छन् । दलित मर्दा मलामी नै नपाउने अवस्था छ । पहिला त यस्तो थिएन । सबै जातजातिका मान्छे मिलेर बसेका थियौं, सबै साथीहरूसँग मिलेर घाँस-दाउरा गर्न जंगल गइन्थ्यो । मेला, पर्म लगाइन्थ्यो । अहिले त हामीलाई देख्दा पनि केही भयो कि जस्तो गर्छन् । यस्तो अत्याचारले साह्रै पीडा भएको छ । त्यो पुरानो समाज के भएको होला ?

छोरीले दलितसँग बिहे गरेपछि जसले पण्डित नै पाएनन्



जिरीखिम्तीका लक्ष्मण गुरागाईंलाई छोरीले दलितसँग विवाह गरेपछि समाजले बहिष्कार नै गऱ्यो । ०६६ देखि उनले बुबाआमाको श्राद्ध गर्नका लागि पुरोहितसम्म पाएका छैनन् । जब आफ्नै समुदायले बहिष्कार गऱ्यो तबदेखि उनले बुबाआमाको श्राद्ध नै गर्न छाडे । 'म सानैदेखि विभेदविरुद्ध थिएँ । सायद त्यही शिक्षाले होला छोरीले कथित दलितसँग विवाह गरिन् । त्यसपछि बुबाआमाको श्राद्ध गर्न पुरोहित नै पाइनँ,' आफ्नै समुदायविरुद्ध डटेर लागिरहेका उनले भने, 'मान्छे-मान्छेबीचमा विभेद हुनुहुँदैन । यो अपराध गर्नेविरुद्ध अब हामीले विद्रोह गर्नुपर्छ । त्यही भएर विभेदमा परेको समुदायलाई संगठित गर्न लागिपरेको छु ।'

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शरणार्थी मुद्दाका 'भिआइपी अभियुक्त' खाण धरौटीमा छुट्दै

शिल्पा कर्ण/नयाँ पत्रिका

■ गृह मन्त्रालयमै थपिएको थियो प्रतिवेदनमा नक्कली शरणार्थीको नाम

गृह प्रशासनको दुरुपयोग गरी नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै गरिएको बहुचर्चित ठगी मुद्दाका 'भिआइपी अभियुक्त' पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई अदालतले धरौटीमा छाड्न आदेश दिएको छ । प्रहरी अनुसन्धानमा बलिया प्रमाण फेला परेका उनलाई उच्च अदालतले बिहीबार ३० लाख धरौटीमा छाड्न आदेश दिएको हो । यही मुद्दामा उनको भन्दा कम भूमिका भएका अन्य व्यक्तिहरू भने थुनामै छन् ।

काग्रेसका प्रभावशाली नेता खाण गृहमन्त्री हुँदा सरकारी प्रतिवेदन नै किर्ते गर्नेदेखि मन्त्रालयमै आर्थिक लेनदेन गरेको प्रमाण प्रहरीले फेला पारेको थियो । तर, उनको प्रत्यक्ष संलग्नता नदेखिएको भन्दै उच्चका न्यायाधीश कृष्णराम कोइरालाको इजलासले बिहीबार धरौटीमा छाड्ने आदेश दिएको हो । यसअघि खाणको विषयमा दुई न्यायाधीशको राय बाझिएपछि मुद्दा कोइरालाको इजलासमा पुगेको थियो ।

१५ मंसिरमा उच्च अदालतले यो मुद्दाका अन्य थुनुवाका विषय टुंगो लगाए पनि खाणको विषयमा न्यायाधीशद्वय प्रकाश खरेल र जनक पाण्डेको राय बाझिएको थियो । तेस्रो इजलासले खाणको विषय टुंग्याउने भएपछि बिहीरबारका लागि पेसी तोकिएको थियो । न्यायाधीश खरेलले थुनामा राख्ने जिल्लाको आदेश सही रहेको राय दिएका थिए भने ३० लाख धरौटीमा छाड्न सकिने मत न्यायाधीश पाण्डेको थियो । कोइरालाले पाण्डेको राय सदर गरेका छन् ।

» पृष्ठ ११ मा क्रमशः

न्यायाधीश कृष्णराम कोइरालाको इजलासबाट धरौटीमा छाड्ने राय

खाणलाई धरौटीमा रिहा गर्ने कि पुर्पक्षका लागि थुनामै राख्ने विषयमा गत १५ पुसमा उच्च अदालत पाटनका न्यायाधीशद्वय प्रकाश खरेल र जनक पाण्डेको राय बाझिएको थियो । पाण्डेले धरौटीमा छाड्न हुने र खरेलले छाड्न नसकिने राय दिएका थिए । त्यसपछि मुद्दा न्यायाधीश कृष्णराम कोइरालाको इजलासमा पुगेको हो । उनले बिहीबार खाणलाई धरौटीमा छाड्ने राय दिए :



'...निवेदक प्रतिवादीलाई सुरु जिल्ला अदालतले थुनामा राख्दा प्रस्तुत मुद्दाका प्रतिवादीहरू केशव दुलाल र अर्का प्रतिवादी टेकनारायण पाण्डेबीच भएको टेलिफोन संवादलाई पनि लिएकोमा उक्त संवादमा उल्लेख भएको गिफ्ट भनेको रकम हो र उक्त रकम प्रतिवादी केशव दुलालबाट यी प्रतिवादीले लिएको भन्ने दाबीका सम्बन्धमा मुद्दा अनुसन्धानका क्रममा बयान तथा ततिम्बा बयान गर्दा प्रतिवादी केशव दुलालले उक्त तथ्यमा इन्कार गर्दै आफूले प्रतिवादी बालकृष्ण खाणलाई नभेटेको तथा निजलाई कुनै रकम नदिएको भनी उल्लेख गरेको...

... काठमाडौं जिल्ला अदालतबाट ०८०/३/१ मा थुनामा राखी पुर्पक्ष गर्ने गरी भएको आदेशलाई बेरितको देखिँदा बदर गरी रु. ३० लाख नगद, धरौटी, जमानत वा बैंक जमानत दिए लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी मिति २०८०/८/१५ मा भएको रायमा सहमतिको राय कायम गरिदिएको छ ।'

■ सशस्त्रका असइ थमन विक हत्या मुद्दा

लोसपा मधेश संसदीय दलका नेतासहित सातजनालाई जन्मकैद

एमालेका निलम्बित फरार सांसद कोइरीलाई भने सफाइ



महोत्तरीमा **रञ्जन भण्डारी**

एम्बुलेन्सबाट थुतेर हत्या गरिएका सशस्त्र प्रहरीका असइ थमन विकको हत्यासम्बन्धी मुद्दामा जिल्ला अदालत महोत्तरीले लोसपा मधेश प्रदेश संसदीय दलका नेता अभिराम शर्मासहित सातजनालाई जन्मकैदको फैसला सुनाएको छ । सोही मुद्दामा फरार रहेका एमालेका निलम्बित सांसद लक्ष्मी महतो कोइरी र पुर्पक्षका लागि थुनामा रहेका पवन कापरले भने सफाइ पाएका छन् ।

न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले बिहीबार मधेशका पूर्वराज्यमन्त्रीसमेत रहेका

» पृष्ठ ११ मा क्रमशः

यसरी भएको थियो घटना

मधेश आन्दोलनका क्रममा २५ भदौ ०७२ को बिहान महोत्तरीको जलेश्वरमा आन्दोलनकारीले सशस्त्र प्रहरीका असइ थमन विकलाई कुटपिट गरी गम्भीर घाइते बनाए । उनलाई उद्धार गरी प्रहरीले जलेश्वर अस्पताल पुऱ्यायो । तर, अस्पतालले थप उपचारका लागि जनकपुर रेफर गऱ्यो । एम्बुलेन्समा जनकपुर लैजाने क्रममा महोत्तरीको सोनुसडामा थपनलाई एम्बुलेन्सबाटै थुतेर कुटी-कुटी हत्या गरिएको थियो । धानखेतमा उनको हत्या गरिएको गरिएको थियो ।

आन्दोलनका क्रममा २३ भदौ ०७२ मा सुरक्षाकर्मीको गोलीबाट चार आन्दोलनकारीको ज्यान गएपछि स्थानीय प्रशासनले कर्फ्यु लगाएको थियो । २५ भदौको बिहान दुई घन्टाका लागि कर्फ्यु खोलिएलगत्तै सडकमा उत्रिएका प्रदर्शनकारीहरूबाट थमनमाथि कुटपिट भएको थियो ।

लम्साल पहिलो महिला परराष्ट्रसचिव

नयाँ पत्रिका



नर्वेजियन युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजीबाट एमफिल तथा त्रिभुवन विश्वविद्यालयबाट एमपिए गरेकी भोजपुर स्थायी ठेगाना भएकी सेवा लम्साल २५औं परराष्ट्रसचिव हुन्

सरकारले वरिष्ठ सहसचिव सेवा लम्सालालाई सचिवमा बढुवा गरेको छ । यससँगै लम्साल परराष्ट्र मन्त्रालयको नेतृत्व सम्हाल्ने पहिलो महिला सचिव बनेकी छिन् । उनी २५औं परराष्ट्रसचिव हुन् ।

लम्साल अहिले परराष्ट्र मन्त्रालयको प्रवक्ता तथा संयुक्त राष्ट्रसंघ हेर्ने डिभिजन प्रमुखका रूपमा कार्यरत छिन् । त्यसअघि उनी पाकिस्तानका लागि नेपाली राजदूत थिइन् ।

लम्सालले नर्वेजियन युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजीबाट एमफिल तथा त्रिभुवन विश्वविद्यालयबाट एमपिए गरेकी छिन् । भोजपुर स्थायी ठेगाना भएकी नवनियुक्त सचिव लम्सालले ०६७ मा परराष्ट्रको उपसचिवमा नाम निकालेकी थिइन् । त्यसको एक वर्षमा उनी सहसचिव भएकी थिइन् ।

नेपालमा ००७ सालपछि मात्रै परराष्ट्र मन्त्रालय र परराष्ट्रसचिवको प्रचलन सुरु भएको हो । त्यसयता हालसम्म २४ जना परराष्ट्रसचिव भए, सबै पुरुष थिए । २४औं सचिव भरतराज पौड्यालले सरकारले क्यानडाका लागि नेपाली राजदूत सिफारिस गरेको छ । उनले २० मंसिरमा अवकाश पाएका थिए । त्यसयता निमित्त सचिव रहेकी लम्सालले अब सचिवको कार्यभार सम्हाल्नेछिन् ।

यसअघि प्राध्यापक सरदार नरेन्द्रमणि आचार्य दीक्षित, प्राध्यापक रामप्रसाद मानन्धर, मेजर जनरल शौभाग्यजंग थापा, नरप्रतापशमशेर थापा, प्राध्यापक सरदार यदुनाथ खनाल, मेजर जनरल पदमबहादुर खत्री, भरेन्द्रनारायण सिंह, भरतराज राजभण्डारी, उद्धवदेव भट्ट, जगदीशशमशेर राणा, विश्व प्रधान, नरेन्द्रविक्रम शाह, यादवकान्त सिलवाल, केदारभक्त श्रेष्ठ, कुमारप्रसाद ज्ञवाली, मुरारीराज शर्मा, नारायणशमशेर थापा, मधुरमण आचार्य, ज्ञानचन्द्र आचार्य, मदनकुमार भट्टराई, दुर्गाप्रसाद भट्टराई, अर्जुनबहादुर थापा र शंकरदास बैरागीले परराष्ट्रसचिवको कार्यभार सम्हालिसकेका छन् ।

कर्नर किक

● रवि मिश्र



राष्ट्रिय सभा उम्मेदवार बन्न नेताहरूको दौडधुप

१९ सदस्यका लागि ११ माघमा हुने निर्वाचनमा सत्तागठबन्धनका दलले आफ्ना सिट यथावत् राखेर एमालेले जितेका नौ सिटमा भागबन्डा गर्ने

अध्यक्षमा सत्तागठबन्धनबाट तीन दलकै दाबी



कृष्ण सिटौला



गोपालमान श्रेष्ठ



नारायण दाहाल



प्रमेश हमाल

मध्यपहाडी यात्राबाट फर्किएपछि मात्र एमालेले तयारी थाल्ने

(विस्तृत पृष्ठ ३)

कम्पनीहरूले मर्जर र एफपिओ लाभबाट कम्तीमा २१ अर्ब कर तिर्नुपर्ने

लाभकर तिर्नुपर्ने माग गर्दै बैंक तथा बिमा कम्पनीहरूले दायर गरेको रिट खारेज, शनिबारसम्म कर नतिरे जरिवाना

(विस्तृत पृष्ठ ९)

संघलाई दिइएको ६ महिने समयसीमा सकिन दुई दिनअघि सातै प्रदेशका मुख्यमन्त्री हेटौंडामा भेला हुँदै

हेटौंडामा **पोष्टराज अधिकारी**

संघीयता कार्यान्वयनमा देखिएका नीतिगत समस्याको गाँठो फुकाउन संघ सरकारलाई दिइएको ६ महिने समयसीमा सकिनै लाग्दा सातै प्रदेशका मुख्यमन्त्री हेटौंडामा भेला हुने भएका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा रहेको राष्ट्रिय समन्वय परिषद्को पोखरामा भएको पहिलो बैठक (१६ असार)ले गरेका ६ वटा निर्णय कार्यान्वयन नभएका वेला मुख्यमन्त्रीहरूले अन्तरप्रदेशको तेस्रो बैठकमार्फत १३ पुसमा सरकारलाई चेतावनी दिन लागेका हुन् ।

अन्तरप्रदेश बैठकमा स्थानीय तहको पनि प्रतिनिधित्व हुने

१५ असारमा मुख्यमन्त्रीको अन्तरप्रदेश बैठकले १७बुँदे साझापत्र जारी गरेको थियो भने त्यसको भोलिपल्ट प्रधानमन्त्री प्रचण्डको अध्यक्षतामा प्रदेशका मुख्यमन्त्रीहरू सम्मिलित राष्ट्रिय समन्वय परिषद्को बैठकले ६बुँदे निर्णय गरेको थियो । ६ महिनाभित्र

» पृष्ठ ११ मा क्रमशः

■ **संघीयताको गाँठो फुकाउने अन्तिम प्रयास**



गत १६ असारमा प्रधानमन्त्री प्रचण्डको अध्यक्षतामा पोखरामा बसेको प्रदेशका मुख्यमन्त्रीहरू सम्मिलित राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक । फाइल तस्बिर

मुख्यमन्त्रीहरू सम्मिलित राष्ट्रिय समन्वय परिषद्को बैठकले ६बुँदे निर्णय गरेको थियो । ६ महिनाभित्र संघीयता कार्यान्वयनमा देखिएका अस्पष्टता र दोहोरोपन हटाउने, साझा सूचीमा रहेका अधिकारसम्बन्धी कानुन निर्माणमा सहकार्य गर्ने, जनशक्ति व्यवस्थापन र राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणाली विकास गर्नेलगायत ६बुँदे निर्णय भएकामा कार्यान्वयन नभएका वेला मुख्यमन्त्रीहरूले दबाब बढाउन लागेका हुन् ।

झकझक्याउन र दबाब दिन बैठक बस्न लागेको हो

शालिकराम जम्कट्टेल
मुख्यमन्त्री, बागमती



संघीयता कार्यान्वयनमा देखिएका मुख्य समस्याको गाँठो फुकाउने सहमति भएको थियो । उक्त बैठकको निर्णय कार्यान्वयनको समयसीमा सकिँदै छ । यस विषयमा संघ सरकारलाई झकझक्याउन र दबाब दिनका लागि बैठक बस्न लागेको हो ।

अधिकार र कानुन नहुँदा चाहेर पनि काम गर्न सकिएको छैन

सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री, गण्डकी



निजामती, शिक्षा ऐन आउला भन्ने आशा थियो । अत्तोपत्तो छैन । संघीयताको नाममा प्रदेशले यसभन्दा बढी गाली खाने अवस्था अब रहँदैन, चाहँदा-चाहँदै अधिकार नहुँदा, कानुन नहुँदा काम गर्न सकिएको छैन ।

सुर्तीजन्य पदार्थ खोज्दै पसल-पसलमा महानगर प्रहरी

काठमाडौं / काठमाडौं महानगरले सुर्तीजन्य पदार्थको बिक्री-वितरणमा रोक लगाएसँग पसलहरूमा अनुगमन सुरु गरेको छ। महानगरले बिहीबार बिहानदेखि कार्यान्वयन हुने गरी सुर्ती, खैनी, गुटखा, पानपरागजस्ता मुखमा राखेर रस लिने सुर्तीजन्य पदार्थको बिक्री-वितरणमा पूर्ण रोक लगाएको हो।

उक्त निर्णय कार्यान्वयन गर्न महानगरले नगर प्रहरीको टोली किराना पसल, पान पसल र चिया पसलमा परिचालन गरेको छ। काठमाडौं महानगरपालिकाले जारी गरेको जनस्वास्थ्य ऐन, २०८० को दफा ४२ मा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री-वितरणमा रोक लगाउन वा निषेध गर्न सक्ने व्यवस्था छ। उक्त व्यवस्थाविपरीत सुर्तीजन्य पदार्थ बिक्री गरेको वा नगरेको अनुगमन गर्न महानगर प्रहरीको १०-१० जनाको समूह पूर्व, पश्चिम, मध्य र उत्तर क्षेत्रमा खटिएको छ। यस्तै, एक टोली महानगरको केन्द्रबाट खटिने उल्लेख छ।

■ सात बोरा सुर्ती, गुटखा बरामद

काठमाडौं महानगरका अनुसार पहिलो दिन सात बोराभन्दा बढी सुर्ती र गुटखा बरामद भएको छ। बिहीबार बिहान महानगर प्रहरीले बालाजु क्षेत्रबाट दुई बोरा, जडीबुटी, कोटेश्वर क्षेत्रबाट दुई झोला र मध्य र पश्चिम क्षेत्रबाट तीन बोरा सुर्तीजन्य पदार्थ बरामद गरेको छ।

पाटनको दत्तात्रय मन्दिर ललितपुर महानगरले नै पुनर्निर्माण गर्ने

पुरातत्त्व विभागले ०७९ मा विनियोजन गरेको डेढ करोड बजेट विवादका कारण फ्रिज भएको थियो

शिवहरि घिमिरे / नयाँ पत्रिका

आठ वर्षअघि गएको भूकम्पले जीर्ण बनेको ललितपुर पाटन दरबार क्षेत्रस्थित दत्तात्रय मन्दिर पुनर्निर्माण हुने भएको छ। उक्त मन्दिर ललितपुर महानगरपालिकाले नै पुनर्निर्माण गर्न लागेको हो।

यसअघि स्थानीय, पुरातत्त्व विभाग र महानगरबीच कुरा नमिल्दा मन्दिर पुनर्निर्माण हुन सकेको थिएन। मन्दिरको एकातर्फ निजी घर रहेकाले समेत पुनर्निर्माणमा समस्या भइरहेको थियो। महानगरपालिकाले उक्त घर खाली गर्न घरधनीलाई निर्देशन दिएको छ। हाल अमेरिकामा बस्दै आएका घरधनीसँग कुरा मिलिसकेकाले अब पुनर्निर्माण अघि बढ्ने महानगरले जनाएको छ। यसका लागि करिब एक करोड लागत लाग्ने र आगामी माघदेखि नै पुनर्निर्माण थाल्ने महानगरको तयारी छ।

महानगरपालिका मेयर चिरिबाबु महर्जनले उक्त मन्दिरको एकातर्फको भाग स्थानीयको घरसँग जोडिएकाले उक्त भाग खाली गर्न निर्देशन दिइसकेको बताए। 'पाटन क्षेत्रका सबैजसो सम्पदा पुनर्निर्माण गरिसक्यौं। यही दत्तात्रय मन्दिर मात्रै बाँकी छ। घरधनीसँग कुरा मिलिसकेको छ,' उनले भने, 'उहाँहरूले मन्दिरसँग जोडिएको भाग खाली गरिदिने सहमति गर्नुभएको छ, यसै वर्ष मन्दिर पुनर्निर्माण हुन्छ, उपत्यकाका तीनवटा दत्तात्रय मन्दिरमध्ये यो पनि एक हो।' यसअघि ०७९ मा स्थानीय, पुरातत्त्व विभाग र महानगरबीच मन्दिर पुनर्निर्माण कसले गर्ने भन्ने विषयमा कुरा नमिल्दा ढिलाइ भएको थियो। साथै, मन्दिरसँग घर जोडिएको घरधनी अमेरिकामा बस्ने भएकाले पनि सबै पक्षसँग कुरा मिलाउन गाह्रो भएको मेयर महर्जनको भनाइ छ।



यो मल्लकालीन मन्दिर हो। ०७२ सालको भूकम्पबाट भत्किएका यहाँका कृष्ण मन्दिर, भीमसेन मन्दिर, चार नारायण मन्दिर, विश्वरूपा मन्दिर, दुईवटा मल्लकालीन पाटी पुनर्निर्माण भइसकेका छन्। दरबार क्षेत्रमै अवस्थित भाइदेग मन्दिर (१९९० सालको भूकम्पमा भत्किएको) पनि ७० प्रतिशतभन्दा बढी पुनर्निर्माण कार्य भइसकेको छ।

मंगलबजारका राजु ताम्राकारका अनुसार स्थानीयको घरले समेत मन्दिरको केही भाग अतिक्रमण गरेकाले त्यसलाई हटाउन पहल हुँदै आइरहेको बताए। दत्तात्रय मन्दिर स्थानीय व्यक्तिले बनाएको घरको चेपुवामा परेको छ,' उनले भने, 'घरधनीले मन्दिरको एकापट्टिको छानोसमेत भत्काएका छन्, यसलाई पुरानै अवस्थामा लैजान आवश्यक छ।' महानगरपालिकाले अतिक्रमण गरेको मन्दिरको भाग खाली गरिदिन निर्देशन दिएपछि स्थानीय व्यक्ति सहमत भइसकेका छन्। हाल मन्दिरमा रहेको महादेवको मूर्तिलाई जस्तापाताले छोपिएको छ। मन्दिर परिक्रमा गर्ने बाटो पनि बन्द छ। सामुन्ने अग्ला घर ठडिएका छन्। रेखदेख नहुँदा मन्दिरमा प्रयोग भएका कामसूत्रका टुँडाल चोरी भएको स्थानीय ताम्राकारको भनाइ छ। स्थानीय सुदर्शन महर्जनका अनुसार मल्लकालीन समयताका मठमन्दिर संरक्षणका लागि यहाँ पुरी समुदायलाई राखिएको थियो। तर, अहिले तिनै समुदायका व्यक्तिले बनाएको घरले मन्दिरको छानो खसेको छ। यो मन्दिरको नजिकै एउटा मल्लकालीन पाटी पनि थियो। तर, त्यो पाटी भएको ठाउँमा व्यक्तिको घर बनेको छ। हरेक वर्ष ३ पुसमा दत्तात्रय मन्दिरमा स्थानीयवासीले धूमधामसँग पूजाआजा गर्ने चलन पनि छ।

पुनर्निर्माण यसै वर्ष सकिन्छ



● चिरिबाबु महर्जन
मेयर, ललितपुर महानगरपालिका

पाटन क्षेत्रका सबैजसो सम्पदा पुनर्निर्माण गरिसक्यौं। तर, दत्तात्रय मन्दिर भने बाँकी छ। विवाद मिलिसकेकाले अब यसै वर्ष मन्दिर पुनर्निर्माण हुन्छ।

त्यसो त पुरातत्त्व विभागले मन्दिर पुनर्निर्माणका लागि भनेर ०७८/७९ मा डेढ करोड बजेट छुट्याएको थियो। तर, उक्त बजेटसमेत फ्रिज भयो। विभागका अनुसार मन्दिर स्थानीय, उपभोक्ता, उद्योग वाणिज्य संघ, ललितपुर महानगरमध्ये कसलाई पुनर्निर्माणको जिम्मेवारी दिने भन्नेबारे विवाद भएपछि उक्त बजेट फ्रिज भएको थियो। यस वर्ष भने पुरातत्त्वले सो बजेट कटौती गरेको छ।

संक्षेपमा उपत्यका

सिंहदरबार : सर्वोच्च अदालतले निजी स्वामित्वको घरजग्गामा पार्किङ दस्तुर उठाउन नपाउने काठमाडौं महानगरपालिकाको निर्णयलाई बदर गरेको छ। प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू डा. आनन्दमोहन भट्टराई, सपना प्रधान मल्ल, सुष्मालता माथेमा र कुमार रेग्मीको संवैधानिक इजलासले यही २० मंसिरमा गरेको लिखित आदेश सार्वजनिक गर्दै उक्त निर्णय बदर गरेको हो।

कुलेश्वर : काठमाडौं महानगरपालिका-१४, कुलेश्वर डेरा गरी बस्ने भारत बिहार घर भएका २६ वर्षीय मुकेश कुमारको कोठामा जुवातास खेलिरहेको अवस्थामा कुमारसहित ६ जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद एक लाख २१ हजार रुपैयाँ र तीन बुक तासससहित पक्राउ गरी आवश्यक अनुसन्धान गरिरहेको छ।

विमानस्थल : अवैध रूपमा लुकाइछिपाई भन्सार छली लैजान लागेको एक सय ७० ग्राम सुनसहित भारतीय नागरिक ५० वर्षीय जितेन्द्र मुलचन्द बाबालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ। एयर अरेबियाको उडानद्वारा सारजाहबाट काठमाडौं आएका उनको साथबाट टाँक तीन थान, सिक्री एक थान र पत्थरजडित औंठी एक थानसहित नियन्त्रणमा लिइएको हो।

कमलादी : २९औं महानगर दिवसको सन्दर्भमा आयोजित महानगरपालिकास्तरीय बाँसुरीवादन प्रतियोगिता (बाँसुरी खलः धें धें बल्ला कासा)मा वडा नम्बर २६ को थवही ल्यायम्ह पुचः मचा कवको समूहले प्रथम स्थान हासिल गरेको छ। राष्ट्रिय सभागृहमा बुधबार आयोजित कार्यक्रममा वडा नम्बर १६ को श्री श्वेत विनायक बाँसुरी ल्हुति संरक्षण समितिको समूह दोस्रो र वडा नम्बर २० को अशोक विनायक व्यवस्थापन समाजको समूहले तेस्रो स्थान प्राप्त गरेको छ।

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालयः
बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन : ०१-४५४२४६१/६२/६३

तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने जरूरी सूचना

(सूचना प्रकाशित मिति : २०८०/०८/२९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाको तपसिलको शाखा कार्यालयबाट ऋण कर्जा उपभोग गरी आएका तपसिलमा उल्लेखित ऋणीहरुले कर्जा लिदाँका बखत गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरी संस्थालाई समय-समयमा तिर्नु बुझाउनु पर्ने रकम भाखा अवधि भित्र चुक्ता भुक्तान नगरी बारम्बार लिखित तथा मौखिक तरताकेता गरी जानकारी गराउँदा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले **३५ दिन भित्र** संस्थामा सम्पर्क राखि संस्थालाई तिर्न बुझाउन बाँकी रहेको सम्पूर्ण सावाँ, ब्याज, हर्जाना तथा अन्य दे-दस्तुर रकम समेत चुक्ता फर्छ्यौट गर्न/गराउन सम्बन्धित ऋणी, फर्मका प्रोप्राईटर, जमानीकर्ता तथा धितो सुरक्षण लेखि दिनु हुने जग्गाधनी समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। उपरोक्त समय अवधि भित्र पनि संस्थाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरे/नगराएमा नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकिकृत निर्देशन बमोजिम तपाई ऋणी, फर्मका प्रोप्राईटर तथा जमानीकर्ता समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा सूचिकृत गरी कर्जा लिदाका बखत धितो सुरक्षणमा लेखि लेखाई दिएको श्रीसम्पत्ति तथा जायजेथा कानून बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपरका लागि आवश्यक कानूनी कारबाही प्रारम्भ गरिने व्यहोरा जानकारी गराइन्छ। सुरक्षणमा रहेको श्रीसम्पत्तिबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा जमानीकर्ताहरुको घरघरानामा रहेको अन्य चल-अचल जायजेथा/श्रीसम्पत्ती समेतबाट कानून बमोजिम असुल उपर गरिने व्यहोरा यसै सूचना मार्फत सूचित गरिन्छ।

तपसिल :

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
१.ऋणीको नामः रमेश डंगोल बाबुको नाम : पुन नारायण डंगोल बाजेको नामः जोगविर डंगोल ठेगानाः काठमाडौं म.न.पा वडा नं ५, हाडिगाउ, काठमाडौं ना.प्र.नं.: २३५७, जारी मितिः २०४५।०५।२७, जारी जिल्लाः काठमाडौं **कर्जा शिर्षकः अटो कर्जा** **शाखा कार्यालय : मुख्य शाखा**	**क) नामः सुजिना डंगोल** बाबुको नामः कुल नारायण डंगोल बाजेको नामः पुन नारायण डंगोल ठेगानाः काठमाडौं म.न.पा वडा नं ५, हाडिगाउ, काठमाडौं ना.प्र.नं.: २७-०१-७३-१४०१३ जारी मितिः २०७३।१०।१३, जारी जिल्लाः काठमाडौं
सुरक्षण धितोको विवरण : यस वित्तीय संस्थाको नाममा दर्ता भई ऋणी **रमेश डंगोल** कायम रहे को निम्न अनुसारको सवारी थान १। **दर्ता नंः बा ६ च ८६०५**, मोडलः Toyota RAV4 Jeep, इन्जिन नः 2AZH-237318, च्यासिस नः JTMBD33V505220890	

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
२.ऋणीको नामः सुरज बस्नेत बाबुको नाम : अर्जुन बस्नेत बाजेको नामः बुद्धि बहादुर बस्नेत ठेगानाः चन्द्रागिरी न.पा वडा नं १५, काठमाडौं ना.प्र.नं.: १२४६, जारी मितिः २०४९।०५।०५ जारी जिल्लाः काठमाडौं **कर्जा शिर्षकः पेशागत आवधिक कर्जा** **शाखा कार्यालय : मुख्य शाखा**	**क) नामः रोहित कुमार श्रेष्ठ** बाबुको नामः मोति कृष्ण श्रेष्ठ बाजेको नामः हरिलाल श्रेष्ठ ठेगानाः काठमाडौं न.पा वडा नं २९, काठमाडौं हालः ११२, एराहिटी, वनस्थली, काठमाडौं ना.प्र.नं.: २६२४।५।१।५२ जारी मितिः २०५१।०६।१९, जारी जिल्लाः काठमाडौं
सुरक्षण धितोको विवरण : श्री रोहित कुमार श्रेष्ठको ऋण रकम बराबरको व्यक्तिगत धनजमानी।	

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
३.ऋणीको नामः शालिकराम पन्थी बाबुको नामः चेतराम पन्थी भन्ने चेत नारायण पन्थी बाजेको नामः चिन्तामणी पन्थी ठेगानाः रेसुङ्ग न.पा वडा नं १, गुल्मी हालः काठमाडौं म.न.पा वडा नं २९, काठमाडौं ना.प्र.नं.: ४७३०९, जारी मितिः २०६१।११।२३, जारी जिल्लाः गुल्मी **कर्जा शिर्षकः पेशागत आवधिक कर्जा** **शाखा कार्यालय : मुख्य शाखा**	**क) नामः अम्बीका ज्ञवाली** बाबुको नामः गुणनिधी ज्ञवाली बाजेको नामः ईश्वरी प्रसाद ज्ञवाली ठेगानाः बलेटक्सार वडा न २, गुल्मी हालः रेसुङ्ग न.पा वडा नं १, तम्घास ना.प्र.नं.: ४१३०२१।८८ जारी मितिः २०६३।१०।१५, जारी जिल्लाः गुल्मी
सुरक्षण धितोको विवरण : श्री अम्बीका ज्ञवालीको ऋण रकम बराबरको व्यक्तिगत धनजमानी।	

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
४. क) ऋणीको नामः श्री जी एण्ड गुरांस मोटरसाइकल वर्कसप दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय गण्डकी प्रदेश, कास्कीमा दर्ता नं.: १८२४०/०७७/०७८, दर्ता मितिः २०७७/०८/०७ स्थायी लेखा नम्बरः ६१४३३२८७२ दर्ता मितिः २०७७/०८/१४ ठेगानाः पोखरा म.न.पा वडा न. ०५, पर्स्याङ, कास्की **प्रोप्राइटर तथा जमानीकर्ताको नाम : गंगा देवी रिमाल** पतिको नामः गोकुल रिमाल ससुराको नामः राम प्रसाद रिमाल ठेगानाः पोखरा लेखनाथ म.न.पा -०५, कास्की ना.प्र.नं.: ४६१००१।३०४२, जारी मितिः २०६७।०७।११ जारी जिल्ला : कास्की **ख) ऋणी तथा जमानीकर्ताको नामः गोकुल रिमाल** बाबुको नामः राम प्रसाद रिमाल बाजेको नामः टिका प्रसाद रिमाल ठेगानाः चारघरे -०९, नुवाकोट ना.प्र.न. ३६३९५, जारी मितिः २०५०/११/१७ जारी जिल्लाः नुवाकोट **कर्जा शिर्षकः क) सहुलियतपुर्ण महिला उद्यमी कर्जा ख) हायर पर्चेज कर्जा र आवास कर्जा** **शाखा कार्यालयः पोखरा शाखा**	**क) नामः गौतम रिमाल** बाबुको नामः गोकुल रिमाल बाजेको नामः राम प्रसाद रिमाल ठेगानाः पोखरा उ.म.न.पा -०५, कास्की ना.प्र.नं.४६-०१-७२-०८४८३ जारी मितिः २०७२/१०/१७, जारी जिल्लाः कास्की **ख) नामः गौरव रिमाल** बाबुको नामः गोकुल रिमाल बाजेको नामः राम प्रसाद रिमाल ठेगानाः पोखरा उ.म.न.पा -०५, कास्की ना.प्र.नं.४६-०१-७२-०८४८३ जारी मितिः २०७२/१०/१७, जारी जिल्लाः कास्की **ग) नामः समिक्षा ढकाल** पतिको नामः गौतम रिमाल ससुराको नामः गोकुल रिमाल ठेगानाः शुक्ला गण्डकी न.पा -०१, तनहुँ ना.प्र.नं.४३-०१-७३-०९३७५ जारी मितिः २०७३/११/१९, जारी जिल्लाः तनहुँ **घ) नामः भिम प्रसाद गौतम** बाबुको नामः टंक प्रसाद गौतम बाजेको नामः चतुराखर गौतम ठेगानाः शुक्ला गण्डकी न.पा -११, तनहुँ ना.प्र.नं.५४१७६, जारी मितिः २०५८/१२/१३ जारी जिल्लाः तनहुँ
सुरक्षण धितोको विवरण : **क) घरजग्गा को विवरणः** तेज बहादुर ढकालको नातीनी कृष्ण बहादुर ढकालको छोरी समिक्षा ढकालको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला उदेनडुङ्गा गा.वि.स वडा नं.२ स्थित कि.नं. ३४१ जम्मा क्षेत्रफल १०५.३३ वर्ग मिटर को जग्गा र उक्त जग्गाले चर्चेको लिगलिगापात समेत। **ख) सावारी साधनको विवरणः** यस संस्थाको नाममा गण्डकी अञ्चल यातायात कार्यालय पोखरा कास्कीमा दर्ता कायम रहि ऋणी गोकुल रिमाल कायम रहेको निम्न अनुसारको ट्रक १ थान। **सवारी दर्ता नं. ग २ ख १७७**, ईन्जीन न.E613CDGC072473, चेसीस न.:MC2L1KRF0GC008731	

नोटः ऋणी श्री जी एण्ड गुरांस मोटरसाइकल वर्कसपको जमानीकर्ता गोकुल रिमाल, गंगा देवी रिमाल, गौतम रिमाल र समिक्षा ढकाल रहेको र ऋणी गोकुल रिमालको हायर पर्चेज कर्जा र आवास कर्जामा जमानीकर्ता गंगा देवी रिमाल, गौतम रिमाल, गौरव रिमाल, समिक्षा ढकाल र भिम प्रसाद गौतम रहेको।

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
५. **क) ऋणीको नामः पार्वती सटरिङ्ग सेवा** दर्ता भएको कार्यालयः कन्चन गाउँपालिका वडा नं. २ कार्यालय रुपन्देहीमा, दर्ता नं. : १४३, दर्ता मिती :२०७६/०२/०६ स्थायी लेखा नम्बरः ६१०६८३५७८, दर्ता मितिः २०७६/०२/०७ फर्मको ठेगानाः कन्चन गाउँपालिका वडा नं. २, रुपन्देही **प्रोप्राइटरको नाम : जग नारायण चौधरी** **ख) ऋणीको नामः जग नारायण चौधरी** बाबुको नामः वासुदेव चौधरी बाजेको नामः बन्चराम चौधरी ठेगानाः गजेडी गा.वि.स.४ हालः कन्चन गाउँपालिका वडा नं. २, रुपन्देही ना.प्र.प.नं.: २४७४९, जारी मितिः २०५६/०५/१५, जारी जिल्ला : कपिलवस्तु **ग) ऋणीको नामः पार्वती चौधरी** पतिको नामः जग नारायण चौधरी ससुराको नामः वासुदेव चौधरी ठेगानाः गजेडी गा.वि.स.४ हालः कन्चन गाउँपालिका वडा नं. २, रुपन्देही ना.प्र.नं. ३७२०३८/५७३०५ जारी मितिः २०६६/१०/२४, जारी जिल्लाः रुपन्देही **कर्जा शिर्षक : क) व्यापार र अन्य कर्जा ख) कृषि कर्जा ग) कृषि र अन्य कर्जा** **शाखा कार्यालय : अमरपथ**	**क) नामः जग नारायण चौधरी** बाबुको नामः वासुदेव चौधरी बाजेको नामः बन्चराम चौधरी ठेगानाः गजेडी गा.वि.स.४ हालः कन्चन गाउँपालिका वडा नं. २, रुपन्देही ना.प्र.प.नं.: २४७४९, जारी मितिः २०५६/०५/१५ जारी जिल्ला : कपिलवस्तु **ख) नामः पार्वती चौधरी** पतिको नामः जग नारायण चौधरी ससुराको नामः वासुदेव चौधरी ठेगानाः गजेडी गा.वि.स.४ हालः कन्चन गाउँपालिका वडा नं. २, रुपन्देही ना.प्र.नं. ३७२०३८/५७३०५ जारी मितिः २०६६/१०/२४, जारी जिल्लाः रुपन्देही **ग) नामः सरोज चौधरी** बाबुको नाम : जग नारायण चौधरी बाजेको नामः वासुदेव चौधरी ठेगानाः कन्चन गाउँपालिका वडा नं. २, रुपन्देही ना.प्र.नं. ३७/०२/७५/०२९२० जारी मितिः २०७५/०४/०३ जारी जिल्लाः रुपन्देही
सुरक्षण धितोको विवरण : **क)** श्री बन्चराम चौधरीको नाति वासुदेव चौधरीको छोरा जग नारायण चौधरीको नाममा मालपोत कार्यालय बुटवलमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला गजेडी गा.वि.स वडा नं. ४ स्थित कि.नं. ३२६ को क्षेत्रफल २११५ व.मी को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत। **ख)** श्री बन्चराम चौधरीको नाति वासुदेव चौधरीको छोरा जग नारायण चौधरीको नाममा मालपोत कार्यालय बुटवलमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला गजेडी गा.वि.स वडा नं. ४ स्थित कि.नं. १३५ को क्षेत्रफल १९०.७ व.मी को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत। **ग)** यस बेष्ट फाईनान्स कम्पनी लिमिटेडको नाममा दर्ता रही ऋणी पार्वती चौधरी कायम रहेको निम्न अनुसारको टेक्टर १ थान। **दर्ता नं. लु ४ त ५१८७**, ईन्जीन नं. S325J88858, चेसिस नं. NHN323008ZJK446601	

नोटः ऋणी पार्वती सटरिङ्ग सेवाको जमानीकर्ता जग नारायण चौधरी, पार्वती चौधरी र सरोज चौधरी रहेको, ऋणी जग नारायण चौधरीको जमानीकर्ता पार्वती चौधरी रहेको र ऋणी पार्वती चौधरी जमानीकर्ता जग नारायण चौधरी रहेको।

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
६. ऋणीको नामः श्री नमुना भैसी फार्म दर्ता गर्ने निकायः घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर रुपन्देहीमा दर्ता नं.१९२९४/०७६।०७७, दर्ता मितिः २०७६/०७/२९ स्थायी लेखा नम्बरः ६०८४८९५९७, दर्ता मितिः २०७५/०६/०७ ठेगाना : रोहिणी गा.पा.वडा नं.०३, रुपन्देही **प्रोप्राइटर तथा जमानीकर्ताको नामः शिवपुजन यादव** बाबुको नामः सन्तराम यादव बाजेको नामः मदारी यादव ठेगानाः पजरकट्टी ०९, रुपन्देही हालः रोहिणी गा.पा.वडा नं.०७, रुपन्देही ना.प्र.नं.: २७५३, जारी मितिः २०५२/१२/०४ जारी स्थान : रुपन्देही **कर्जा शिर्षक : कृषि कर्जा** **शाखा कार्यालय : अमरपथ, बुटवल** **संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण** **क) नामः सुभावती अहिर यादव** पतिको नामः शिवपुजन यादव ससुराको नामः सन्तराम यादव स्थायीः पजरकट्टी ०९, रुपन्देही हालः रोहिणी गा.पा.वडा नं.०७, रुपन्देही ना.प्र.नं.: ३७३०१२/३१२ जारी मितिः २०६३/१२/१५, जारी जिल्लाः रुपन्देही **ख) नामः सन्तराम यादव** बाबुको नामः मदारी यादव बाजेको नामः जगदेश यादव स्थायी : पजरकट्टी ०५, रुपन्देही हाल : रोहिणी गा.पा.वडा नं.०७, रुपन्देही ना.प्र.नं.: ४७३११ जारी मितिः २०३६/०८/०४, जारी जिल्लाः रुपन्देही	**ग) नामः राममुरत यादव** बाबुको नामः सन्तराम यादव बाजेको नामः मदारी यादव स्थायी : पजरकट्टी ०९, रुपन्देही हाल : रोहिणी गा.पा.वडा नं.०७, रुपन्देही ना.प्र.नं.: १५४६० जारी मितिः २०६०/०५/२३ जारी जिल्लाः रुपन्देही **घ) नामः इश्वावती अहिरनी** पतिको नामः सन्तराम यादव ससुराको नामः मदारी यादव स्थायी : पजरकट्टी ०९, रुपन्देही हाल : रोहिणी गा.पा.वडा नं.०७, रुपन्देही ना.प्र.नं.: ९।२५९, जारी मितिः २०४४/१२/१४ जारी जिल्लाः रुपन्देही **ङ) नामः अमेरिका यादव** बाबुको नामः सन्तराम यादव बाजेको नामः मदारी यादव स्थायीः पजरकट्टी ०९, रुपन्देही हालः रोहिणी गा.पा.वडा नं.०७, रुपन्देही ना.प्र.नं.: १५५९१, जारी मितिः २०६१/१२/३० जारी जिल्लाः रुपन्देही **च) नामः शिवमुरत यादव** बाबुको नामः सन्तराम यादव बाजेको नामः मदारी यादव स्थायी : पजरकट्टी ०९, रुपन्देही हाल : रोहिणी गा.पा.वडा नं.०७, रुपन्देही ना.प्र.नं.: १५४३६, जारी मितिः २०६०/०५/१७ जारी जिल्लाः रुपन्देही
सुरक्षण धितोको विवरण : **क)** जगदेव यादवको नाति मदारी यादवको छोरा सन्तराम यादवको नाममा मालपोत कार्यालय रुपन्देही भैरहवामा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला पोखरभिण्डी/धकधई गा.वि.स वडा नं.७क स्थित कि.नं. ६५२, ६३६, ६५१, ६५३, ६४८, ६५४ को जम्मा क्षेत्रफल ०-१-१५.७५ विगाहा को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत। **ख)** यस बेष्ट फाईनान्स कम्पनी लिमिटेडको नाममा दर्ता रही ऋणी शिव पुजन यादव कायम रहेको निम्न अनुसारको टेक्टर १ थान। **दर्ता नं. लु ४ त ५३७३**, ईन्जीन नं. S325K36625, चेसिस नं. 928213050966	

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
७. ऋणीको नामः मोहन कुमार श्रेष्ठ बाबुको नामः टेक बहादुर श्रेष्ठ बाजेको नामः काजीमान ठेगानाः अग्यौली गा.वि.स. वडा नं.-७ नवलपरासी हालः कावासोती न.पा.-१४, नवलपरासी (ब.सु.पु) ना.प्र.नं.:३६४२३४३, जारी मितिः २०४१/१२/१४ जारी जिल्लाः नवलपरासी **कर्जा शिर्षकः कृषि कर्जा** **शाखा कार्यालयः कावासोती**	**क) नामः विष्णु माया श्रेष्ठ** बाबुको नामः काजीमान श्रेष्ठ पतिको नामः मोहन कुमार श्रेष्ठ ससुराको नामः टेक बहादुर श्रेष्ठ ठेगानाः अग्यौली गा.वि.स. वडा नं.-७ नवलपरासी हालः कावासोती न.पा.-१४, नवलपरासी (ब.सु.पु) ना.प्र.नं. ३३२२०, जारी मितिः २०४६/०२/१३ जारी जिल्लाः नवलपरासी (ब.सु.पु) **ख) नामः शिव कुमार श्रेष्ठ** बाबुको नामः मोहन कुमार श्रेष्ठ बाजेको नामः टेक बहादुर श्रेष्ठ ठेगानाः अग्यौली गा.वि.स. वडा नं.-७ नवलपरासी हालः कावासोती न.पा.-१४, नवलपरासी (ब.सु.पु) ना.प्र.नं. ४१९५२, जारी मितिः २०६१/१२/०९ जारी जिल्ला : नवलपरासी (ब.सु.पु)
सुरक्षण धितोको विवरण : काजीमानको नाति टेक बहादुर श्रेष्ठको छोरा मोहन कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको, जिल्ला नवलपरासी गा.वि.स. अग्यौली वडा नं ३घ स्थित कि.नं ४६०, ४५८, को जम्मा क्षेत्रफल क्रमशः ०-०-१४.२५ र ०-०-४.२५ को जग्गा र घर उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०।०८।२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छायो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला।उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ।कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरूको प्

राष्ट्रिय सभा उम्मेदवार बन्न नेताहरूको दौडधुप

१९ सदस्यका लागि ११ माघमा हुने निर्वाचनमा सत्तागठबन्धनका दलले आफ्ना सिट यथावत् राखेर एमालेले जितेका नौ सिटमा भागबन्डा गर्ने



● **फर्मुल्लाह मन्सुर**, सहमहामन्त्री, कांग्रेस

गठबन्धनबाट कति सिट कांग्रेसले पाउने विषय अलग छ। गठबन्धन दलबीचको छलफलबाट टुंगो लाग्छ। कांग्रेसले आफैंले गर्नुपर्ने तयारी र उम्मेदवारको विषयमा कार्यसम्पादन समिति बैठकमा छलफल हुन्छ।



● **अग्निप्रसाद सापकोटा**
उपाध्यक्ष एवं प्रवक्ता, माओवादी

गठबन्धनबाटै चुनाव लड्ने सुनिश्चित छ। सिट बाँडफाँटबारे औपचारिक रूपमा छलफल भइसकेको छैन। गठबन्धन दलहरूको बैठक बसेर औपचारिक रूपमा टुंग्याउँछौं।



● **राजेन्द्र पाण्डे**, उपाध्यक्ष
एकीकृत समाजवादी

गठबन्धन दलको सिट सुरक्षित गर्दै अन्य सिट बाँडफाँट हुन्छ। कुन दललाई कति सिट भन्ने टुंगो लागिसकेको छैन।



प्रेम गौतम, केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

आगामी ११ माघमा हुने राष्ट्रिय सभामा रिक्त २० सांसदको निर्वाचनका लागि उम्मेदवार बन्न सत्तारूढ दलमा आकांक्षीको दौडधुप सुरु भएको छ। शीर्ष तहमा सम्बन्धित दलले जितेको सिट यथावत् राखेर एमालेले जितेका नौ सिटमा भागबन्डा गरिने भएको छ। यद्यपि, हालसम्म गठबन्धनमा औपचारिक छलफल भने भइसकेको छैन। दलहरूले आन्तरिक छलफल गरेर पुसको पहिलो साता गठबन्धनको बैठकमा राष्ट्रिय सभा निर्वाचनबारे औपचारिक छलफल गर्ने नेताहरूले बताएका छन्।

राष्ट्रपतिबाट मनोनीत भएको एक, बागमतीमा चार, गण्डकी, कर्णाली र सुदूरपश्चिममा तीन-तीन तथा कोशी, मधेश र लुम्बिनीमा दुई-दुई गरी २० सिट रिक्त हुँदै छ। १९ सिटका लागि आगामी ११ माघमा निर्वाचन हुँदै छ। एक सिट सरकारको सिफारिसमा राष्ट्रपतिले मनोनीत गर्नेछन्। एमालेबाट मनोनीतसहित नौ सांसदको म्याद सकिँदै छ। कांग्रेसबाट चार, माओवादीबाट तीन, एकीकृत समाजवादीबाट एक स्वतन्त्रसहित तीन र जसपाका एक सांसदको समयावधि सकिँदै छ।

एमालेका नौ सांसदको स्थानमा गठबन्धन दलले भागबन्डा गर्ने तयारी छ। तर, दलका दाबी धेरै छन्। नेताहरूका अनुसार कांग्रेसले थप सात, माओवादी र एकीकृत समाजवादीले थप पाँच-पाँच र जसपाले थप एक सिट दाबी गरेका छन्। गठबन्धनमा आबद्ध नागरिक उन्मुक्ति पार्टीले पनि एक सिट दाबी गरेको छ। त्योभन्दा पनि धेरै दलभित्र आकांक्षी छन्। दलका पदाधिकारीलाई भेटेरै र फोनमार्फत आकांक्षा देखाउने संख्या दर्जनौं छ। 'दर्जनौं नेताले आकांक्षा देखाउनुभएको छ। भेटेरै र फोनमार्फत पनि आकांक्षा राख्नुभएको छ,' माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले भने। विचारको विकासमा अध्यक्षलाई सहयोग गर्न लागिपर्ने उनले बताए। माओवादीले ३ पुसमा पदाधिकारी बैठक बोलाएको छ।

'गठबन्धनबाट कति सिट कांग्रेसले पाउने विषय अलग छ। गठबन्धन दलबीचको छलफलबाट टुंगो लाग्छ। कांग्रेस आफैंले गर्नुपर्ने तयारी र उम्मेद्वारको विषयमा कार्यसम्पादन समिति बैठकमा छलफल हुन्छ। स्वाभाविक रूपमा कांग्रेसमा धेरै योग्य र योगदान गरेका साथीहरू हुनुहुन्छ। पार्टीले आवश्यकता र औचित्यतालाई हेरेर उम्मेदवार छनोट गर्नेछ,' कांग्रेस सहमहामन्त्री फर्मुल्लाह मन्सुरले भने।

'गठबन्धनबाटै चुनाव लड्ने सुनिश्चित छ। सिट बाँडफाँटबारे औपचारिक रूपमा छलफल भइसकेको छैन,' माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले भने, 'गठबन्धन दलहरूको बैठक बसेर औपचारिक रूपमा टुंग्याउँछौं।'

एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले गठबन्धनबाटै चुनाव लड्ने भए पनि सिट बाँडफाँटबारे टुंगो लाग्न बाँकी रहेको बताए। 'गठबन्धन दलको सिट सुरक्षित गर्दै अन्य सिट बाँडफाँट हुन्छ। कुन दललाई कति सिट भन्ने टुंगो लागिसकेको छैन,' उनले भने।

कांग्रेसबाट कृष्ण सिटौला र गोपालमान श्रेष्ठसहितका शीर्ष नेताहरू मुख्य दाबेदारका रूपमा देखिएका छन्। स्रोतका अनुसार कांग्रेसबाट सिटौलालाई राष्ट्रिय सभा अध्यक्ष बनाउने गरी अगाडि सार्ने तयारी भइरहेको छ। राष्ट्रिय सभा निर्वाचनका विषयमा छलफलको एजेन्डासहित कांग्रेसले शुक्रबार कार्यसम्पादन समिति बैठक बोलाएको छ। सहमहामन्त्री फर्मुल्लाह मन्सुरले आकांक्षी धेरै देखिए पनि बैठकबाट आवश्यकता र औचित्यताका आधारमा उम्मेदवार छनोट हुने बताए। उनले गठबन्धनमा छलफल हुन बाँकी रहेको र कांग्रेसबाट तयारीका विषयमा कार्यसम्पादन समिति बैठकमा छलफल हुने बताए।

प्रतिनिधिसभाको समानुपातिक सूचीमा रहेर पनि छनोटमा नपरेपछि सूचीबाट नाम हटाएका श्रेष्ठले राष्ट्रिय सभा अध्यक्षको आकांक्षा राख्दै आएका छन्। पूर्वउपसभापतिसमेत रहेका श्रेष्ठ आफ्नो योगदान र क्षमतालाई पार्टीले मूल्यांकन गर्ने विश्वास रहेको बताउँछन्। 'राष्ट्रिय सभा निर्वाचन आउँदै छ। पार्टी र देशका लागि योगदान गरेको छु, योग्य पनि छु। पार्टीले मूल्यांकन गर्नेछ भन्ने लाग्छ,' श्रेष्ठले भने। यसबाहेक कांग्रेसबाट आनन्द ढुंगाना, बलबहादुर केसी, अब्दुल सतार, सहमहामन्त्री मन्सुर, सभापति शेरबहादुर देउवा प्रधानमन्त्री रहँदा परराष्ट्र सल्लाहकार रहेका अरुण सुवेदीलगायत पनि आकांक्षी छन्। डा. गोविन्दराज पोखरेल, भूपेन्द्रजंग शाही, मनोजमणि आचार्य, किरण कोइरालालगायतको नामबारे पनि कांग्रेसवृत्तमा चर्चा छ।

बुधबार कांग्रेसको शेखर-गगन समूहको भेलाले पटक-पटक अवसर पाएकालाई राष्ट्रिय सभामा रोक्न दबाब दिने निर्णय गरेको थियो। इतरले आफ्नो समूहबाट नाम र संख्या नतोकी मापदण्ड बनाएर उम्मेदवार छनोटका लागि दबाब दिने तयारी गरेको छ।

माओवादीका आकांक्षीमा कोशीबाट चम्पा कार्की, मधेशबाट लीलामणि पोखरेल, विश्वनाथ साह, प्रह्लाद बुढाथोकी, गण्डकीबाट महासचिव देव गुरुङ छन्। यद्यपि, गुरुङ आफैंले भने इच्छा व्यक्त गरेका छैनन्। लुम्बिनीबाट कुवेर वली र डोरप्रसाद उपाध्यायलगायत आकांक्षी छन्। अजयशंकर नायक र रामनारायण बिडारीले पनि आकांक्षा देखाएका छन्। सबैभन्दा धेरै आकांक्षी सुदूरपश्चिमबाट छन्। देवराज रेग्मी, रेणु चन्द, प्रेमबहादुर बयत, लोकेन्द्र लम्साल, गोपाल चन्द, टीकाराम जैसी, देवीलाल चौधरी, अजित थारू, दीपेन्द्र रावललगायत आकांक्षी छन्।

एकीकृत समाजवादीबाट प्रमेश हमाल, घनेन्द्र बस्नेत, गंगालाल तुलाधर, गणेश विक, सावित्रा भुसाल र दिलु पन्त मुख्य दाबेदार छन्। समाजवादीमा अवसर नपाएकालाई राष्ट्रिय सभामा लैजानुपर्ने मत बलियो छ। पार्टी निर्माणकै क्रममा रहेकाले जनप्रतिनिधि नभएको प्रदेशलाई प्राथमिकतामा राखेर अगाडि बढ्दा पार्टीलाई राम्रो हुने मत बलियो छ। समाजवादीले पुस पहिलो साता सचिवालयको बैठक बोलाएको छ। बैठकमा विधान संशोधन प्रस्तावका साथै राष्ट्रिय सभा निर्वाचनको विषयमा पनि छलफल हुनेछ।

■ २० फागुनमा को-को बिदा हुँदै छन् ?

गोलाप्रथाबाट ६ वर्षे पदावधि प्राप्त गरेका सांसदहरूको कार्यकाल आगामी २० फागुनमा सकिँदै छ। एमालेबाट निर्वाचित राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, प्रमुख सचेतक भैरवसुन्दर श्रेष्ठ, राष्ट्रिय सरोकार तथा समन्वय समिति सभापति दिलकुमारी रावल थापा, इन्दु कडरिया, कुमार दर्सौंदी, दीपा गुरुङ, नरपति लुहार, रामचन्द्र राई छन्। कांग्रेसबाट संसदीय दलका नेता रमेशजंग रायमाझी, प्रमुख सचेतक अनिता देवकोटा, दिगो विकास तथा सुशासन समिति सभापति प्रकाश पन्थ र जितेन्द्रनारायण देव छन्। माओवादीबाट विना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरी छन्। एकीकृत समाजवादीबाट भौतिक पूर्वाधार राज्यमन्त्री नन्दा चपाईं र सिंहबहादुर विश्वकर्मा छन्। जसपाबाट शिक्षा राज्यमन्त्री प्रमिलाकुमारी यादव छिन्। राष्ट्रपतिबाट मनोनीत विमला राई पौड्याल र स्वतन्त्र सांसद खिमलाल देवकोटाको पनि कार्यकाल सकिँदै छ। देवकोटा कलम चिह्न लिएर गठबन्धनबाट निर्वाचित भएका थिए।

■ बिहीबारसम्म १० दल दर्ता, कांग्रेस बाँकी

राष्ट्रिय सभा निर्वाचनका लागि बिहीबारसम्म १० वटा दल दर्ता भएका छन्। जसमा एमाले, माओवादी, राप्रपा, जसपा, जनमत, लोसपा, नागरिक उन्मुक्ति, जनमोर्चा, नेमकिपा, नेपाल समाजवादी पार्टी रहेको सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए। उनका अनुसार कांग्रेस अझै दर्ता भएको छैन। दल दर्ताको समय शुक्रबारसम्म छ। आयोगले अन्तिम मतदाता नामावली ५ पुसमा सार्वजनिक गर्नेछन्। यसैगरी, सातवटै प्रदेशमा निर्वाचन अधिकृतको कार्यालय खोल्न न्यायपरिषद्सँग निर्वाचन अधिकृतको नाम मागिएको छ। 'आवश्यक सबै तयारी भइरहेको छ। माघ ११ गते शान्तिपूर्ण वातावरणमा मतदान हुन्छ,' सहायक प्रवक्ता अर्यालले भने।

अध्यक्षमा तीन दलकै दाबी


कृष्ण सिटौला


गोपालमान श्रेष्ठ


नारायण दाहाल


प्रमेश हमाल

सत्तारूढ दल कांग्रेस, माओवादी र एकीकृत समाजवादीले राष्ट्रिय सभाको भावी अध्यक्षमा दाबी गरेका छन्। राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाको कार्यकाल सकिन लागेकाले भावी अध्यक्षका लागि दलहरूले दाबी गरेका हुन्। कांग्रेसबाट कृष्णप्रसाद सिटौला र गोपालमान श्रेष्ठले अध्यक्षका लागि लबिङ गरेका छन्। उनीहरू आगामी निर्वाचनमा राष्ट्रिय सभा सदस्य हुँदै अध्यक्ष बन्ने कोसिसमा छन्। माओवादीले उपाध्यक्ष पद छाडेर अध्यक्ष लिन चाहेको छ। प्रधानमन्त्रीमा आलोपालो हुने भएकाले राष्ट्रपति कांग्रेस र सभामुख एमालेको भएकाले पार्टीले राष्ट्रिय सभा अध्यक्ष पाउनुपर्ने माओवादीको मत छ। माओवादीबाट नारायण दाहाल र वर्तमान उपाध्यक्ष उर्मिला अर्याल दाबेदार छन्। एकीकृत समाजवादीबाट प्रमेश हमाल मुख्य दाबेदार छन्। हमाल पनि सदस्य हुँदै अध्यक्ष बन्ने लबिङमा छन्।

मध्यपहाडी यात्राबाट फर्किएपछि मात्र एमालेले तयारी थाल्ने

राष्ट्रिय सभा निर्वाचनमा सत्तारूढ गठबन्धनले समीकरण बनाएर चुनाव लड्ने गरी आन्तरिक छलफल सुरु गरे पनि राष्ट्रिय सभामा ठूलो दल रहेको एमालेले भने चुनावका विषयमा कुनै तयारी गरेको छैन। पार्टी अध्यक्ष केपी ओलीसहित पदाधिकारी, स्थायी समिति सदस्य र अधिकांश केन्द्रीय सदस्य २ पुससम्म चल्ने मध्यपहाडी लोकमार्ग संकल्प यात्रा अभियानमा व्यस्त रहनुपरेकाले पनि चुनावतिर ध्यान दिन नपाएको एमालेले जनाएको छ।



● **देवेन्द्र दाहाल**, एमाले राष्ट्रिय सभा संसदीय दलका नेता

हामीले अहिले चुनावको कुनै तयारी गरेका छैनौं, सामान्यतया निर्वाचन आयोगको कार्यतालिकाअनुसार दल दर्तालगायत काम मात्रै गरिरहेका छौं, उम्मेदवारी के गर्ने, कसलाई उठाउने केही पनि छलफल गरेका छैनौं। कुनै पनि प्रदेशमा कसैको पनि बहुमत छैन, गठबन्धनका सबै दल मिल्नुभयो भने उहाँहरूकै बहुमत हुन सक्छ, तर हामी के गर्ने, कसरी जाने परिस्थितिको आकलन गरेर, स्थिति हेरेर मात्र निर्णय लिन्छौं।'

'हामीले अहिले चुनावको कुनै तयारी गरेका छैनौं, सामान्यतया निर्वाचन आयोगको कार्यतालिकाअनुसार दल दर्तालगायत काम मात्रै गरिरहेका छौं, उम्मेदवारी के गर्ने, कसलाई उठाउने केही पनि छलफल गरेका छैनौं,' एमाले राष्ट्रिय सभा संसदीय दलका नेता देवेन्द्र दाहालले भने, 'कुनै पनि प्रदेशमा कसैको पनि बहुमत छैन, गठबन्धनका सबै दल मिल्नुभयो भने उहाँहरूकै बहुमत हुन सक्छ, तर हामी के गर्ने, कसरी जाने परिस्थितिको आकलन गरेर, स्थिति हेरेर मात्र निर्णय लिन्छौं।' दाहालले पार्टी अध्यक्ष ओलीसहितका नेताहरू २ पुसमा काठमाडौं फर्किएपछि मात्र राष्ट्रिय सभा निर्वाचनका सन्दर्भमा पार्टीले छलफल गर्ने पनि जानकारी दिए। राष्ट्रिय सभा निर्वाचनमा पनि गठबन्धन भर्सेस एमाले हुने सम्भावना छ। जसका कारण पनि एमालेले गठबन्धन भत्काउने कि अरू दलसँग मिलेर चुनावको सामना गर्ने अहिलेसम्म दोधारमै छ।

राष्ट्रिय सभामा एमालेबाट १७ जना सांसद छन्। राष्ट्रपतिबाट मनोनीत वामदेव गौतमलाई समेत गणना गर्ने हो भने सिट संख्या १८ हुन्छ। तर, उनी अहिलेसम्म प्रस्टसँग कतै खुलेका छैनन्। यो चुनावसँगै नौ सांसदको एकैपटक पद समाप्त हुँदा एमाले आठ सांसदमा सीमित हुनेछ। गठबन्धन भत्काउन असफल भए एमालेले ती सिट संख्या यो चुनावबाट गुमाउने सम्भावना प्रबल छ।

संक्षेप

सिग्देल रथीमा बढुवा

काठमाडौं/ नेपाली सेनाको रिक्त रथी पदमा उपरथी अशोक सिग्देल बढुवा भएका छन्। बिहीबारको मन्त्रिपरिषद् बैठकले जंगी अड्डाको सिफारिस र रक्षा मन्त्रालयको प्रस्तावमा उनलाई रथीमा बढुवा गरेको हो। सूचना तथा सञ्चारमन्त्री रेखा शर्माका सल्लाहकार नरेन्द्र केसीले सिग्देलको बढुवा भएको जानकारी दिए। तत्कालीन बलाधिकृत रथी सरोजप्रताप राणाले ११ कात्तिकमा अवकाश पाएपछि सेनामा एउटा रथी पद रिक्त थियो।

राणा घर बिदामा बसेपछि २९ असोजमा सेनाले वरीयतामा अगाडि रहेका उपरथी ताराध्वज पाण्डेलाई रथीमा सिफारिसका लागि सात दिने सूचना प्रकाशित गरेको थियो। तर, पाण्डेको नागरिकता र शैक्षिक प्रमाणपत्रमा फरक जन्ममिति देखिएपछि प्रधानसेनापति प्रभुराम शर्माले रक्षामा बढुवा सिफारिस गरेनन्। त्यसपछि पाण्डेले २४ कात्तिकमा राजीनामा दिएका थिए। त्यसपछि सिग्देललाई सेनाले वरीयताका आधारमा बढुवाको सिफारिससम्बन्धी सूचना प्रकाशित गरेको थियो। उनीविरुद्ध जंगी अड्डाको बढुवा समितिमा उजुरी नपरेपछि जंगी अड्डाले रक्षामा सिफारिस गरेको थियो। यद्यपि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रतिनिधिसभाको राज्य व्यवस्था समितिमा उनीविरुद्ध उजुरी परेको थियो। उजुरी पुष्टि हुन नसकेपछि रक्षाको प्रस्तावमा मन्त्रिपरिषद्ले सिग्देललाई बढुवा गरेको हो। रथीमा बढुवा भएका सिग्देल प्रधानसेनापति शर्मापछि एक्ला दाबेदार हुन्।

सुन तस्करीमा थप तीन अभियुक्त पक्राउ

काठमाडौं/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको १४ किलो सुन तस्करी घटनामा संलग्न भएको अभियोगमा प्रहरीले थप तीन अभियुक्त पक्राउ गरेको छ। पक्राउ पर्नेमा सुशीला पाण्डे, गणेश चेपाङ र पहिचान नखुलाइएका अर्का एक छन्। चन्द्रबहादुर घले र मीनबहादुर घले पनि सोही अभियोगमा प्रहरी नियन्त्रणमा छन्।

चन्द्रबहादुर गत २१ मंसिरमा १४ किलो सुनसहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परेका हुन् भने मीनबहादुर उनको बयानका आधारमा पक्राउ परेका हुन्। प्रहरीका अनुसार पछिल्लोपटक पक्राउ परेका पाण्डे, चेपाङ र अर्को एक विमानस्थलमा कार्यरत कर्मचारी हुन्। विमानस्थलस्थित भन्सार कार्यालयका प्रमुख डा. टोकराज पाण्डेले १४ किलो सुन तस्करी घटनमा हालसम्म पाँचजना पक्राउ परेको पुष्टि गरे। बरामद सुन फ्लाई दुबईको उडान नम्बर 'एफजेड ५७३' बाट विमानस्थल आएको थियो। सुन चन्द्रबहादुरले स्टकोटभित्र लुकाई ल्याएका थिए। घटनाको सम्बन्धमा भन्सार कार्यालयका उपसचिव मणिराम पौडेलको संयोजकत्वमा गठित समितिले अनुसन्धान गरिरहेको छ।

कञ्चनपुरमा निषेधाज्ञा जारी

कञ्चनपुर/ कञ्चनपुरको महेन्द्रनगर संविधान चोकआसपास एक साताका लागि निषेधाज्ञा जारी गरिएको छ। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले भीमदत्त नगरपालिका- ४ महेन्द्रनगर संविधान चोकआसपास २८ मंसिरदेखि ४ पुससम्म निषेधाज्ञा जारी गरेको हो। बिहीबार राप्रपाले संविधान चोक क्षेत्रमा तत्कालीन राजा महेन्द्रको सालिक पुनर्स्थापना गर्ने तयारी अघि बढाइरहेका वेला आठ राजनीतिक दलले विरोध गरेपछि स्थानीय प्रशासनले शान्ति सुरक्षा कडा पार्नका लागि सात दिनसम्म निषेधाज्ञा जारी गरेको हो। कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले स्थानीय प्रशासन ऐन, २०२८ अनुसार २८ मंसिरदेखि सात दिनसम्म निषेधाज्ञा जारी गरेका हुन्।

बिहीबार महेन्द्रनगरमा राप्रपाको आमसभा तथा ०६२/६३ को दोस्रो जनआन्दोलनका क्रममा तोडिएको महेन्द्रको सालिक पुनर्स्थापना कार्यक्रमका लागि पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, प्रवक्ता ज्ञानेन्द्र शाहीसहित कञ्चनपुर आएका थिए।

■ हमासको आक्रमणमा मारिएका विद्यार्थीका आफन्तलाई भेटे राजदूतले

इजरायली नागरिकसरह बिमा सुविधा दिने

धनगढी/ नेपालका लागि इजरायली राजदूत खनान गोदरले हमासको आक्रमणमा परी ज्यान गुमाएका नेपाली विद्यार्थीका आफन्तलाई भेटेका छन्। उनले इजरायलमा ज्यान गुमाएका कैलाली जोशीपुर गाउँपालिका- ५ का आशिष चौधरी र घोडाघोडी नगरपालिका- ४ का नारायणप्रसाद न्यौपानेका परिवारलाई बुधबार घरमै गएर भेटेका हुन्। उनले मृतकका परिवारलाई इजरायली नागरिकसरह सेवा-सुविधा प्रदान गर्ने आश्वासन दिए। इजरायलमा ज्यान गुमाएका विद्यार्थीका प्रत्येक परिवार इजरायलका आफ्नै परिवारसरह रहेको भएको भन्दै पीडित परिवारलाई सान्त्वना दिए।

त्यसअघि बुधबार बिहान टीकापुरस्थित सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान क्याम्पसमा मृतकका परिवारका सदस्यलाई भेटेर उनले आफ्नै देशका नागरिकसरह बिमा सुविधा उपलब्ध गराउने बताएका थिए। पीडित परिवारलाई इजरायली नागरिकसरह व्यवहार गरिने उनको भनाइ थियो। इजरायल सरकार पीडितको साथमा रहेको उल्लेख गर्दै उनले भोलिका दिनमा कसरी सहयोग गर्न सकिन्छ भनेर सोचिरहेको बताएका थिए।

'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत इजरायल गएका सुदूरपश्चिम विश्वविद्यालयमा कृषि विज्ञान संकायमा अध्ययनरत १० जना विद्यार्थीको दुई महिनाअघि हमासको आक्रमणबाट मारिएका थिए। सुदूरपश्चिम विश्वविद्यालयअन्तर्गत टीकापुरस्थित कृषि विज्ञान संकायले इजरायलमा ज्यान गुमाएका विद्यार्थीको सम्झनामा बुधबार आयोजना गरेको शोक सभामा राजदूत गोदर सहभागी भएका थिए। सो क्रममा उनले इजरायली सरकार पीडित परिवारको साथमा रहेको बताए। इजरायलमा हमासको आक्रमणमा बेपत्ता भएका कञ्चनपुरका विपिन जोशीका आफन्तसँग टीकापुरमा कुरा गर्दै राजदूत गोदरले उनको सकुशल उद्धार गर्ने प्रयास भइरहेको बताए। राजदूतसँगै सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले पनि पीडितका परिवारलाई भेटेका थिए। प्रदेश सरकारले मृतकका परिवारलाई राहतस्वरूप प्रतिपरिवार दुई लाख रुपैयाँ प्रदान गरेको छ।

हतियार देखाएर सहकारी कर्मचारीबाट पाँच लाख लुटपाट

सर्लाही/ सर्लाहीको हरिपुर्वा नगरपालिका- ६ हनुमान चोकमा बिहीबार अज्ञात समूहले हतियार देखाएर पाँच लाख रुपैयाँ लुटपाट गरेको छ। जयगंगा बचत तथा ऋण सहकारीका कर्मचारीले बोकेको रकम लुटपाट भएको सहकारी संस्थाले जनाएको छ। नजिकैको एनआइसी एसिया बैंकबाट पैसा झिकेर कार्यालय जाँदै गर्दा बाटैमा लुटपाट भएको संस्थाका अध्यक्ष गणेशकुमार यादवले जानकारी दिए।

न.१५प ९८९२ नम्बरको मोटरसाइकलमा सवार सहकारीको बसतपुर शाखाका प्रमुख रामनाथ राय र कर्मचारी निरा रायलाई बाटो घेरेर अज्ञात समूहले साथमा रहेको पाँच लाख रकम लुटेर लगेको सहकारीले जनाएको हो। कर्मचारीले प्रतिकार गर्न खोज्दा अज्ञात समूहले एक राउन्ड हवाई फायरसमेत गरेको प्रत्यक्षदर्शीको भनाइ छ। नम्बर नखुलेको मोटरसाइकलमा सवार दुईजना लुटेरा समूह हवाई फायर गर्दै फरार भएका थिए। सूचना प्राप्त भएलगत्तै घटनाको विषयमा अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरीका प्रवक्ता एवं डिएसपी दीपेन्द्र पञ्जियार थारुले जानकारी दिए। घटनास्थल प्रहरी चौकी हरिपुर्वाबाट चार सय मिटर दूरीमा छ।

दुर्व्यसनी बढेपछि सुधार केन्द्र सञ्चालन गर्दै प्रहरी

लागुऔषध मुद्दामा चार महिनामै तीन सय पक्राउ, दुई सय मुद्दा अदालतमा दर्ता

धनगढीमा तेजराज भट्ट

सुदूरपश्चिममा लागुऔषधका दुर्व्यसनी बर्सेनि बढ्न थालेपछि प्रहरीले धनगढीमा लागुऔषध दुर्व्यसनी सुधार केन्द्र सञ्चालन गर्न लागेको छ। मदिरा र लागुऔषधको दुर्व्यसनीमा फसेका व्यक्तिलाई सुधार गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयले धनगढी उपमहानगरपालिकाको फूलबारीमा सुधार केन्द्र सञ्चालन गर्न लागेको हो।

दुई सयजना दुर्व्यसनी राख्न सक्ने क्षमता रहेको आसरा सुधार केन्द्र केही दिनमै उद्घाटन गर्ने तयारी रहेको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका प्रहरी उपरीक्षक श्याम चौधरीले जानकारी दिए। प्रहरी महानिरीक्षकबाट सुधार केन्द्रको उद्घाटन गराउने तयारी छ। प्रहरी उपरीक्षक चौधरीका अनुसार दुई सयजना राख्ने क्षमताको पूर्वाधार भए पनि तत्काल करिब ५० जना दुर्व्यसनी राखेर राखेर सुधार केन्द्र सुरुवात गरिनेछ। 'संरचना तयारी अवस्थामा छ,' चौधरीले भने, 'उद्घाटनपछि दुर्व्यसनी राख्न सुरु गर्छौं।'

सुधार केन्द्र सञ्चालनका लागि धनगढी उपमहानगरपालिकाले प्रदेश प्रहरी कार्यालयलाई फूलबारीमा एक बिघा १८ कट्ठा जग्गा र भवन उपलब्ध गराएको छ। जग्गा र त्यहाँ बनेका भवन उपमहानगरले प्रदेश प्रहरीलाई २० वर्षका लागि दिने र प्रदेश प्रहरीले त्यहाँ सुधार केन्द्र सञ्चालन गर्ने सहमति दुई पक्षबीच गत १ असोजमा भएको थियो। लागुऔषधको कुलतमा फस्ने युवायुवतीको संख्या बढ्न थालेपछि प्रहरीलाई जग्गा र भवन उपलब्ध गराएर सुधार केन्द्र सञ्चालन गर्न आग्रह गरिएको उपमहानगरले जनाएको छ।

'दुर्व्यसनीमा फसेका व्यक्ति जो सुधिन चाहन्छ, उपचार गरेर सामान्य मान्छेमा फर्कन चाहन्छ, त्यस्ता व्यक्तिलाई सुधार गर्ने उद्देश्यले सुधार केन्द्र सञ्चालन गर्न लागिएको हो,' प्रहरी उपरीक्षक चौधरीले भने, 'कोही व्यक्ति लागुऔषधविना बाँच्न गाह्रो हुने, 'क्रोनिक' छ भने त्यसबाट 'नर्मल'मा फर्काउन उपचार गर्छौं।' दुर्व्यसनीलाई लागुऔषधको कुलत छुटाउन चिकित्सकीय र मानसिक दुवै उपचार गरिने उनले बताए।

सुधार केन्द्रमा भर्ना हुने दुर्व्यसनीलाई औषधि उपचारसँगै मनोपरामर्श र ध्यान, योगहरू गराइने प्रहरीले जनाएको छ। दुर्व्यसनीलाई चार महिनादेखि आवश्यकताअनुसार त्योभन्दा बढी समय सुधार केन्द्रमा राखिने प्रहरी उपरीक्षक चौधरीले बताए। जुनसुकै प्रकारको लागुऔषध र मदिराको कुलतमा फसेका व्यक्तिलाई उनीहरूका आफन्तको आग्रहअनुसार भर्ना गरिने प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

केन्द्रमा रहँदासम्म उपचारसँगै मानसिक रोग विशेषज्ञले उनीहरूका आनीबानीको नियमित निगरानी गर्ने र कुलतमुक्त भएपछि घर पठाइने उनले बताए। 'व्यवहारको नियमित निगरानीबाट कुलतमुक्त भएको यकिन भयो भने घर पठाउँछौं,' चौधरीले भने, 'दुर्व्यसनीलाई कुलतमुक्त गरेर असल नागरिकका रूपमा समाजमा पुनर्स्थापना गराउन खोजेका हौं।' खान, बस्न, उपचारलगायत सबै व्यवस्थापनका लागि भर्ना हुन न्यून शुल्क निर्धारण गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।



प्रहरीको तथ्यांक हेर्दा केही वर्षयता सुदूरपश्चिममा लागुऔषधको जालो विकराल रूपमा फैलँदै गएको देखिन्छ। यहाँ अदालतमा दर्ता हुने लागुऔषधसम्बन्धी मुद्दा र लागुऔषधसहित पक्राउ पर्ने व्यक्तिको संख्या बर्सेनि तीव्र गतिमा बढिरहेको प्रहरीको तथ्यांकले देखाएको छ।

सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआइजी) भरतबहादुर बोहराले पाँच वर्षयताका लागुऔषधसम्बन्धी मुद्दा र पक्राउ परेकाको तथ्यांकको विश्लेषणका आधारमा सुधार केन्द्र आवश्यक रहेको निष्कर्षमा प्रहरी पुगेको बताए। यद्यपि लागुऔषध मुद्दामा पक्राउ परेकाहरू भने कानुनी कारबाहीको दायरामा जाने उनले बताए। 'हामीले पक्राउ गरेका र मुद्दा चलाएकामध्ये धेरैजसो लागुऔषध कारोबारी हुन्, प्रयोगकर्ता समाजमा छन्,' डिआइजी बोहराले भने, 'सुधार केन्द्रमार्फत आवश्यक उपचार, काउन्सिलिङ गरेर कुलतमा फसेकालाई सुधार गरेर पहिलेकै जीवनमा फर्काउन खोज्दै छौं।' लागुऔषध मुद्दामा पक्राउ परेकाहरू कैदमुक्त भएपछि भने सुधार केन्द्रमा राख्न सकिने प्रहरीले जनाएको छ।

सुदूरपश्चिमका नौ जिल्लामा गत वर्ष मात्र लागुऔषधसम्बन्धी पाँच सय ४० वटा मुद्दा अदालतमा दर्ता भएका छन्। ती मुद्दामा आठ सय ६० जना पक्राउ परेका प्रदेश प्रहरी कार्यालयको तथ्यांक छ। जसमध्ये ६६ जना महिला छन्। साउनदेखि गत १० मंसिरसम्म लागुऔषध मुद्दामा प्रदेशभरि तीन सय पाँचजना पक्राउ परेका र दुई सय दुईवटा मुद्दा अदालतमा दर्ता भएका प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

'पाँच वर्षको तथ्यांक विश्लेषण गर्दा लागुऔषध तीव्र रूपमा फैलिएको देखिन्छ। लागुऔषधका मुद्दामा १६ देखि २५ वर्ष उमेर समूहका युवाहरू बढी छन्,' प्रहरी उपरीक्षक चौधरीले भने, 'लागुऔषधका दुर्व्यसनी फैलिँदै जाँदा यसले शान्ति, समृद्धि र विकासलाई असर गरेको छ।' प्रदेश प्रहरी कार्यालयका अनुसार यहाँका कारागारमा रहेका कैदीबन्दीमध्ये आधा लागुऔषधसम्बन्धी मुद्दाका छन्।

समाजमा हुने धेरैजसो चोरी, हिंसा, झगडा, सवारी दुर्घटना, बलात्कार, हत्याजस्ता जघन्य अपराधमा लागुऔषध प्रयोगकर्ताको संलग्नता पाइने गरेको प्रदेश प्रहरी प्रमुख बोहराले बताए। प्रदेशका लागुऔषधका अधिकांश मुद्दा कैलाली, कञ्चनपुरका छन्। खुला सिमानाका कारण सीमावर्ती भारतीय बजारबाट लुकीछिपी लागुऔषध ल्याइने गरिन्छ। चरेसबाहेक सबै लागुऔषध भारतबाट आउने गरेको प्रहरीले जनाएको छ।

राष्ट्रपतिबाट संसद्का महासचिवको नियुक्ति रोकिएको भन्दै सभामुखको आपत्ति

न्याय सेवाको पृष्ठभूमिबाट आएका पाण्डेयको महासचिवमा सिफारिसप्रति संसद् सेवाका कर्मचारी असन्तुष्ट

कमलराज भट्ट / नयाँ पत्रिका

सभामुख देवराज घिमिरेले संसद्को महासचिव नियुक्तिको सिफारिस राष्ट्रपतिबाट रोकिनु अनुचित भएको बताएका छन् । महासचिव भरतराज गौतमको राजीनामापछि संविधान र कानुनबमोजिम प्रतिनिधिसभा सचिव पद्मप्रसाद पाण्डेयको नाम सिफारिस गरेको जिकिर गर्दै उनले यसलाई राजनीतिक आँखाले हेर्न नहुने बताए । 'यसलाई राजनीतिक आँखाले हेर्नुहुँदैन । कसलाई सिफारिस गऱ्यो भन्दा पनि संविधान र कानुनबमोजिम गरेको हो,' संसद् सेवा दिवसका अवसरमा बिहीबार घिमिरेले भने, 'महासचिव नियुक्तिको सिफारिस राष्ट्रपतिबाट रोकिनु अनुचित हुन्छ ।'

राष्ट्रिय सभा अध्यक्षको परामर्शमा सभामुखले गरेको सिफारिस राष्ट्रपतिले नियुक्त गर्नुपर्ने प्रावधान रहेको उल्लेख गर्दै घिमिरेले भने, 'राजीनामा दिएर खाली भइसकेको छ । खाली भइसकेपछि कति पर्खिने, नियमअनुसार सिफारिस गरिएको छ । सिफारिस नियुक्ति त होइन नि ! सिफारिस राष्ट्रिय सभाको परामर्शमा म्यान्डेटरी हो । दुइटाले सिफारिस गरेकोमा राष्ट्रपतिले नियुक्त गर्नुपर्छ ।'

अहिले संसद्लाई नयाँ महासचिवको आवश्यकता रहेको भन्दै यो कुरालाई राष्ट्रपतिले नबुझिफिदिएको उनको गुनासो थियो । 'कहिले गर्नुपर्छ भन्दा संसद्को अर्जेन्सीलाई ख्याल गरिदिनुपऱ्यो । संसद् सेवा दिवसको समारोहको सबै हेर्नुपर्ने महासचिवले नै हो । यसलाई नजरअन्दाज गरेर जानाजान संसद्को महत्त्वलाई कमजोर पार्न खोजिएको हो भन्ने लागेको छ,' उनले भने ।

कार्यकाल सकिन लागेका राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाले सिफारिस गरेको भन्ने प्रश्नमा सभामुख घिमिरेले थपे, 'उहाँको कार्यकाल २० फागुनसम्म हो । १९ गते राति १२ बजेसम्म बोल्ने, काम गर्ने अधिकार अध्यक्षलाई छ । तीन महिना बाँकी छ अध्यक्षको कार्यकाल । यसवेला उहाँले कामै नगर्ने भन्ने हुँदैन ।'

गत आइतबार संसद्का महासचिव गौतमले पदबाट राजीनामा दिएका थिए । भोलिपल्ट सभामुख र अध्यक्षले शीतलनिवास पुगेर पाण्डेयको नाम महासचिवमा सिफारिस गरेका थिए । राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार गौतमको राजीनामा स्वीकृत गरेका छन् भने पाण्डेयको सिफारिसको कानुनअनुसार रित नपुगेको भन्दै अध्ययनमै छ । न्याय सेवाअन्तर्गत नायब महान्यायाधिवक्ता पदबाट राजीनामा दिएर पाण्डेय प्रतिनिधिसभा सचिव बनेका थिए । अहिले महासचिवमा सिफारिस हुँदा संसद् सेवाका कर्मचारी बाहिरबाट महासचिव बनाउन लागिएको भन्दै असन्तुष्ट छन् ।

संसद् सेवा दिवसकै समारोहमा राष्ट्रिय सभा उपाध्यक्ष उर्मिला अर्यालले संसद् सेवाका कर्मचारीलाई नेतृत्वमा अवसर दिनुपर्ने बताइन् । 'निजामती सेवाबाट संसद् सेवालाई छुट्याएर अगाडि बढिरहेको अवस्थामा वृत्तिविकासमै हिसाबले पनि संसद्मै रहेका वरिष्ठतम कर्मचारीलाई माथि पुऱ्याउने कुरोमा हाम्रो ध्यान पुग्नुपर्छ । किनभने लामो समयको अनुभव र विशिष्टतालाई कदर गर्नुपर्छ । यहाँ बसेर काम गरिरहेकोलाई प्रश्रय दिनुपर्छ । निर्णायक ठाउँमा यहाँकै नेतृत्व दिनुपर्छ,' उनले भनिन्, 'यो हिसाबले आगामी दिनमा अगाडि जानुपर्छ ।'

उपाध्यक्ष अर्यालले संसद् सेवा दिवस मनाउँदै गर्दा महासचिव गौतमलाई राजीनामा गराउनु उपयुक्त नभएको बताइन् । 'संसद् सेवा दिवस मनाउन्जेल राजीनामा नगराइएको भए हुन्थ्यो,' उनले भनिन् ।

■ सभामुख भन्छन्-



- यसलाई राजनीतिक आँखाले हेर्नुहुँदैन । कसलाई सिफारिस गऱ्यो भन्दा पनि संविधान र कानुनबमोजिम भएको महासचिव नियुक्तिको सिफारिस राष्ट्रपतिबाट रोकिनु अनुचित हुन्छ ।
- राजीनामा दिएर खाली भइसकेको छ । खाली भइसकेपछि कति पर्खिने भनेर नियमअनुसार सिफारिस गरिएको हो ।
- सिफारिस राष्ट्रिय सभाको परामर्शमा म्यान्डेटरी हो । दुइटाले सिफारिस गरेकोमा राष्ट्रपतिले नियुक्त गर्नुपर्छ ।
- राष्ट्रपतिले संसद्को अर्जेन्सीलाई ख्याल गरिदिनुपऱ्यो । जानाजान संसद्को महत्त्वलाई कमजोर पार्न खोजिएको हो भन्ने लागेको छ ।

■ संसद् सेवाका कर्मचारीको मनोबल गिराउनुहुँदैन



उर्मिला अर्याल, राष्ट्रिय सभा उपाध्यक्ष

निजामती सेवाबाट संसद् सेवालाई छुट्याएर अगाडि बढिरहेको अवस्थामा वृत्तिविकासकै हिसाबले पनि संसद्मै रहेका वरिष्ठतम कर्मचारीलाई माथि पुऱ्याउने कुरोमा हाम्रो ध्यान पुग्नुपर्छ । किनभने लामो समयको अनुभव र विशिष्टतालाई कदर गर्नुपर्छ । यहाँ बसेर काम गरिरहेकोलाई प्रश्रय दिनुपर्छ । निर्णायक ठाउँमा यहाँकै नेतृत्व दिनुपर्छ

■ सिम्रौनगढ झडप घटना

युवकको शव अस्पतालमै, परिवारजन प्रदर्शनमा

वीरगन्जमा **तिवारी यादव**

बाराको सिम्रौनगढ नगरपालिकामा शिक्षक-कर्मचारीको आन्दोलनमा प्रहरीको गोली लागेर एक युवाको मृत्यु भएको घटनाको निष्पक्ष जाँचको माग गर्दै पीडित परिवारले प्रदर्शन गरेका छन् । दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्तिको माग गर्दै मृतकका परिवारजन र स्थानीयले बिहीबार कलैयामा प्रदर्शन गरेका हुन् ।

प्रदर्शनकारीले मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवको राजीनामासमेत मागेका छन् । प्रदर्शनपछि उनीहरूले बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटालाई ज्ञापनपत्र बुझाएका छन् । बुधबार आन्दोलनरत शिक्षक-कर्मचारीलाई नगरपालिकाको गेटबाट हटाउने क्रममा झडप हुँदा प्रहरीले चलाएको गोली लागेर सिम्रौनगढ- १ ननसगराढाँटका २५ वर्षीय लक्ष्मी मुखिया बिनको मृत्यु भएको थियो ।

बाराका प्रहरी प्रमुख एसपी सुरेश काफ्लेका अनुसार मृतकका परिवारजनले मृतकलाई सहिद घोषणा, मृतकका परिवारबाट एकजनालाई रोजगारी, मृतकलाई उचित क्षतिपूर्ति र घटनामा संलग्न प्रहरीलाई कारबाही माग्दै ज्ञापनपत्र बुझाएका हुन् । मृतकका परिवारजनले अझै पनि शव बुझ्न मानेका छैनन् । प्रहरीले आवश्यकता नै नभई गोली चलाएर हत्या गरेको उनीहरूको आरोप छ । एसपी काफ्लेले भने झडप नियन्त्रण गर्ने क्रममा हवाई फायर गर्दा टाउकोमा गोली लागेको जिकिर गरे ।

प्रहरीको गोली लागेर मृत्यु भएका लक्ष्मी मुखिया बिनको शव पर्साको नारायणी अस्पतालमा छ । परिवारजन र स्थानीय आफ्ना माग पूरा नभएसम्म शव नउठाउने अडानमा रहेकाले बिहीबार पनि शव अस्पतालमै रहेको हो । बाराका प्रहरी प्रमुख एसपी सुरेश काफ्लेले बिहीबार शव बुझ्न आफन्त नआएको बताए ।

यता, बुधबारको घटनापछि स्थिति असामान्य बन्दा बिहीबार नगरपालिकाको सेवा प्रवाह प्रभावित भएको सेवाग्राहीले जनाएका छन् । बिहीबार कार्यालय खुले पनि सुनसान रहेको स्थानीय सिकेन्द्र प्रसादले बताए । 'बिहीबार नगरपालिकाको कार्यालय खुल्यो, तर न कर्मचारी आए, न सेवाग्राही । दिनभर सुनसान थियो,' उनले भने । लामो समयदेखि प्रशासकीय अधिकृत नहुँदा तलबसहितका सुविधा नपाएको भन्दै यहाँका सामुदायिक विद्यालयका शिक्षक र कर्मचारी आन्दोलित छन् । आन्दोलनका कारण केही महिनादेखि नगरपालिकाबाट नियमित सेवा प्रवाह हुन सकेको छैन ।

गिरी र होदाविरुद्धको मुद्दामा पाँच वर्षपछि फैसला

काठमाडौं/ विशेष अदालतले सम्पत्ति शुद्धीकरणका दुईजनालाई दोषी करार गर्दै सजाय सुनाएको छ । विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यद्वय मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापाको इजलासले वृजकिशोर गिरी र समसुल होदालाई सजाय सुनाएको हो । विशेषका प्रवक्ता तथा उपरजिस्ट्रार धनबहादुर कार्कीका अनुसार दुवैजनालाई जनही १२-१२ वर्ष कैद र जरिवाना सजाय सुनाइएको छ । उनीहरू दुवैलाई २७ लाख २५ हजार जरिवाना हुने भएको छ ।

१९ मंसिरमै कसुर ठहर भए पनि बिहीबार मात्र सजाय निर्धारण भएको हो । कसुर ठहर हुने गिरी र होदा संगठित अपराधअन्तर्गतको कर्तव्य ज्यान मुद्दाका अभियुक्तसमेत हुन् । ४८ वर्षीय होदाले आपराधिक समूहसँग सम्बन्ध रहेका पाकिस्तानी नागरिक सफीसँगको मिलेमतोमा आपराधिक गतिविधिबाट आय गरेको ठहरसहित मुद्दा दायर भएको थियो । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले ८ कात्तिक ०७५ मा मुद्दा चलाएकोमा पाँच वर्षपछि फैसला आएको हो ।

एमाले अध्यक्षमाथि हातपात

धनकुटा/ एमाले अध्यक्ष केपी ओलीमाथि धनकुटाको लेगुवामा मादक पदार्थ सेवन गरेका एक व्यक्तिले हातपात भएको छ । समृद्धिका लागि संकल्प यात्राको पन्ध्रौं दिन भोजपुरबाट धनकुटा प्रवेश गरेपछि ओलीमाथि महालक्ष्मी नगरपालिका लेगुवामा मादक पदार्थ सेवन गरेका स्थानीय महेश राईले हातपात गरेका हुन् । लगत्तै राईलाई एमालेका स्वयंसेवकले तत्कालै नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए ।

सयौं स्थानीयले फूलमालाले ओलीलाई स्वागत गरिरहेका वेला त्यही लाइनमा बसेका राईले ओलीमाथि हातपात गरेको भिडियोमा देखिन्छ । कोशी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसपी ऋषिराम कँडेलले एमाले अध्यक्ष ओलीमाथि मादक पदार्थ सेवन गरेका राईले आक्रमणको प्रयास गरे पनि सफल हुन नसकेको जानकारी दिए । 'धेरै मादक पदार्थ सेवन गरेका महेश राई नाम गरेका व्यक्तिले एमाले अध्यक्षमाथि आक्रमणको प्रयास गरेका हुन् । तर, उनी सफल हुन सकेनन्,' कँडेलले नयाँ पत्रिकासँग भने, 'प्रहरीले तत्काल नियन्त्रणमा लिएर उनलाई जिल्ला प्रहरी कार्यालय धनकुटाको हिरासतमा राखेर अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ ।' उनी पहिचानवादी समूहको कार्यकर्ता नभएको पनि एसपी कँडेलले बताए ।

यसैबीच, एमाले महासचिव शंकर पोखरेलले पार्टी अध्यक्ष केपी ओलीमाथि मुक्का प्रहार भयो भन्ने प्रचारबाजी प्रायोजित र भ्रमपूर्ण भएको बताएका छन् । धनकुटाको लेगुवामा ओलीमाथि स्थानीयले स्वागत गरिरहँदा लाइनमै रहेका एक व्यक्तिले हातपातको प्रयास गरेको भिडियो अपराह्न सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो । त्यसलाई आधार बनाएर अध्यक्ष ओलीमाथि मुक्का प्रहार भएको प्रायोजित र भ्रमक समाचार सम्प्रेषण गर्न खोजिएको भन्दै पोखरेलले त्यसको खण्डन गरेका हुन् । उनले एमालेको संकल्प यात्राको अभुतपूर्व सफलता र सन्देशको ध्यान अन्यत्र मोड्न यस्ता हर्कत गरिएको र भ्रमपूर्ण प्रचारबाजी गरिएको दाबीसमेत गरेका छन् ।

'एउटा जँड्याहाको अस्वाभाविक हर्कत कतिलाई समृद्धिका लागि संकल्प यात्राको अभूतपूर्व सफलताबाट र त्यसले दिएको सन्देशबाट ध्यान अन्यत्र मोड्ने बहाना बनेको छ,' पोखरेलले सामाजिक सञ्जालमा भनेका छन्, 'अध्यक्षमाथि मुक्का प्रहार भयो भन्ने प्रचारबाजी प्रायोजित र भ्रमपूर्ण हो । यसबाट अभियानको सफलताले जलिरहेकाको नियत भने उजागर भएको छ । हामी सचेत र स्पष्ट छौं आफ्नो अभियान र उद्देश्यमा ।'

महासमिति बैठकको खाका बनाउँदै कांग्रेस महामन्त्रीद्वय

काठमाडौं/ कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले शुक्रबारको कार्यसम्पादन समिति बैठकमा महासमिति बैठकमा प्रस्तुत गरिने एजेन्डाको संयुक्त खाका प्रस्तुत गर्ने भएका छन् । महामन्त्रीद्वयले बिहीबार काठमाडौंमा छलफल गरी थापाको जिम्मेवारीमा रहेको सांगठनिक प्रस्ताव र शर्माको जिम्मेवारीमा रहेको समसामयिक राजनीतिक प्रस्तावको खाका तयार गरेका हुन् ।

सभापति शेरबहादुर देउवाले महासमिति बैठक सार्ने तयारी गरेका खबर आइरहेका वेला महामन्त्रीद्वयले महासमिति बैठक निर्धारित मितिमा गर्न दबाब दिन लागेका हुन् । स्रोतका अनुसार १६ पुसबाट नीति अधिवेशनसमेत गर्ने गरी हुन लागेको महासमिति बैठकमा ०८२ मा महाधिवेशन सुनिश्चित हुने गरी प्रस्ताव तयार गरिएको छ । महासमिति बैठक नीति अधिवेशनसमेत गर्ने गरी १६ देखि १९ पुससम्म गोदावरीमा गर्ने तय छ ।

स्रोतका अनुसार दुवैले प्रस्तावमा निर्वाचनपूर्व गठबन्धन नगर्नेसहित यसअघि महामन्त्रीद्वयले प्रस्ताव गर्दै आएका पार्टी रूपान्तरणका विषय समेटेर ठोस दस्तावेज र दृष्टिकोण दिने तयारी गरेका छन् । ८ असोजमा कांग्रेसले गरेको केन्द्रीय समिति बैठकले महासमिति बैठकले तयारीका लागि सभापति शेरबहादुर देउवाको संयोजकत्वमा तयारी समिति गठन गरेको थियो । समितिमा केन्द्रीय पदाधिकारी, सदस्य, आमन्त्रित सदस्य, प्रदेश कार्यसमितिका सभापति एवं उपत्यकाका तीनै जिल्लाका सभापति, भ्रातृ संस्थाका केन्द्रीय अध्यक्ष रहने गरी मूल तयारी समिति गठन गरेको छ ।

सोही बैठकले नीतिगत प्रस्ताव तयार गर्न उपसभापति पूर्णबहादुर खड्काको संयोजकत्वमा प्रस्ताव तयारी समिति, सांगठनिक प्रतिवेदनको जिम्मा महामन्त्री थापा र समसामयिक राजनीतिक प्रतिवेदन प्रस्तावको जिम्मा महामन्त्री शर्माले प्रस्तुत गर्ने निर्णय गरेको थियो ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०८/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धीत तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफुले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा सम्बन्धित पक्षहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ताप्लेजुङ्ग शाखा, ताप्लेजुङ्ग

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, ताप्लेजुङ्गमा प्रा.फ.र.नं. २९१/०६९/७० अन्तर्गत मिति २०६९/०८/१४ मा दर्ता कायम भएको **सेन्दाङ्ग भेराइटीज एण्ड कोल्ड सेन्टर** फर्म दर्ता ठेगाना : फुङलिङ - ४, ताप्लेजुङ्ग स्थायी लेखा नं. ६०००७९४५३, मिति २०६५/०८/२५ **प्रोप्राइटर : अस्मिता सांवा लिम्बु** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा** २. **अस्मिता सांवा लिम्बु** **कर्जा शिर्षक : घर कर्जा**	**अस्मिता सांवा लिम्बु** ना.प्र.नं. ५०३७३/१६०६ जारी मिति २०५९/०५/१२ जि.प्र.का. ताप्लेजुङ्ग बाबुको नाम : सहि बहादुर लिम्बु पतिको नाम : अनिल सेन्दाङ (लिम्बु) ससुराको नाम : टेक बहादुर लिम्बु स्थायी ठेगाना : सांवा - ५, ताप्लेजुङ्ग	**अनिल सेन्दाङ (लिम्बु)** ना.प्र.नं. ३८७०५-२०३२ जारी मिति २०५५/०५/२३, जि.प्र.का. ताप्लेजुङ्ग बाबुको नाम : टेक बहादुर लिम्बु बाजेको नाम : हर्क बहादुर लिम्बु स्थायी ठेगाना : फुलबारी - ७, ताप्लेजुङ्ग

(ऋणी अस्मिता सांवा लिम्बुका लागि सेन्दाङ्ग भेराइटीज एण्ड कोल्ड सेन्टरको संस्थागत जमानत रहेको)

धनगढी मेन रोड शाखा, कैलाली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा, धनगढी, कैलालीमा प्रा.फ.नं. १०१७२ अन्तर्गत मिति २०७४/०७/०७ मा दर्ता कायम भएको **एलिसा कुखुरा पालन फर्म** फर्म दर्ता ठेगाना : धनगढी - २, कैलाली स्थायी लेखा नं. ६०३६९०९५४, मिति २०७४/०७/०८ **प्रोप्राइटर : संगम राई** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**संगम राई** ना.प्र.नं. ६७१०२०/६९४० जारी मिति २०६७/०८/२९, जि.प्र.का. कैलाली बाबुको नाम : रुद्र बहादुर राई बाजेको नाम : हिन्दे बहादुर राई स्थायी ठेगाना : धनगढी - २, कैलाली	**सगर राई** ना.प्र.नं. ६७१०२०/१५०५ जारी मिति २०६४/०३/१७, जि.प्र.का. कैलाली बाबुको नाम : रुद्र बहादुर राई बाजेको नाम : हिन्दे बहादुर राई स्थायी ठेगाना : धनगढी - २, कैलाली

व्यक्तिगत जमानत दिनेको विवरण

विष्णु राई ना.प्र.नं. ६७१०२०/६८५५ जारी मिति २०६७/०८/२६, जि.प्र.का. कैलाली पतिको नाम : रुद्र बहादुर राई ससुराको नाम : हिन्दे बहादुर राई स्थायी ठेगाना : धनगढी - २, कैलाली	**कल्पना चौधरी** ना.प्र.नं. ६७१०२६/७२१६, जारी मिति २०६८/०३/२७, जि.प्र.का. कैलाली बाबुको नाम : विन्तीराम चौधरी पतिको नाम : संगम राई ससुराको नाम : रुद्र बहादुर राई स्थायी ठेगाना : पवेरा - ६, कैलाली	**रुद्र बहादुर राई** ना.प्र.नं. २३६५, जारी मिति २०२४/०१/२१ जि.प्र.का. कैलाली बाबुको नाम : हिन्दे बहादुर राई बाजेको नाम : धन बहादुर राई स्थायी ठेगाना : धनगढी - २, कैलाली

दमौली शाखा, तनहुँ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, दमौली, तनहुँमा प्रा.फ.र.नं. २९१०/०६९/०७० अन्तर्गत मिति २०७०/०१/२२ मा दर्ता कायम भएको **सलिमा कस्मेटिक पसल** फर्म दर्ता ठेगाना : व्यास - २, तनहुँ स्थायी लेखा नं. ६०१२६७३६३ मिति २०७०/०४/१३ **प्रोप्राइटर : सलिमा मिया** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा** २. **सलिमा मिया** **कर्जा शिर्षक : आवधिक कर्जा** ३. **मुस्तफा मिया** **कर्जा शिर्षक : घर कर्जा**	**सलिमा मिया** ना.प्र.नं. ६४३३१, जारी मिति २०६०/०२/२८ जि.प्र.का. तनहुँ बाबुको नाम : सम्सुदिन मिया पतिको नाम : मुस्तफा मिया ससुराको नाम : महमदिन मिया स्थायी ठेगाना : व्यास - ११, तनहुँ	**मुस्तफा मिया** ना.प्र.नं. ५०३५ जारी मिति २०४८/०२/१७ जि.प्र.का. तनहुँ बाबुको नाम : महमदिन मिया बाजेको नाम : सेते मिया स्थायी ठेगाना : व्यास - २, तनहुँ

संस्थागत जमानत दिनेको विवरण

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश, दमौली, तनहुँमा प्रा.फ.र.नं. ८४५४/०७७/०७८ अन्तर्गत मिति २०७७/११/१० मा दर्ता कायम भएको **ह्यापी ल्याण्ड फेन्सी पसल** फर्म दर्ता ठेगाना : व्यास - २, तनहुँ स्थायी लेखा नं. ६०१२६७३६३, मिति २०७७/११/११ **प्रोप्राइटर : सलिमा मिया** **(ऋणी सलिमा मियाको लागी संस्थागत जमानत रहेको)**	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, दमौली, तनहुँमा प्रा.फ.र.नं. २९१०/०६९/०७० अन्तर्गत मिति २०७०/०१/२२ मा दर्ता कायम भएको **सलिमा कस्मेटिक पसल** फर्म दर्ता ठेगाना : व्यास - २, तनहुँ स्थायी लेखा नं. ६०१२६७३६३ मिति २०७०/०४/१३ **प्रोप्राइटर : सलिमा मिया** **(ऋणी मुस्तफा मियाको लागी संस्थागत जमानत रहेको)**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाडौं ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर काठमाण्डौको पुनः १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८०/०८/२९ गते

सहकारी ऐन, २०७४ को दफा १०४ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट मिति २०७६/४/१२ मा लुनिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, कमलाक्षीलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्ने जिम्मा सोही ऐनको दफा १०५ अनुसार गठित यस संस्थाका ऋणी सदस्य एवं सञ्चालकहरुबाट संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना, जरिवाना तिर्न बुझाउनको लागि सहकारी नियमावली, २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम (१) को देहाय (क) र (घ) बमोजिम पत्राचार गर्दा, पत्रपत्रिकामा सूचना प्रकाशित गर्दा समेत आफ्नो दायित्व फरफारक नगरेकाले ऋणीहरुको नाममा रहेको यस समितिबाट रोक्का राखिएका तपसिल बमोजिमका जग्गाहरु सहकारी नियमावली, २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम (२) को खण्ड (ख) बमोजिम चलन चल्तीको मूल्य कायम गरी सोही नियम बमोजिमको राष्ट्रियस्तरको पत्रिकामा लेना रकम असूलीको लागि तपसिल बमोजिमको शर्त अधिनमा रही ३५ (पैतिस) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएकोमा उक्त अवधीमा कुनै पनि बोलपत्रहरु पेश हुन नआएकोले पुनः १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्य :

सि. नं.	नाम थर	ठेगाना	पद	जग्गाको विवरण: वडा नं.	किता नं.	क्षेत्रफल	ठेगाना	प्रतिरोपनी/प्रतिआना	न्यूनतम मूल्य
१.	मिन कृष्ण श्रेष्ठ	घुम्थाङ्ग गा.वि.स.-४, सिन्धुपाल्चोक हाल बाह्रविसे न.पा.-७, सिन्धुपाल्चोक	निलम्बित अध्यक्ष	६	१८१	४-५-३-०	घुम्थाङ्ग गा.वि.स-६ हाल बाह्रविसे न.पा.-७, सिन्धुपाल्चोक	३ लाख (प्रति रोपनी)	१३,५९,०००।-
				६	५८	२-६-०-१			७,८०,०००।-
२.	राजेश रत्न शाक्य		निलम्बित सदस्य/ ऋणी सदस्य	४क	१३४२	०-०-१०-०	साविक मृगौलिया वार्ड नं.-४क हाल सुन्दर हरैचा न.पा.-०२, मोरङ्ग	७ लाख (दश धुरको एक मुष्ठ)	७,००,०००।-
३.	बलराम भूजेल	साविक चित्तपोल -२, भक्तपुर	ऋणी सदस्य	८	१६९	१-०-०-०	साविक पिडा गा.वि.स.-८, हाल गज्री न.पा-४, धादिङ्ग	१०,८०,०००।- (प्रतिरोपनी)	१०,८०,०००।-
४.	बलराम भूजेल	साविक चित्तपोल -२, भक्तपुर	ऋणी सदस्य	३ग	९३७	०-४-०-०	दुवाकोट गा.वि.स-३ग हाल चाँगुनारायण न.पा.२, भक्तपुर	१५,००,०००।- (प्रतिआना)	६०,००,०००।-
५.	सरोज कार्की	हेटौंडा उ.न.पा. २४	ऋणी सदस्य	९क	३२२	०-२-१४-५	साविक चैनपुर गा.वि.स. -२ हाल खैरहनी न.पा.-४, चितवन	१०,००,०००।- (प्रतिकट्ठा)	२७,१२,५००।-
६.	सरोज कार्की			४ख	८५२	०-३-७-०	साविक चैनपुर गा.वि.स.-४ख हाल खैरहनी न.पा. ३, चितवन	२०,००,०००।- (प्रतिकट्ठा)	६७,००,०००।-

(ख) शर्तहरुः

१. माथि उल्लिखित जग्गा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ ।
२. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रु.२,०००।- बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।
३. यो सूचना प्रकाशित भएको मितिले १६औं दिन अपरान्ह १:०० सम्म बोलपत्र पेश गरिसक्नु पर्नेछ । यसरी पेश भएका बोलपत्रहरु सोही दिन १:३० बजे यसै समितिको कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट हुनेछ ।
४. शिलबन्दी बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम केरमेट नगरी अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । बोलपत्र दाखिल गरे पछि त्यसमा कुनै किसिमको हेरफेर गर्न पाइने छैन र बोलपत्र शर्तरहित हुनुपर्नेछ ।
५. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु बोलपत्रसाथ पेश गर्नु पर्नेछ । बोलपत्र फाराम लिन समेत सक्कल र प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनु पर्नेछ ।
६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अंकको १० (दश) प्रतिश

वेलकम टु द जंगलको सुटिङ सुरु

अक्षयकुमार स्टारर वेलकम टु द जंगलको सुटिङ सुरु भएको छ। अक्षयले सामाजिक सञ्जालमा भिडियो पोस्ट गर्दै यसको जानकारी दिएका हुन्। फिल्ममा सञ्जय दत्त, सुनील सेट्टी, दिशा पटानी, लारा दत्त, अर्शद वार्सी, ज्याकलिन फर्नान्डेज, रविना टन्डन, जोनी लिवर, राजपाल यादव, परेश रावललगायत कलाकार देखिनेछन्।



५ भाषामा सलारको गीत

प्रभास अभिनीत फिल्म 'सलार : पार्ट १ सिजफायर'को पहिलो गीत सार्वजनिक भएको छ। हिन्दी, तमिल, तेलुगु कन्नड र मलयालम भाषामा गीत सार्वजनिक गरिएको छ। फिल्ममा प्रभाससँगै पृथ्वीराज सुकुमारन मुख्य भूमिकामा छन्। २२ डिसेम्बरमा यो फिल्म रिलिज हुनेछ।



एक्लोपनसँग जुधिरहेछन् विश्वका एकचौथाइ मानिस



एक्लोपन विश्वव्यापी मानवीय अनुभव हो। यसले कुनै पनि समूहका मानिसलाई जुनसुकै वेला प्रभावित पार्न सक्छ। अमेरिकी सर्जन जनरल विवेक मुर्थीले यसै वर्ष आफ्नो रिपोर्टमा यस समस्यालाई अमेरिकाको 'राष्ट्रिय महामारी' भनेका छन्। गत मेमा प्रकाशित रिपोर्टमा मुर्थीले अमेरिकाको आधा जनसंख्या एक्लोपनसँग जुधिरहेको र यसले देशलाई आर्थिक रूपमा वार्षिक अर्बौंको नोक्सानी भइरहेको उल्लेख गरेका छन्।

एक्लोपनबाट ग्रसित हुनेमा अमेरिकी मात्रै छैनन्। गालअप र मेटाको सहकार्यमा गत अक्टोबरमा एक सय ४२ देशमा गरिएको सर्वेक्षणले विश्वको झन्डै एकचौथाइ जनसंख्या एक्लोपनबाट ग्रसित रहेको औंल्याएको थियो। यस सर्वेक्षणका क्रममा मानिसलाई 'तपाईं कति एक्लो महसुस गर्नुहुन्छ ?' भनेर सोधिएको थियो। जवाफमा २४ प्रतिशतले एक्लोपन महसुस गरेको प्रतिक्रिया दिएका थिए।

१५ देखि १८ वर्ष उमेर समूहका किशोर-किशोरीमध्ये २४ प्रतिशतले एक्लोपन महसुस गरेको प्रतिक्रिया दिएका थिए। त्यस्तै, १९ देखि २९ वर्ष उमेर समूहका २७ प्रतिशत, ३० देखि ४४ वर्ष उमेर समूहका २५ प्रतिशत र ४४ देखि ६५ वर्ष उमेर समूहका २२ प्रतिशतले एक्लोपन महसुस गरेका थिए। ६५ वर्षमाथिका वृद्धवृद्धाका हकमा एक्लोपन महसुस गर्नेको प्रतिशत कम देखियो। यस उमेर समूहमा १७ प्रतिशतले मात्रै एक्लोपन महसुस गरेका थिए। 'एक्लोपन वृद्धावस्थामा देखिने समस्या मात्र होइन भन्ने यसले स्मरण गराएको छ। यसले कुनै पनि उमेरका मानिसलाई जुनसुकै समयमा सताउन सक्छ,' गालअपका अनुसन्धान परामर्शदाता इल्यान मेसेले सिएनएनसँग भनेका छन्।

कोभिड- १९ महामारी र त्यसपछिको लकडाउनका कारण धेरै मानिस लामो समय घरभित्रै थुनिन बाध्य थिए। धेरै मानिस त्यसपछि फेरि काम

■ साइकोथेरापिस्ट
डा. विजय ज्ञवाली भन्छन्-



सोसल आइसोलेसन भएर बारम्बार निराशावादी सोच देखिने, मलाई सहयोग गर्ने मानिस कोही छैन भन्ने सोच बारम्बार आउने। डिप्रेसन, एन्जाइटी हुने, जीवनमा म केही गर्न सक्दिनँ भन्ने सोच आउने, निराशाको चरम बिन्दुमा पुगेर आत्महत्याको सोच आउने भएमा तत्कालै चिकित्सक वा मनोपरामर्शदातासँग सम्पर्क राख्नुपर्छ। यस्ता समस्या देखिएका व्यक्तिलाई परिवार र साथीभाइले पनि चिकित्सकको परामर्शमा लैजानुपर्छ।

वा स्कुलमा फर्किसकेका छन्। तर, आइसोलेसनको असर अझै विद्यमान छ। जसकारण, सन् २०२३ मा एक्लोपनविरुद्ध सचेतना फैलाउने विषय प्राथमिकतामा परेको छ। यसलाई विश्वव्यापी समस्याका रूपमा स्विकार्दै विश्व स्वास्थ्य संगठनले गत नोभेम्बरमा 'सामाजिक सम्बन्धका लागि आयोग' गठन गरेको थियो। यस आयोगमा अफ्रिकी युनियनका युवा प्रतिनिधि चिदो म्पेम्बा र अमेरिकी सर्जन जनरल मुर्थी सहअध्यक्ष छन्।

रोकथाम यसरी

गोपाल ढकाल
मनोविद्, मार्क नेपाल मनोसेवा केन्द्र



मुख्य कुरा मानिससँग अन्तर्क्रिया र संवादको वातावरण बनाउनुपर्छ। मोबाइल, कम्प्युटर र टिभीमा झुम्मिएर बस्नुहुँदैन। टिभी हेर्नैपरे समूहमा बसेर हेर्ने बानी बसाल्नुपर्छ। कुनै समस्या देखिए परिवारका सदस्य र साथीभाइसँग सेयर गर्नुपर्छ।

सामाजिक कार्यक्रममा सहभागी हुने, साथीभाइसँग पिकनिक जाने, नियमित व्यायाम गर्ने, समाजसँग घुलमिल हुनका लागि सांस्कृतिक कार्यक्रम, विभिन्न समारोह वा क्लबमा आबद्ध हुन सकिन्छ। यस्तो हुँदा सामाजिक सम्पर्क बढ्छ र एक्लोपन महसुस हुँदैन।

आगामी तीन वर्षमा एक्लोपनसँग सम्बन्धित ठूला समस्यासँग लड्नका लागि विश्वका सबै मुलुकका मानिसलाई एक-अर्कासँग जोड्न पहल गर्ने आयोगको योजना छ।

'एक्लोपन धेरै मानिसका लागि परिचित भावना हो। यो भोक वा तिर्खाजस्तै हो,' एसोसिएट प्रेससँगको अन्तर्वार्तामा मुर्थीले भनेका छन्, 'यो एउटा त्यस्तो भावना हो, जसलाई शरीरले हामीसमक्ष त्यतिवेला पुऱ्याउँछ, जब हामीलाई बाँच्नका लागि आवश्यक केही कुरा छुटिरहेको हुन्छ।'

उनी थप्छन्, 'दसौं लाख मानिस भित्रभित्रै संघर्ष गरिरहेका छन् र यो राम्रो होइन।' एक्लोपनले मुटु रोग, डिमेन्सिया, स्ट्रोक, डिप्रेसन, एन्जाइटी र अल्पायुमै मर्ने समस्याजस्ता जटिल रोग बढाइरहेकाले यसविरुद्ध जनचेतना जगाउन आवश्यक रहेको बिजनेस इन्साइडरको ठहर छ।

अमेरिकी रोग नियन्त्रण केन्द्र (सिडिसी)ले सामाजिक रूपमा मानिस एक्लो हुनुका केही सम्भावित पक्ष औंल्याएको छ। न्यून आम्दानी, डिप्रेसनलगायत मानसिक समस्या, सीमान्तकृत वा अन्यायमा परेको महसुस हुनु, भाषिक कठिनाइ तथा साधन-स्रोतमाथि पहुँच हासिल गर्न अप्ठ्यारो हुनु, सीमित स्रोतका कारण तनाव महसुस गर्नु, हिंसाको सिकार हुनु, जागिर गुम्नु वा प्रियजनसँग सम्बन्ध बिग्रनु, डिभोर्सलगायत समस्यालाई सम्भावित कारणका रूपमा सिडिसीले औंल्याएको छ।

अमोहा क्लिनिकका साइकोथेरापिस्ट डा. विजय ज्ञवाली भन्छन्, 'नेपालमा एक्लोपनबारे पर्याप्त अनुसन्धान भएको छैन। झन्डै १० प्रतिशत मानिस कुनै न कुनै मानसिक समस्याबाट ग्रसित छन् भन्ने डब्लुएचओको प्रतिवेदनमा उल्लेख छ। बाल्यकालको आहात, चोट, मानसिक पीडा, सामाजिक विखण्डन, घरेलु हिंसा, बसाइँसराइलगायत विभिन्न कारणले मानिसमा एक्लोपन निम्त्याएको हुन सक्छ।' उनी थप्छन्, 'कोभिड- १९ पछि मानिस सोसल आइसोलेसनमा बस्न थाले। भौतिक रूपमा भेट्नेभन्दा पनि भर्चुअल्ली कुराकानी गर्नेको जमात बढ्यो। बढ्दो स्क्रिन टाइमले पनि एक्लोपन बढाउन भूमिका खेलिरहेको छ। यसबाहेक राजनीतिक अस्थिरता, आर्थिक मन्दी, बेरोजगारीलगायतले पनि यसमा भूमिका खेलेको छ।'

बालबालिकामा प्रेरणा भर्ने सिनेमा



टोय स्टोरी सिरिज : सन् १९९५ मा टोय स्टोरीको पहिलो सिरिज सार्वजनिक भएको थियो। पछिल्लोपटक सन् २०१९ मा यो सिरिज रिलिज भयो। यस एनिमेटेड रोमाञ्चक फिल्मले मानिसहरू नभएका वेला जीवन्त रूपमा उठ्ने खेलौनाको कथा बोल्छ। यो फिल्मले बच्चालाई मित्रता, इमानदारिता र विविधताको महत्त्व बुझाउँछ।

द लायन किङ : सन् १९९४ मा रिलिज भएको यो फिल्मले एउटा सिंहको डमरुको कथा बोल्छ। उक्त डमरुले राजा बन्ने आफ्नो यात्राका दौरान कसरी जिम्मेवारी, हार र बहादुरीको महत्त्व बुझ्छ, त्यही विषयमा फिल्म केन्द्रित छ। यसलाई डिज्नी स्टुडियोले निर्माण गरेको हो।

फाइन्डिङ नेमो/फाइन्डिङ डोरी : फाइन्डिङ नेमो २००३ मा रिलिज भएको थियो। फाइन्डिङ डेमो २०१६ मा रिलिज भयो। यी दुवै फिल्ममा पानीमुनिको यात्रालाई देखाइएको छ। फाइन्डिङ नेमोले आफ्नो छोरा खोज्न हिँडेको एउटा माछाको कथा भन्छ। त्यसरी नै, फाइन्डिङ डोरी आफ्नो परिवारसँग पुनर्मिलन गर्ने लक्ष्य राखेकी डेरीको कथामा केन्द्रित छ।

फ्रोजन/फ्रोजन २ : फ्रोजन २०१३ मा रिलिज भएको थियो। फ्रोजन २ सन् २०१९ मा रिलिज भयो। यी दुवै फिल्म जादु, दिदीको माया र स्मरणीय संगीतका लागि चर्चित छन्। यसले माया, आत्मखोज र सच्चा पहिचानको स्वीकारोक्तिको कथा बोल्छ।

कोको : २०१७ मा रिलिज भएको यो फिल्मले मेक्सिकन संस्कृति र परम्परालाई देखाउँछ। यो फिल्म मिगुइल नामक एक युवाको अनौठो यात्रामा केन्द्रित छ।

पर्यटक लोभ्याउँदै महसिकारी

● शान्ता कमली

मह सिकार यात्रा साहसिक मानिन्छ। यस यात्राका क्रममा सिकारीहरूले ज्यानकै जोखिम मोल्छन्। पर्यटकहरूले पनि प्राकृतिक दृश्यावलोकन र साहसिक पदयात्राको मज्जा लिन पाउँछन्। लमजुङका विकट पहाडहरूमा परापूर्वकालदेखि नै स्थानीय गुरुङ समुदायले मह सिकार गर्ने गरेका छन्। यो उनीहरूको आम्दानीको स्रोत पनि हो।

पछिल्लो समय मह सिकार हेर्नको स्वदेशी तथा विदेशी साहसिक पर्यटकहरू पनि आउने गरेको घनपोखराका महसिकारी भक्तबहादुर गुरुङले बताए।

आङै सिरिंग हुने अग्ला भिर-पहरामा निडरका साथ महसिकारीहरूले मह काढेको दृश्य देख्दा रोमाञ्चक लाग्ने बैंसीसहरकी सरिता थापाले बताइन्। 'भिरमौरीको सिकार गरेको पहिलोपटक देख्दा अविष्मरणीय र रोचक लाग्यो,' उनले भनिन्।

०६३ मा लमजुङको ताप्रिङस्थित काप्रेभिरमा पर्यटक आकर्षित गर्ने लक्ष्यका साथ 'हनिहन्टिङ फेस्टिबल' आयोजना गरिएको थियो। लमजुङको सिउरुङ, पसगाउँ, घनपोखरा, खुदी, ताप्रिङ, भुलभुले, भुजुङ, नाइचे,



दूधपोखरीलगायतका भिरपहरामा भिरमौरी प्रशस्त पाइन्छ। यहाँ प्रत्येक वर्ष वैशाख, कात्तिक र मंसिरमा भिरमौरीको मह सिकार गरिन्छ।

यी क्षेत्रहरूमा मह सिकार हेर्न साहसिक पर्यटकहरू लालयित भए पनि युवापुस्ताको अभाव भएकाले वृद्धहरूले नै सिकार गर्नुपरेको अनुभव स्थानीय सुनाउँछन्। 'परापूर्वकालदेखि नै भिरपहरामा पाइने मह सिकार गर्न गाउँले हानाथाप गर्थे। तर, अहिले त्यस्ता मह सिकारी भेट्टाउनै मुस्किल हुन्छ,' स्यागेका पर्यटन व्यवसायी बलबहादुर गुरुङले बताए।

गुरुङ समुदायको परम्परागत पेसा नै रहेको मह सिकारको सीप हस्तान्तरण गर्दै मौरीको संरक्षण गर्नुपर्ने महसिकारी बुद्धिबहादुर गुरुङ बताउँछन्।

यसरी गरिन्छ मह सिकार

झन्डै १५ सयदेखि २५ सय मिटरको उचाइका पहारामा भिरमौरीले घार बनाउने गर्छ। भिरमौरीले आफ्नो सुरक्षा हेरेर पहाराको बीचमा घार बनाएको हुन्छ। कहींकतैबाट ठेस नपुग्ने ठाउँमा बनाइएका घारमा सिकार गर्न चोयाको डोरीको सहायता लिनुपर्छ। दुईवटा डोरी बाँधेर ठेल्ना राखिन्छ र भऱ्याङजस्तो बनाएर डोरीलाई भिरको सिरानमा रहेको रूखमा बाँधी त्यसबाट सिकारी झुन्डिएर मह काढ्ने गर्छन्। भिरमौरीको मह काढ्दा थोरै गल्ती भए ज्यानै पनि जान सक्छ। भिरमह विशेष गरी यौनवर्द्धक, शक्ति र हाडजोर्नी रोगीका लागि औषधिका रूपमा प्रयोग हुने मह सिकार गर्दै आएका मर्स्याङ्दी घनपोखराका भक्तबहादुर गुरुङले बताए।

पुरुषलाई सुहाउने फर्मल गेटअप



अहिले विवाहको सिजन चलिरहेको छ। विवाह पार्टीमा पुरुषहरू फर्मल देखिन चाहन्छन्। फर्मल पहिरन लगाउँदा केही विषय ध्यान दिन जरुरी छ, जसले तपाईलाई आकर्षक र स्मार्ट देखाउँछ।

● लुज कपडा लगाउँदा उमेर धेरै भएजस्तो देखिन्छ। त्यसैले शरीरमा फिट हुने कपडा लगाउनुपर्छ।

● फर्मल पहिरनमा कलर कम्बिनेसनको ठूलो भूमिका हुन्छ। फर्मल ड्रेसअप भनेकै सिम्पल र क्लासिक हो। त्यसैले रंगिचंगी सर्ट रोज्नुको साटो एकै कलरको सर्ट रोज्दा राम्रो हुन्छ। ब्ल्याक कलरको सुट र ह्वाइट कलरको सर्टलाई युनिभर्सल कम्बिनेसन मानिन्छ। गहुँगोरो स्किन भएकालाई साइनिङ कलर छनोट गर्दा राम्रो देखिन्छ।

● दिउँसोको इभेन्टमा ह्वाइट, लाइट ब्लुजस्ता लाइट कलरका सर्ट तथा नाइट पार्टीमा डार्क, नेभी ब्लु, मरुनजस्ता सर्ट छान्नु राम्रो हुन्छ।

● फर्मल ड्रेसअप गर्दा कपडा आइरन गर्न नभुल्नुस्।

● पाइन्ट सही लेन्थको छान्नुस्। पाइन्टको लेन्थ धेरै लामो भयो भने राम्रो देखिँदैन। धेरै छोटो पनि सुहाउँदैन।

● आफ्नो पहिरनमा म्याच हुने, राम्रोसँग पोलिस गरिएको छालाको जुत्ता लगाउनु राम्रो हुन्छ। बेल्टको रङसँग जुत्ताको रङ म्याच गर्दा राम्रो र स्मार्ट देखिन्छ। यसमा क्लासिक घडी लगाउँदा अझै राम्रो देखिन्छ।

जाडोमा घरमै गर्नुस् व्यायाम



गर्मीको दाँजोमा जाडोमा मानिस अल्छी हुन्छन्। त्यसैले उनीहरू जिम जान पनि गाह्रो मानिरहेका हुन्छन्। केही त्यस्ता अभ्यास छन्, जसलाई तपाईं घरमै गर्न सक्नुहुन्छ। यसले तपाईंलाई फिट र स्वस्थ्य राख्न मद्दत गर्छ।

■ **जम्पिङ ज्याक्स** : यसले पूरै शरीरको कसरत गराउँछ। त्यसैले कुनै पनि वर्कआउट गर्नुअघि वार्मअपका रूपमा पनि जम्पिङ ज्याक गर्ने गरिन्छ। यसले मांसपेशीहरूलाई सक्रिय गराउँछ, मुटुको चाल बढाउँछ र मुड फ्रेस गराउँछ। वजन घटाउन, स्टामिना बढाउन र तनाव कम गर्न यो कार्डियो एक्सरसाइज प्रभावकारी मानिन्छ।

■ **बर्पिस** : यसले पनि पूरै शरीरको कसरत हुन्छ। यसमा स्क्वाट, पुसअप र जम्प गरिन्छ। यो निकै तीव्र र प्रभावकारी छ। मांसपेशी बलियो बनाउन र मुटुको स्वास्थ्यका लागि यो निकै लाभदायी छ।

■ **जम्प रोप** : यसमा लागि धेरै समय र ठाउँ पनि आवश्यक पर्दैन। कोअर्डिनेसन, ब्यालेन्स र कार्डियोभस्कुलर फिटनेसका लागि यो प्रभावकारी छ।

■ **डान्स** : यदि अभ्यास गर्न मन लाग्दैन भने मनपर्ने संगीत बजाउनुस् र त्यसको तालमा नाच्नुस्। शरीर स्वस्थ्य राख्नका लागि यो पनि निकै प्रभावकारी उपाय हो।

गर्जाङ उपत्यका हाइड्रोपावर लिमिटेडको
दशौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८०/०८/०८ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको दशौं वार्षिक साधारणसभा मिति २०८०/०८/३० गते शनिवार (तदनुसार डिसेम्बर-१६, २०२३) बिहान १० बजे Saanvi Hotel and Sports Club, बौद्ध काठमाडौं मा संचालन हुने बारे मिति २०८० मंसिर ९ र १० गतेको नयाँ पत्रिकामा सूचना प्रकाशित गरिएकोमा विशेष कारणवश सो मितिमा साधारणसभा गर्न कम्पनी असमर्थ भएको कारणले कम्पनीको दशौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) वार्षिक साधारणसभा बस्ने मिति, समय र स्थान :

मिति : २०८०/०९/२७ गते शुक्रवार (तदनुसार जनवरी - १२ ,२०२४)
समय : बिहान १०:०० बजे
स्थान : Saanvi Hotel and Sports Club, बौद्ध काठमाडौं।

वार्षिक साधारण सभाको लागि छलफलको विषयहरू :

(ख) सामान्य प्रस्ताव :

१. आ.व. २०७९/०८० को संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने बारे ।
२. आ.व. २०७९/०८० को लेखा परीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण माथी छलफल गरी पारित गर्ने बारे।
३. लेखापरीक्षक नियुक्ति गर्ने बारे।

(ग) विशेष प्रस्ताव :

१. हाइब्रिड प्लान्ट बनाउने बारे।
२. कम्पनीको पूँजीवृद्धि सम्बन्धमा।
३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरिए बमोजिम संशोधन गर्नेसम्बन्धमा।
४. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन सम्बन्धि पारित प्रस्ताव कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति लिने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
५. विविध।

कम्पनी सचिव
गर्जाङ उपत्यका हाइड्रोपावर लि.

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०८/२९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण:

गणेश बहादुर बिष्टको नाती, मान बहादुर बिष्टको छोरा, चित्र कुमारी थापाको पति खोटाङ्ग जिल्ला डम्बखुसी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १०, बुद्धनगर बस्ने **जिवन कुमार बिष्ट** (ना.प्र.नं २६९८/१०१४१२, जारी मिति २०४५/११/२६, जिल्ला प्रशासन कार्यालय, खोटाङ्ग)।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. मान बहादुर बिष्टको बुहारी, दल बहादुर थापाको छोरी, जिवन कुमार बिष्टको पत्नि उदयपुर जिल्ला हडिया गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १०, बुद्धनगर बस्ने **चित्र कुमारी थापा** (ना.प्र.नं ४४०२, जारी मिति २०५०/१२/०२, जिल्ला प्रशासन कार्यालय, उदयपुर)।

धितो सुरक्षणको विवरण

१. **जिवन कुमार बिष्ट**को नाममा मालपोत कार्यालय, भक्तपुरमा दर्ता कायम रहेको जिल्ला भक्तपुर जिल्ला, ताथली गा.वि.स/न.पा वडा नं. २ स्थित कित्ता नं. ३८० को क्षेत्रफल ०-९-२-० को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौ फोन नं. ०१-४७९५२११

हाहाकारबीच एक चीत्कार

अहिलेको शासन-प्रशासनमा यति धेरै गन्जागोल छ कि माओवादी र कांग्रेसको 'शक्तिशाली गठबन्धन'समेत वेला-वेलामा चकराउँछ



● किशोर नेपाल

अग्रलेख

सुदूरपूर्वको नेपाली समाज काठमाडौं सहरजस्तो सामाजिक सञ्जालमा पोखिएका र पोतिएका निस्सारका हल्ला र बहसमा अल्झिएको छैन । यताका मानिसलाई यो कुराको राम्रो ज्ञान छ- बिर्तामोड झापाका अस्पताल व्यवसायी दुर्गा प्रसाईंको हाहाकारको सरोकार अधिकतम ब्याजदरमा ऋण बोकेका सर्वसाधारण जनताको सुख र शान्तिसँग पटक्कै छैन । विभिन्न बैंकसँग हुने-नहुने र कानुनी-गैरकानुनी तालमेल मिलाएर अर्बौंको ऋण बोकेका व्यवसायी प्रसाईंबारे सामान्य मानिसमा कुनै भ्रम पनि रहेको छैन । उनी न त महाराज ज्ञानेन्द्रका निकटवर्ती हुन्, न त नेपालको दुर्गतिमा आँसु बहाउने व्यक्ति । एमाले अध्यक्ष खड्गप्रसाद ओलीको काखमा लुट्पुटिएर धनमार्गमा अग्रसर यी व्यक्तिको पावर र तावर दुवै नक्कली हुन् । अहिले गरिब र निमुखाको नाममा गोहीको आँसु बहाउने प्रसाईंका कथित देशभक्तिको सीमा मेचीपारि पुग्नेबित्तिकै टुंगिन्छ । भारत, सिलिगुडीका ठगहरूसँग उनको आफन्तको नाता छ । प्रसाईंलाई यो कुराको राम्रो ज्ञान छ, सरकारको उच्च ओहोदामा रहेका नेपाली कर्मचारीको दायाँ हातले के गऱ्यो, उनीहरूकै बायाँ हातलाई पत्तो हुँदैन । यो उखान पनि हो र यथार्थ पनि हो ।

एकजना जानकार मित्र बताउँदै थिए- दक्षिण एसियाको भूपरिवेष्टित देश नेपाल र पश्चिम एसियाको भूपरिवेष्टित देश आर्मेनियाको अवस्था उस्तैउस्तै छ । राजनीतिक हिसाबले दुवै देशका वैधानिक शासन विधिसम्मत चलेका देखिन्छन् । तर, अवस्था त्यस्तो छैन । नेपाल र आर्मेनिया दुवै देशका संविधान छन् र पनि त्यहाँको समाजमा सन्नाटा छाएको छ । आर्मेनियामा पनि माफिया छन्, गुन्डा छन्, राजनीति छ र छेउमा रसिया छ । नेपालको अवस्था पनि उस्तै-उस्तै छ । नेपालमा पनि गुन्डा छन्, सुन तस्कर छन्, बिचौलिया छन् । छेउमा भारत छ । भारतसँगको खुला सिमानाको फाइदा उठाएर उचक्का व्यापारी रक्सीसेवन गर्न नेपाल सीमाभित्र छिर्छन् ।

देशमा राजनीतिक कोलाहल व्याप्त हुनु भनेको नै संवैधानिक सन्नाटाको अवस्था हो । यस्तो सन्नाटामा केही पूर्वकर्मचारी, केही अति धनाढ्य व्यापारी, केही शिक्षा क्षेत्रका माफिया र केही भूमाफिया सक्रिय रहन्छन् । सरकारका मन्त्रीहरू तिनैका पछि-पछि लाग्छन् । यस्तो जटिलतम अवस्थामा यो अति निर्धन देशको संविधान जीवित र सक्रिय रहन्छ कि रहँदैन ? यो कुरा संविधानविद्हरूले नै जानून् । यो साँचो हो- अर्थमन्त्रीले अर्थतन्त्रमा सुधार आउन लागेको कुरा जतिसुकै ठूलो स्वरले संसारको आर्थिक राजधानीका रूपमा रहेको न्युयोर्क सहर नै छिचोल्ने गरी चिच्याए पनि यथार्थ फरक छ । रुकुम र जाजरकोटका भूकम्पपीडितको विचल्ली छ । उनीहरू आफ्नो भत्किएको घरको खोजीमा छन् । तर, यता राजधानीमा जगमग छ । काठमाडौं महानगरले पुरानो पेटी भत्काएर नयाँ सुन्दर पेटी बनाएको छ । ठेकेदारहरू रमाएका छन् । यद्यपि, बागमती करिडोरमा अलपत्र बसेका मानिसको चिन्ता महानगरको नेतृत्वमा देखिँदैन । सहरमा एनसेल टेलिफोनको चर्चा छ । विमानस्थलबाट सुन तस्करीको नियमित मेलो खुलेको छ । शासन-प्रशासनमा यति धेरै गन्जागोल छ कि माओवादी र कांग्रेसको 'शक्तिशाली गठबन्धन'समेत वेला-वेलामा चकराउँछ । मन्त्रीहरू सधैं आपाधापीमा छन् । कांग्रेसमा देउवा र शेखर दुवै नेताका समूह मन्त्री पदको दाबी गर्दै पुच्छर तानातान गरिरहेका छन् । माओवादीमा त्यही खालको संकट त छैन होला । तैपनि, प्रधानमन्त्री तथा अध्यक्ष प्रचण्डको चिन्ता बढेको देखिन्छ । अहिलेसम्म शक्तिमाथि आफ्नो नियन्त्रण राख्न सफल देखिनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड अप्ठेरोमा पर्न थाल्नुभएको त होइन ? आशंका छ ।

कामरेड प्रचण्डलाई पक्कै पनि यो कुराको ज्ञान नभएको होइन कि राजनीतिमा जनता नै निर्णायक तत्त्व हुन् । उहाँलाई थाहा छ तीन सय पुरानो रोमानोव वंशलाई रुसबाट उखेल्दा कसैले 'चुँ'सम्म गरेन । नेपालमा संघीय गणतन्त्र स्थापनापछि यस्तै स्थिति थियो । तर, न कांग्रेसका सुशील कोइरालाले, न प्रचण्डले, न त केपी ओलीले, कसैले पनि संघीय गणतन्त्रको प्रतिरक्षामा सिन्को भाँचेनन् । नेपालीहरू अहिले पनि संघीय गणतन्त्र नेपालमा जनताको पक्षमा आधारभूत परिवर्तन होस् भन्ने चाहन्छन् । जनताले चाहेका छन्- गरिब किसानले खेती गर्ने जग्गा पाओस्, मल बिउ-बिजनको सुविधा उपलब्ध होस् । स्वास्थ्य र शिक्षाको व्यवस्था होस् । विपरीत, भ्रष्टहरूको जालमा परेर कहिले सिक्टा नहर पानीमा घुल्छ, कहिले मेलम्चीको कुलो आफैं भत्किन्छ । कुनै एकजना प्रधानमन्त्रीले चोरको खुट्टा समात्न सकेको होइन । सधैं ठगहरू फुत्किन्छन् ।

अहिले पुरातनपन्थीहरू संघीय गणतन्त्रविरुद्ध नारा लगाइरहेछन् । भ्रष्टाचार भयो रे ! कुन शिष्टाचार थियो, राजाको पालामा ? विकेन्द्रीकरण जाज्वल्य थियो त्यतिखेर । खोइ त भएको नेपालको विकास ? राजा वीरेन्द्र आफैं धाराको टुटी खोलेर पानी झार्थे । भोलिपल्टैदेखि ती धारामा पानी आउन छाड्थ्यो । सरकारी भारदारहरू कास्मिरबाट स्याउ मगाउँथे । किस्तीमा सजाउँथे र राजालाई ज्युनार गराउँदै भन्थे- जुम्लामा फलेको स्याउ सरकार !



> अर्थमन्त्रीले अर्थतन्त्रमा सुधार आउन लागेको कुरा जतिसुकै ठूलो स्वरले संसारको आर्थिक राजधानीका रूपमा रहेको न्युयोर्क सहर नै छिचोल्ने गरी चिच्याए पनि यथार्थ फरक छ ।

> देशमा राजनीतिक कोलाहल व्याप्त हुनु भनेको नै संवैधानिक सन्नाटाको अवस्था हो । यस्तो सन्नाटामा केही पूर्वकर्मचारी, केही अति धनाढ्य व्यापारी, केही शिक्षा क्षेत्रका माफिया र केही भूमाफिया सक्रिय रहन्छन् ।

विज्ञहरू भन्छन्- पूर्व होस् वा पश्चिम, जताको भए पनि अहिलेको प्रादेशिक अन्योल वर्तमान संविधानको दोष हो । हामीले हाम्रो संविधानलाई महिमामण्डित गरिसकेका छौं । हाम्रो संविधानमा रहेको प्रादेशिक संरचनाका घोर विरोधी राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले उपप्रधानमन्त्री बनेर आफ्नो हुर्मत र हैसियत गुमाइसक्नुभएको छ । जनताले सोचेका थिए, कम्तीमा पनि चित्रबहादुरजी जस्तो साख भएका नेताले राजनीतिक रूपले त्यति विद्रूप निर्णय लिनुहुनेछैन । यो अवस्थामा नेपाली राजनीतिमा वामपन्थी वा गैरवामपन्थी कहलिएका नेताहरूको हैसियत उदांगो भइसकेको छ ।

पछिल्लो चुनावपछि तेस्रोपटक देशको प्रधानमन्त्री हुनुभएका प्रचण्डले अहिलेसम्म आफ्नो राजनीतिक कौशल त देखाउनु नै भएको छ । धेरै कम प्रधानमन्त्रीले मात्र यसरी एकैपटक बेइजिङ, वासिंटन र नयाँदिल्लीको मन जितेका थिए । प्रचण्डजीले अनहोनी गर्नुभएको छ । तर, उहाँको त्यो कौशलको व्यावहारिक परिणाम देखिन सकेका छैनन् । यद्यपि, कांग्रेस-माओवादी गठबन्धनका विपक्षमा एमालेले शक्ति प्रयोग गरेको छैन । एमाले त्यो शक्ति प्रयोगको पक्षमा देखिएको पनि छैन । यो राम्रै संकेत हुनुपर्छ । नेपालका राजनीतिक दलहरूमा विग्रह र विभाजनको रोग महामारीकै रूपमा फैलिएको छ ।

पछिल्लो जनआन्दोलन र जनयुद्धको एकीकरणका कारण नेपालमा गणतन्त्र स्थापना भएको थियो । त्यसका लागि कारक बनेका नेपाली कांग्रेस, एमाले, माओवादी र मधेसवादी दल आन्तरिक विग्रह र विभाजनको मनस्थितिमा देखिएका छन् । एक्लाएक्लै शासन सञ्चालन गर्न कुनै पनि दल समर्थ नहुने अवस्थाको सिर्जना अहिलेको संविधानले गरेको हो । तर, नेताहरू यत्रो संवैधानिक त्रुटिलाई सच्याउन नलागेर देशको प्रादेशिक विभाजनतिर खनिएका छन् ।

जंगबहादुर राणाको पालादेखि नै राजनीतिक नेताहरू, सरकारका अधिकारीहरू र व्यापार-व्यवसायका नेताहरूको मिलिभगत र साँठगाँठमा चलिरहेको देशमा प्रादेशिक र स्थानीय विकासको अवधारणा आफैंमा अप्ठेरो अवस्था हो । मनमौजी हिसाबले शासन चलाएर देश कजाउने बानी लागेको छ नेताहरूको । यसविरुद्ध राजनीतिक दलका कार्यकर्ता नै सचेत हुनुपर्छ । कांग्रेस, माओवादी र एमालेका जुझारु कार्यकर्ताले चाहेमा धेरै ठूलो परिवर्तन हुनेछ नेपालमा । यसमा द्विविधा नराखे हुन्छ ।

३ प्रश्न

राजनीतिक विश्लेषक **शंकर तिवारी**लाई



कांग्रेसमा महामन्त्री गगन थापा र नेता शेखर कोइरालाबीचको पछिल्लो संवादलाई कसरी हेर्नुभएको छ ?

विशेषगरी अधिल्लोपटक महामन्त्री गगन थापाले संसदीय दलको नेतामा निर्वाचन लड्दा इतर समूहमा रहेको भनिएको मत पनि पाउनुभएन । यस घटनापछि महामन्त्री थापा र नेता शेखर कोइरालाबीच बिस्तारै संवादहीनता बढ्दै गयो र त्यो पछि लगभग ठप्पै भयो । यसबीच संघदेखि प्रदेश सरकारमा पार्टीको प्रतिनिधित्वको सवालमा कोइरालाले महामन्त्री थापासँग सरसल्लाह गर्नुभएन । कोसी प्रदेशको सन्दर्भमा त उहाँ पार्टीको लाइनविपरीत नै जानुभयो । भलै पार्टीले उहाँको कदमलाई अनुमोदन गरेजस्तो देखिएको छ । यस्तो अवस्थामा बसेको इतर समूहको बैठक र नेताद्वयबीचको संवाद सौहार्दपूर्ण देखिएको छ । आमजनता, पार्टी कार्यकर्ता र मिडियाको सकारात्मक चासो र अपेक्षाले गर्दा नेताद्वयबीच कार्यशैली अलग भए पनि मतभेद नरहेको पुष्टि भएको छ ।

इतर समूहले एकढिक्का रहेर संस्थापन पक्षलाई चुनौती दिन सक्ला त ?

सभापति शेरबहादुर देउवाको 'टावरिङ पर्सनालिटी'ले सक्रिय राजनीतिबाट विश्राम लिँदै गर्दा स्वयं संस्थापन पक्ष नै एकढिक्का रहला या नरहला, यसै भन्न सकिन्न । हिजो कोइराला क्याम्पमा पनि यस्तै परिदृश्य देखिएको थियो । यस्तो अवस्थामा अहिले इतर समूहमा देखिएको एकताले पार्टीमा फरक सन्देश दिएको छ । पक्कै पनि यसले भविष्यमा सकारात्मक नतिजा दिनेछ ।

इतर समूहमा अर्का महामन्त्री विश्वप्रकाश शर्मालगायत नेताहरू अटाउन सक्ने सम्भावना कति देख्नुहुन्छ ?

महामन्त्री थापाले संसदीय दलमा उठ्दा अर्का महामन्त्री विश्वप्रकाश शर्मा, प्रदीप पौडेललगायत नेताले पूर्णतः साथ दिनुभएकै हो । तर, नेता शेखर कोइरालाले उदारता नदेखाउँदा उहाँहरू समूहमा नअटेको देखिएको मात्र हो । सायद उहाँहरू कोइरालाको उदारताको प्रतीक्षामा हुनुहुन्छ कि ?

प्रेरक प्रसंग

एक मिनेट पर्खे

एकजना भक्त ईश्वरसित साक्षात्कार गर्न र उनलाई केही प्रश्न सोध्न चाहन्थे । त्यसैले, उनी ईश्वरको खोजीमा निस्किए । ईश्वर खोज्दै जाँदा उनी एउटा अग्लो पहाडको टुप्पामा पुगे । उनले त्यहाँ साँच्चै ईश्वरको दर्शन पाए । ईश्वरको दर्शन पाउँदा उनी हर्षविभोर भए । ईश्वरले उनी त्यसरी त्यहाँसम्म आउनुको कारण जान्न चाहे । भक्तले आफू ईश्वरको दर्शनका लागि र केही प्रश्न सोध्न त्यहाँसम्म पुगेको बताए । भक्तले ईश्वरसित केही प्रश्न सोध्ने अनुमति मागे । ईश्वरले भक्तलाई प्रश्न सोध्ने अनुमति दिए । भक्तले पहिलो प्रश्न सोधे- प्रभु ! हजुरका लागि सय वर्षको अवधि के हो ? ईश्वरले जवाफ दिए- मात्र एक मिनेट । भक्तले एकछिन सोचे र पुनः अर्को प्रश्न सोधे- हजुरका लागि एक करोड रुपैयाँ के हो ? ईश्वरले तत्कालै जवाफ दिए- मात्र एक रुपैयाँ । ईश्वरको जवाफ सुनिसकेपछि भक्तले दायाँबायाँ हेरे, केहीबेर मौन रहे र भने- प्रभु ! म हजुरबाट मात्र एक रुपैयाँको आशा राखेर यहाँसम्म आएको छु । भक्तको कुरा सुनेर ईश्वर मुसुक्क मुस्कुराए र भने- हुन्छ, त्यसका लागि एक मिनेट पर्खे है त ! सक्छौ नि पर्खिन ? ईश्वरको जवाफ सुनेपछि भक्त अकमक्क परे ।



टिप्पणी

nayapatrikaofficial
@naya_patrika

धर्ना बस्नु अवैध हो र ?

अभियन्ता इःको माग बिल्कुलै गलत छ भन्नेमा सन्देह छैन । तर, उनले धर्ना नै बस्न पाउँदैनन् भन्ने अधिकार भने कसैलाई छैन । किनकि, नेपालको संविधानले नै प्रस्ट पारेको छ, शान्तिपूर्ण धर्ना, विरोध, जुलुस प्रदर्शन गर्न जोकोहीले पनि पाउँछ । यसअघि पनि अभियन्ता इः काठमाडौं महानगरअगाडि पनि धर्ना बसेकै हुन् । देख्नेहरूलाई उनी धर्नामा बसेका हुन् भन्ने खासै लाग्दैनथ्यो । उनको धर्ना शालीन र मर्यादित थियो । त्यहाँ होहल्ला पनि थिएन र आवतजावतमा अवरोध पनि थिएन । त्यसैले, उनको धर्ना बस्न पाउने अधिकार कसैले पनि कुण्ठित नगरौं ।

● **मानबहादुर तामाङ**, काठमाडौं
maanlama75@gmail.com

श्रमिकको पैसा दुरुपयोग नगर

वैदेशिक रोजगारीमा रहेका श्रमिकको कल्याणकारी कोषबाट १० करोड रकम सफ्टवेयर मर्मतमा खर्च गरिने समाचार पढेपछि केही लेख्न मन लाग्यो । श्रमिकको हितमा खर्चिनुपर्ने रकम यसरी कार्यालयको सफ्टवेयर मर्मतमा खर्च गर्नु भनेको श्रमिकको पैसाको दुरुपयोग हो । श्रमिकलाई तालिमको व्यवस्था गर्न, अंगभंग भई स्वदेश फिर्ता गराउँदा, क्षतिपूर्ति दिन र फिर्ता आएका श्रमिकका परिवारलाई सहयोग गर्न तयार गरिएको कोषको रकम अन्य काममा दुरुपयोग नगर ।

● **सत्य सुवेदी**
सिनामंगल, काठमाडौं

लुम्बिनीको सकारात्मक ऐन

लुम्बिनी प्रदेशले महिला निजामती कर्मचारीलाई महिनावारी हुँदा बिदा दिने गरी निजामती ऐन ल्याएको समाचार सुन्दा खुसी लाग्यो । यो व्यवस्था लुम्बिनी प्रदेशमा मात्र होइन, देशैभर लागू गरिनुपर्छ । खासगरी महिनावारीको समयमा महिलाले निकै अप्ठ्यारो झेल्नुपर्ने हुन्छ । त्यस्तो अवस्थामा उनीहरूलाई कुनन बनाएरै बिदा दिने व्यवस्था गरिनु अत्यन्त सकारात्मक छ । ऐनमा समेटिएको यो व्यवस्था कार्यान्वयनका लागि अब सकेसम्म छिटो नियमावली ल्याउन आवश्यक छ ।

● **शोभिता तामाङ**
कीर्तिपुर, काठमाडौं

नेपाल राष्ट्रिय पुस्तकालयको बिसन्चो

नेपाल राष्ट्रिय पुस्तकालय एक महत्त्वपूर्ण सांस्कृतिक निधि हो । यसको साबिक ठेगाना हरिहर भवन हो भन्ने सबैलाई थाहै छ । ०७२ को भूकम्पपछि यसलाई बाल पुस्तकालय भएको स्थानमा सारियो । केही वर्षदेखि यो यसको साबिक ठेगानाबाट हराएको छ । वेलावेलामा जमलको परीक्षा नियन्त्रण कार्यालय भएको स्थानमा यसलाई सार्ने खबर पत्रपत्रिकामा पढ्न पाइन्थ्यो । सार्वजनिक पुस्तकालयमा सबैभन्दा गतिलो राष्ट्रिय पुस्तकालयबारे बौद्धिक पाठकको मात्र होइन, सर्वसाधारणको पनि चासो हुनु आवश्यक छ ।

नेपाल राष्ट्रिय पुस्तकालयको कार्यालय र व्यवस्थापन हाल सानोठिमी भक्तपुरमा हुँदै आएको छ । कर्मचारीहरू यो यसको अस्थायी ठेगाना हो भन्छन् । अस्थायी ठेगाना भएकाले पुस्तक व्यवस्थापनमा यसका सामान्य सिद्धान्तको पालनाधरि हुन सकेको छैन । पढ्ने हो भने पाठक आफैंले किताब खोज्नुपर्छ । राष्ट्रिय पुस्तकालयमा सबै पत्रपत्रिका उपलब्ध हुन्छन् भन्ने ठान्नुहुन्छ भने त्यो सोचाइ गलत ठहरिनेछ । यहाँ राष्ट्रिय दैनिकमध्ये केही गिनेचुनेका पत्रिका मात्र आउँछन् । काठमाडौंबाट प्रकाशन हुने धेरै राष्ट्रिय दैनिक यहाँ पाइँदैनन् ।

दैनिक पाठकको संख्या अत्यन्त थोरै भए पनि पाठकको झोलाको व्यवस्थापनमा भने पुस्तकालयको चासो बढेको देखिन्छ । यो राष्ट्रिय पुस्तकालय हो र अहिले पाठकको संख्या घटे पनि कुनै दिन भरमार पाठक हुन्छन् भन्ने दूरदर्शिताको परिणामस्वरूप स्टिलका ब्याग च्याक थपिएका छन् । पुस्तकालयमा खानेपानीको पनि प्रायः अभाव छ ।

नाक थुनेर जान सक्ने पाठकका लागि पुस्तकालयमा शौचालयको पनि व्यवस्था छ । हात धुने साबुन भने पाठकले घरबाटै लानुपर्ने अवस्था छ । यस्तो अवस्थामा सुधार कहिले होला ?

● **निशाकुसुम शर्मा**, लोकन्थली, भक्तपुर
kusumsharmasir@gmail.com

तालिबान सत्तामा बालिका शिक्षाको चुनौती

तालिबान सरकारभित्रको आन्तरिक विभाजनले लैंगिक समानताको सीमित अवसर सिर्जना गरेको छ



देश/विदेश

● गोर्डन ब्राउन ● यास्मिन सेरिफ

अमेरिकी सेनाले अफगानिस्तानमा दशकौं लामो युद्ध अन्त्य गरेको दुई वर्षभन्दा बढी भइसकेको छ र अहिले विश्वको ध्यान गाजा र युक्रेनमा जारी डरलाग्दो द्वन्द्वतर्फ मोडिएको छ । अफगानिस्तानमा कोलाहलमाझ भएको अमेरिकी सैन्य फिर्तीको दुई वर्ष हुँदा पनि अस्तव्यस्तता टुटेको छैन । अफगानिस्तानमा अवस्था सुधार हुनुको सट्टा अगस्ट २०२१ मा तालिबानले पुनः नियन्त्रण गरेपछि मुलुकमा आर्थिक र मानवीय संकट बढेको छ ।

अफगान बालिका र महिलाको अवस्था विशेषतः तिनको व्यक्तिगत र व्यावसायिक जीवनको आशा तीव्र ढंगले चकनाचुर हुँदै गएको छ । एकपछि अर्को फरमान जारी गरिरहेको धर्मशासित अफगान सरकारले बालिका र महिलाका शिक्षालगायत आधारभूत मानवअधिकार योजनाबद्ध रूपमा खोसिरहेको छ । नतिजा अफगानिस्तान संसारकै एक यस्तो मुलुक बनेको छ, जहाँ बालिकालाई ११ वर्षको उमेरपछि विद्यालय जान प्रतिबन्ध लगाइएको छ ।

लाखौं अफगान बालिका आफ्नो प्रतिभा विकास गरी आफ्नो सपना पूरा गर्ने अवसरबाट वञ्चित छन् । यो अवस्थाले बालिकाको सम्पूर्ण पुस्तालाई दीर्घकालीन क्षतिको जोखिममा पार्नेछ र तंग्रिन खोजिरहेको मुलुकको आर्थिक भविष्यलाई खतरामा पार्नेछ । दुर्भाग्य, शिक्षा जारी राख्न पाकिस्तान पलायन भएका बालिका र महिला फेरि शिक्षाबाट वञ्चित हुनेछन् । पाकिस्तान सरकारले हालै १७ लाख दस्ताबेजविहीन अफगानलाई देशनिकाला गर्ने निर्णय गरेको छ र यीमध्ये करिब ७० हजार तालिबानको पुनरोदयपछिका शरणार्थी हुन् । तर, यति भन्दै गर्दा तालिबानमा एकै किसिमका धारणा राख्ने मानिस छैनन् । अर्थात् केही सरकारी अधिकारीले आफ्ना छोरी विद्यालय जाँदाको महत्त्वलाई गम्भीर ढंगले बुझेका छन् भन्ने भान हुन्थ्यो । यही नोभेम्बरमा तालिबानको पुनरोदयपूर्वका शिक्षामन्त्री रीगिना हमिदी अफगानिस्तान पुगेका थिए । अफगानिस्तानबाट फर्किएपछि उनले मनाउन सके तालिबानले बालिकाका लागि पुनः विद्यालय सञ्चालन गर्न सक्ने बताएका थिए । यसो हुनका लागि अन्तर्राष्ट्रिय समुदायले तालिबानसँग थप सक्रियतापूर्वक संलग्न हुन आवश्यक छ । यस क्रममा कट्टरपन्थी नभई मध्यम मत राख्नेलाई प्रोत्साहन गर्ने समर्थन चाहिन्छ । हमिदीलगायतको अनुभवले बालिका र महिलाको शिक्षालाई लिएर तालिबान शासनमा आन्तरिक विभाजन बढिरहेको देखिन्छ । यस सन्दर्भमा मुसलमान राष्ट्रका नेतृत्वको प्रतिनिधिमण्डलले अफगानिस्तानको भ्रमण गर्नुपर्छ । यस्तो प्रतिनिधिमण्डलले काबुलमा तालिबानको औपचारिक शासकीय मन्त्रिपरिषद् र कान्दहारमा धार्मिक नेता सम्मिलित नेतृत्वको परिषद्सँग भेट्न सक्छ । यसको उद्देश्य संवादको ढोका खोल्नु र बालिका शिक्षामा लगाइएको प्रतिबन्धलाई उल्ट्याउन समर्थन जुटाउनु हो । अफगानिस्तानको डरलाग्दो अवस्थाले तत्काल पहलकदमी हुनुपर्छ भन्ने देखाउँछ । तालिबानले सत्तामा फर्किनुअघि नै यो देश विश्वकै सबैभन्दा गरिब र अविकसितमध्ये एक थियो । तालिबान शासनले दुई वर्षभन्दा बढी समय बिताउँदा अर्थव्यवस्था लगभग विघटन भएको छ । राष्ट्रसंघको विश्व खाद्य कार्यक्रमले ३४ मध्ये २५ प्रान्तले आपत्कालीन उपरी सीमासमेत पार गर्दै तीव्र कुपोषणको अनुभव गरिरहेका छन् र यो स्थिति थप बिग्रने अनुमान गरेको छ । यसबाहेक राष्ट्रसंघको मानवीय मामिला समन्वय कार्यालयले अफगानिस्तानको दुईतिहाइ जनसंख्यालाई तत्काल मानवीय सहायता आवश्यक रहेको अनुमान गरेको छ । अर्थात् दुई करोड ८३ लाख मानिसलाई सहायताको आवश्यकता छ । लामो समयसम्म खडेरीजस्तो अवस्था र देशले अहिले व्यहोरिरहेको गम्भीर आर्थिक गिरावटका कारण दबाब उत्पन्न भएको हो ।

यी डरलाग्दा तथ्यांकका बाबजुद तालिबानको धार्मिक नेतृत्वले लगातार बालिका र महिलाको अधिकारलाई खलल पार्ने काम गरिरहेका छन् । अर्थात् अन्य नीति लक्ष्यका सट्टा लैंगिक बहिष्करणमा बढी ध्यान दिइएको छ । यो नियोजित बहिष्करण बालिका र महिलालाई माध्यमिक वा उच्च-माध्यमिक तहमा वञ्चितीकरण गर्नेमा मात्रै सीमित छैन । यसमा महिलाको हिँड्डुलको अधिकार, अभिव्यक्तिको अधिकार र संघसंस्था खोल्ने स्वतन्त्रतामा हुने रोक पनि पर्छ । यसबाहेक महिलालाई लगभग सबै प्रकारको रोजगारीबाट वञ्चित गरिएको छ । महरम (पुरुष आफन्त) बिना घरबाहिर निस्कन नसक्ने हुनाले सार्वजनिक जीवनमा महिलाको सहभागिता अत्यन्तै सीमित छ । यसबाहेक तालिबानले न्यायिक प्रणालीमार्फत महिलाले न्याय खोज्ने लगभग सबै सम्भावना हटाएको छ ।



तस्बिर : सनाहुल्ला सिवाम/एएफपी

यस वर्षको सुरुमा राष्ट्रसंघका विज्ञले अफगानिस्तानको भ्रमण गरेपछि मानवअधिकारका लागि उच्चायुक्तको कार्यालय (ओएचसिएचआर) ले एउटा प्रतिवेदन जारी गरेको थियो । प्रतिवेदनको निष्कर्षअनुसार तालिबानका लिंगभेदी र स्त्रीद्वेषी नीति एवं तिनको सख्त कार्यान्वयनलाई 'लैंगिक उत्पीडन र लैंगिक अपर्थाइड (विभेद) को संस्थागत खाका'को संज्ञा दिएको छ । अफगानिस्तानमा मानवअधिकारसम्बन्धी (ओएचसिएचआर) विशेष दूत रिचर्ड बेनेटले यसलाई 'मानवताविरुद्धको अपराध' भनेर वर्णन गरेका छन् । तालिबान सरकारले कूटनीतिक मान्यता अझै अस्वीकार्य नै देखिन्छ । यो तबसम्म ठीक छ, जबसम्म धार्मिक आदेशले बालिका र महिलालाई तिनको आधारभूत मानवअधिकारबाट वञ्चित गरिन्छ । यस्तो परिस्थितिमा पूर्णतया सामान्य कूटनीतिक सम्बन्ध असम्भव देखिन्छ । तर, यसले अन्तर्राष्ट्रिय समुदायलाई लैंगिक समानतालाई प्रवर्द्धन गर्ने कदम चाल्नबाट रोक्दैन । एउटा सम्भावित कदमका रूपमा संवादका नयाँ ढोका खोल्नुलाई लिन सकिन्छ । यो सम्भवतः कतार वा युनाइटेड अरब इमिरेट्समार्फत हासिल गर्न सकिन्छ । यसले अफगानिस्तानका सबै युवालाई शिक्षित गर्नुको अनिवार्यतालाई मान्यता दिने तालिबान अधिकारीसँग संवाद गर्ने वातावरण निर्माण गर्नेछ । सरकारभित्रको आन्तरिक विभाजनले सीमित अवसर सिर्जना भने गरेको छ । हामीले यो क्षणलाई विश्वका सबैभन्दा उत्पीडित बालिका र महिलालाई तिनको क्षमता पूरा गर्ने मौकाका रूपमा लिनुपर्छ ।

(ब्राउन बेलायतका पूर्वप्रधानमन्त्री एवं विश्व शिक्षाका लागि राष्ट्रसंघका विशेष दूत हुन्, सेरिफ एजुकेसन क्यान्नट वेट नामक वैश्विक कोषकी कार्यकारी निर्देशक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

विदेशमा शिख नेताको हत्यापछि भारतको बिग्रिएको छवि



● शशी थरुर

संयुक्त राष्ट्रका पूर्वउपमहासचिव थरुर हाल कंग्रेस पार्टीका सांसद हुन् ।

क्यानडा र अमेरिकामा शिख पृथक्तावादी नेताको हत्या योजनामा भारतको नाम जोडिएपछि अमेरिकासँगको भारतको सम्बन्ध र देशको विश्वव्यापी छविमाथि नै असर परेको छ

अमेरिकाले भारतीय नागरिक निखिल गुप्तामाथि शिख पृथक्तावादी नेता तथा अमेरिकी नागरिक गुरपतवन्त सिंह पन्नुनलाई न्युयोर्कमा मार्ने योजना बनाएको आरोप लगाएको छ । ५२ वर्षीय आरोपित गुप्ता लागुऔषध तथा हतियार व्यापारी हुन् । अभियोगमा नयाँदिल्लीका एक भारतीय सरकारी अधिकारीले गुप्तालाई हत्याको व्यवस्था गर्न पैसा दिएको भनिएको छ । यस प्रकरणले अमेरिकासँगको भारतको सम्बन्ध र देशको विश्वव्यापी छविमाथि नै असर परेको छ ।

केही महिनाअघि मात्रै क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले गत जुन महिनामा क्यानडामा मारिएका क्यानेडेली नागरिक हरदीप सिंह निज्जरको हत्यामा भारत सरकारको 'हात रहेको' 'विश्वसनीय आरोप' आफूहरूकहाँ आएको बताएका थिए । ट्रुडोको उक्त भनाइले भारत र क्यानडाबीच कूटनीतिक तनाव निम्त्याएको थियो । भारतले क्यानडाको आरोपलाई गलत भन्दै नयाँदिल्लीस्थित क्यानेडेली नियोगमा काम गर्ने ४१ क्यानेडेली कूटनीतिज्ञलाई देश फर्किन आदेशसम्म दियो । ट्रुडोले निज्जरको हत्यामा भारत सरकारको संलग्नता रहेको ठोस प्रमाण पेस गर्न नसके पनि अमेरिकी न्याय मन्त्रालय भने अदालतमा प्रमाण पेस गर्न तयार छ । अमेरिकी सरकारसँग रहेको भनिएका विवरणमध्ये एउटा सामग्रीले दुइटा घटनाबीच सम्बन्ध रहेको देखाएको बताइन्छ । नयाँदिल्लीमा बसेर गुप्तालाई निर्देशन दिने अधिकारीले गुप्तालाई पठाएको भनिएको एउटा भिडियो क्लिपमा 'निज्जरको रगतले लतपतिएको



शरीर गाडीमा बाहिर झरेको देखाएको' बताइन्छ । सो भिडियो गुप्ताले लापरबाहीपूर्वक उनले भाडामा लिएका बन्दुकधारीलाई(हिटम्यान) पठाउँदा अमेरिकी अधिकारीको हातमा पुगेको थियो ।

रोचक के भयो भने गुप्ताले गरपतवन्तलाई मार्न भाडामा लिएका बन्दुकधारी(हिटम्यान) अमेरिकाको लागुऔषध नियन्त्रणसम्बन्धी निकाय 'युएस ड्रग इन्फोर्समेन्ट एड्मिनिस्ट्रेसन (डिइए)' का गुप्त एजेन्ट (अन्डरकभर एजेन्ट) निस्किए । ती एजेन्टले गुप्ताबाट थप प्रमाण चुहाउन सावधानीपूर्वक उनीसँग काम गरेको नक्कल गरे । यस क्रममा एजेन्टले गुप्ताको लापरबाहीपनबाट यति धेरै प्रमाण फेला पार्न सफल भए कि त्यसबाट संलग्न सबैलाई मुद्दा लगाउन पर्याप्त हुने बताइएको छ । नयाँदिल्लीमा बसेर गुप्तालाई भिडियो, सन्देश र विस्तृत योजना प्रदान गर्ने अधिकारीले पनि पर्याप्त सावधानी नअपनाइएको देखिएको छ । हालसम्म प्राप्त प्रमाणका आधारमा अमेरिकी अधिकारीले सहजै गुप्तालाई दोषी ठहऱ्याउन सक्छन् ।

यो प्रकरण भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको बाहिर प्रचार गरिएको प्राथमिकतासँग असंगत देखिन्छ । वर्तमान मोदी सरकारले भारतलाई जिम्मेवार विश्वव्यापी शक्ति, जी-२० को प्रभावशाली आवाज र ग्लोबल साउथ (मुख्यतः दक्षिण गोलार्द्धमा रहेका विश्वका विकासोन्मुख मुलुक)को नेताको रूपमा प्रवर्द्धन गर्न ठूलो मिहिनेत लगाएको छ । यस सरकारले देशवासीमाझ तिनको देश 'विश्वगुरु' बनिसकेको दाबी गर्ने गरेको छ । मोदीको नेतृत्वमा, भारतले अमेरिकासँगको सम्बन्धलाई थप घनिष्ठ बनाएको छ, जसलाई चीनको बढ्दो आक्रामकताप्रति दुई देशका साझा चिन्ताले थप प्रेरित गरेको छ । मित्र राष्ट्रको सार्वभौमसत्ताको उल्लंघन गर्दै विधिको शासन र स्थापित अन्तर्राष्ट्रिय मान्यता उल्लंघन गर्दै तिनका नागरिकको हत्याको योजनाले भारतका उद्देश्यमा नकारात्मक असर गर्नेछ । के भारत सरकारभित्रका तत्त्वले मोदीको त्यो छविलाई थप अटुट राख्न माथि जानकारी नदिई आफैंले हत्या योजना अघि बढाए त ? गुप्ता एक अप्रशिक्षित अपरेटिभ हुनु वा उनी सक्षम अपराधी नभएको तथ्यले पन्नुनको हत्या गर्ने योजना माथिल्लो निकायमा नबनेको संकेत भेटिन्छ ।

गुप्ता प्रकरणले शिख पृथक्तावादीहरूलाई निसाना बनाउनु भारतको उच्च प्राथमिकता परेको संकेत गर्छ । सन् १९८० को दशकमा छुट्टै 'खालिस्तान (पञ्जाबी धर्मावलम्बी बस्ने राज्य)' को माग गर्दै एउटा हिंसात्मक आन्दोलन चलेको थियो । यसका सदस्यहरूले एयर इन्डियाको विमान विस्फोट गराएका थिए, जसमा विमानमा सवार सबै ३२९ जनाको ज्यान गएको थियो । तर, अहिले पृथक्तावादले भारतमा, यहाँसम्म कि भारतको शिख बहुल राज्य पञ्जाबमा पनि कुनै प्रभाव पारेको छैन । पछिल्लो समय भारतले शिख प्रधानमन्त्री (मनमोहन सिंह) र सेना प्रमुख पाइसकेको छ । अमेरिकाका लागि भारतका पछिल्ला तीन राजदूतमध्ये दुईजना शिख थिए । खालिस्तान मुद्दा अहिले शिख डायस्पोराको एक सानो अल्पसंख्यक समुदायले पालनपोषण गरिरहेको कल्पनामा सीमित भएको । यति कमजोर अभियानलाई देखाएर भारतको अमेरिकासँगको बढ्दो घनिष्टतालाई प्रभावित बनाउने वा भारतको विश्वव्यापी नेतृत्वको महत्त्वाकांक्षालाई जोखिममा पार्नु तर्कसंगत मान्न सकिँदैन । सम्भावना यो पनि छ कि चीनलाई सन्तुलनमा राख्न अमेरिकाले भारतलाई खुला रूपमा स्विकारेको देखेका केही भारतीय अधिकारीले अब जे गरे पनि उन्मुक्ति पाइन्छ भन्ने मूर्खतापूर्ण निचोड निकालेका हुन सक्छन् । यदि त्यसो हो भने उच्च जवाफदेहिता निकै महत्त्वपूर्ण हुन्छ । यस संकटलाई छिटोभन्दा छिटो साम्य गरिनुपर्छ र अमेरिका-भारतबीचको द्विपक्षीय सम्बन्धमा पर्न सक्ने थप हानिलाई न्यूनीकरण गर्नुपर्छ ।

भारत सरकारले ट्रुडोको आरोपपछि देखाएको जस्तो अडान अमेरिकालाई व्यक्त गरेको छैन । मोदी सरकारका प्रवक्ताले विदेशी भूमिमा गरिने हत्या 'सरकारको नीतिविपरीत भएको' भन्दै स्पष्टीकरण दिएका छन् । अमेरिकाले भारतलाई यस प्रकरणको अनुसन्धानका लागि दबाब दिए पनि उसले यस घटनाबाट दुई देशबीचको कूटनीतिक सम्बन्ध थप प्रभावित नहोस् भन्ने चाहेकोजस्तो देखिन्छ । तर, अहिले द्विपक्षीय सम्बन्धमा पुगेको क्षतिले पनि मोदीलाई हानि गर्न सक्छ । त्यस्तै यस घटनापछि विश्वको केही हिस्सामा भारत एक 'लापरबाह विश्वशक्ति'को रूपमा चित्रण हुन थालेको छ, जो मार्नुपर्ने विदेशी नागरिकको सूची (हिट-लिस्ट) बोकेर हिँडेको छ । यसले आफू 'विश्वमा शीर्ष स्थान लिन हिँडेको एक जिम्मेवार शक्तिको' रूपमा देखाउने भारतको दशकौंको प्रयासमा हानि पुऱ्याउँछ । गुप्ता प्रकरण समाधान भएपछि अब भारतले संसारसामु आफू साँच्चै देशभित्र र बाहिर विधिको शासनप्रति प्रतिबद्ध देश रहेको देखाउनुपर्छ ।

-प्रोजेक्ट सिन्डिकेटबाट

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : धरान, सुनसरी, फोन: ०२५-५३३०४८/४९

को

शाखा कार्यालय धरान, सुनसरीको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी पुन:७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०८/२९ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय धरान, सुनसरीबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि ९५ (पन्ध्र) र ७ (सात) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा ओप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना पुन: प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०९/१२ मा दर्ता नं. २०५३८९/०७५/०७६ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, स्थित **इजी राइडर्स गोल्ड एण्ड सिल्भर मार्ट प्रा.लि.**

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/११/१३ मा दर्ता नं. १४५७०७/०७२/०७३ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, स्थित **ईजी राइडर्स धरान ड्रिंकिङ वाटर प्रा. लि.**

३. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/०३/०१ मा दर्ता नं. १३६१०२/७१/०७२ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५, स्थित **होटल इजी राइडर्स प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. भारत प्रसाद लिम्बुको नाति, चन्द्र बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. १५, स्थित स्थायी ठेगाना भएको **लोक बहादुर लिम्बु (ना.प्र.नं. २२६५३/९५५, सुनसरी)**
२. हर्क जङ्ग लिम्बुको नाति, भारत प्रसाद लिम्बुको छोरा, तेह्रथुम जिल्ला, साबिक मोराहाङ गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई (हाल धरान वडा नं. १५, सुनसरी) बस्ने **चन्द्र बहादुर लिम्बु (ना.प्र.नं. ३६, तेह्रथुम)**
३. चन्द्र बहादुर लिम्बुको बुहारी, लोक बहादुर लिम्बुको पत्नी, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **प्रविना लिम्बु राई (ना.प्र.नं. १६३४८/०५८/५९, सुनसरी)**
४. भारत प्रसाद लिम्बुको नाति, चन्द्र बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **महेन्द्र लिम्बु (ना.प्र.नं. २३४३५/०६०/६१, सुनसरी)**
५. चन्द्र बहादुर लिम्बुको नाति, लोक बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **निचल खापुङहाङ लिम्बु (ना.प्र.नं. ०६-०२-७४-०४४१४, सुनसरी)**

ऋणीको विवरण नं. १, २ र ३ को लागि व्यक्तिगत जमानतकर्ताहरु एकै भएको ।

४. ऋणीको विवरण

भारत प्रसाद लिम्बु/हर्क जङ्ग लिम्बुको नाती, चन्द्र बहादुर लिम्बु/भारत प्रसाद लिम्बुको छोरा, सुनसरी/तेह्रथुम जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. १५/साबिक मोराहाङ गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **लोक बहादुर लिम्बु/ चन्द्र बहादुर लिम्बु (ना.प्र.प.नं. २२६५३/९५५, सुनसरी/ ना.प्र.प.नं. ३६, तेह्रथुम)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. चन्द्र बहादुर लिम्बुको बुहारी, लोक बहादुर लिम्बुको पत्नी, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **प्रविना लिम्बु राई (ना.प्र.नं. १६३४८/०५८/५९, सुनसरी)**
२. भारत प्रसाद लिम्बुको नाति, चन्द्र बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **महेन्द्र लिम्बु (ना.प्र.नं. २३४३५/०६०/६१, सुनसरी)**
३. चन्द्र बहादुर लिम्बुको नाति, लोक बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **निचल खापुङहाङ लिम्बु (ना.प्र.नं. ०६-०२-७४-०४४१४, सुनसरी)**

५. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०६७/०४/२४ मा प्रा.फ.र.नं. १०८६/०६७/०६८ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५, भानुमार्ग स्थित **ईजि राइडर्स गोल्ड सप प्रोप्राइटर : लोक बहादुर लिम्बु**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. भारत प्रसाद लिम्बुको नाति, चन्द्र बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **लोक बहादुर लिम्बु (ना.प्र.नं. २२६५३/९५५, सुनसरी)**
२. हर्क जङ्ग लिम्बुको नाति, भारत प्रसाद लिम्बुको छोरा, तेह्रथुम जिल्ला, साबिक मोराहाङ गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई (हाल धरान वडा नं. १५, सुनसरी) बस्ने **चन्द्र बहादुर लिम्बु (ना.प्र.नं. ३६, तेह्रथुम)**
३. चन्द्र बहादुर लिम्बुको बुहारी, लोक बहादुर लिम्बुको पत्नी, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **प्रविना लिम्बु राई (ना.प्र.नं. १६३४८/०५८/५९, सुनसरी)**
४. भारत प्रसाद लिम्बुको नाति, चन्द्र बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **महेन्द्र लिम्बु (ना.प्र.नं. २३४३५/०६०/६१, सुनसरी)**
५. चन्द्र बहादुर लिम्बुको नाति, लोक बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **निचल खापुङहाङ लिम्बु (ना.प्र.नं. ०६-०२-७४-०४४१४, सुनसरी)**
६. चन्द्र बहादुर लिम्बुको नातिनी, लोक बहादुर लिम्बुको छोरी, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **नेहा खापुङहाङ लिम्बु (ना.प्र.नं. ०६-०२-७१-०१४४९, सुनसरी)**

६. ऋणीको विवरण

भारत प्रसाद लिम्बुको नाति, चन्द्र बहादुर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **लोक बहादुर लिम्बु (ना.प्र.नं. २२६५३/९५५, सुनसरी)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. हर्क जङ्ग लिम्बुको नाति, भारत प्रसाद लिम्बुको छोरा, तेह्रथुम जिल्ला, साबिक मोराहाङ गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई (हाल धरान वडा नं. १५, सुनसरी) बस्ने **चन्द्र बहादुर लिम्बु (ना.प्र.नं. ३६, तेह्रथुम)**
२. चन्द्र बहादुर लिम्बुको बुहारी, लोक बहादुर लिम्बुको पत्नी, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं.१५, स्थित स्थायी ठेगाना भएको **प्रविना लिम्बु राई (ना.प्र.नं. १६३४८/०५८/५९, सुनसरी)**

धितोमा रहेको सम्पतिको विवरण

तपसिलमा उल्लेखित जग्गाधनीहरुको तपसिलका मालपोत कार्यालयहरुको लगातमा दर्ता श्रेस्ता कायम रहेको तपसिलमा उल्लेखित घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिज लगापात समेत ।

क्र.सं.	मालपोत कार्यालय	जग्गाधनी	जिल्ला	गा.वि.स./ न.पा.	वडा नं./ सिट नं.	किल्ला नं.	क्षेत्रफल (विघा)	कैफियत
१.	बेलबारी, मोरङ	महेन्द्र लिम्बु	मोरङ	बयरबन	२ (आ)	११२०	०-३-२-१	घर/जग्गा
२.	धरान, सुनसरी	चन्द्र बहादुर लिम्बु	सुनसरी	बाक्लगारा	१ (क)	७६१२	०-०-१६.५-०	घर/जग्गा
३.				धरान	११ (घ)	५५५	०-२-१३-०	घर/जग्गा
४.				बाक्लगारा	१ (क)	१०४०	०-१-५-०	घर/जग्गा
५.	बेलबारी, मोरङ	चन्द्र बहादुर लिम्बु	मोरङ	बयरबन	२ (आ)	११८८	०-१-१७.७५-०	घर/जग्गा
६.	बेलबारी, मोरङ	लोक बहादुर लिम्बु	मोरङ	बयरबन	२ (आ)	११८२	०-१-१७-०	घर/जग्गा
७.	इनरुवा, सुनसरी	प्रविना लिम्बु राई	सुनसरी	इटहरी	३ (क)	४२२	०-१०-०-०	घर/जग्गा
८.	इनरुवा, सुनसरी	लोक बहादुर लिम्बु	सुनसरी	इटहरी	२ (घ)	७२०	०-५-१३-०	घर/जग्गा
९.	धरान, सुनसरी	होटल इजी राइडर्स प्रा.लि.	सुनसरी	बाक्लगारा	२ (क)	१६८७	०-०-१८-०	घर र जग्गा
१०.						१७०३	०-०-२-०	घर र जग्गा
११.						२१५४	०-०-८-०	जग्गा
१२.	धरान, सुनसरी	चन्द्र बहादुर लिम्बु	सुनसरी	बाक्लगारा	१ (क)	२५६२	०-०-४-०	घर/जग्गा
१३.						१२६४१	०-४-१५-०	घर/जग्गा
१४.						२५०६	०-२-०-२	घर/जग्गा
१५.						२५७१	०-२-१५-०	घर/जग्गा
१६.	इनरुवा, सुनसरी	चन्द्र बहादुर लिम्बु	सुनसरी	इटहरी	२ (घ)	५६	०-५-०-०	जग्गा
१७.						७२३	०-५-१३.५-०	जग्गा
१८.	इनरुवा, सुनसरी	महेन्द्र लिम्बु	सुनसरी	इटहरी	२ (घ)	७२२	०-५-१३-०	जग्गा
१९.	धरान, सुनसरी	के.के लाइभ स्टक एण्ड एग्रीकल्चर रिसर्च सेन्टर प्रा.लि.	सुनसरी	घोपा	२ (ख)	४०	०-१४-०.५-०	घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।
२०.						५८	०-२-१२.७५-०	
२१.						१२३	०-१०-७.५-०	
२२.						५१	०-२-१२.७५-०	
२३.						१२५	०-१०-७.५-०	
२४.						५७	०-११-१६.७५-०	
२५.						६२	०-१३-१०-०	
२६.						४१	०-१६-१.५-०	
२७.						५६	०-११-१४.७५-०	
२८.						६३	०-१३-१०-०	

नोट: माथि उल्लेखित सम्पूर्ण ऋणीहरुको लागि धितोमा रहेको सम्पतिको विवरण एकै भएको ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०८/२९ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय धरान, सुनसरीबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्वारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०९/०५ गते बिहिबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय धरान, सुनसरीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/०९/०६ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको शाखा कार्यालय धरान, सुनसरीमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय धरान, सुनसरीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय धरान, सुनसरीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

सर्लाहीका उखु किसानले गरे आन्दोलनको घोषणा

श्रवण थापा/नयाँ पत्रिका

उखुको समर्थन मूल्य तथा गत सिजन उखु बेचेको अनुदान रकम माग्दै सर्लाहीका उखु किसानले आन्दोलन गर्ने तयारी गरेका छन् । बिहीबार विभिन्न उखु किसानसम्बद्ध संघ संगठनले पत्रकार सम्मेलन गरेर आन्दोलनको तयारी गरेको जनाएका हुन् । नेपाल उखु उत्पादक महासंघसहित जिल्लामा रहेका विभिन्न उखु किसानसम्बद्ध समितिले सर्लाहीको हरिवनमा संयुक्त पत्रकार सम्मेलन गरी आन्दोलनको घोषणा गरे । सर्लाहीका उखु किसानले यस वर्षको उचित समर्थन मूल्य तत्काल तोक्नुपर्ने र गत वर्षको अनुदान रकम पनि तत्काल निकासा गर्नुपर्ने माग गरेका छन् ।

सर्लाहीका उखु किसानले अर्थ मन्त्रालयले पठाएको रकमबाट गत वर्ष बिक्री गरेको उखुको ३० प्रतिशत मात्रै अनुदान रकम पाएका छन् । नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले बजेट नै नरहेको भन्दै सरकारले उखु किसानलाई अनुदान रकम नदिने सोच बनाएको दाबी गरे । अध्यक्ष मैनालीले यो वर्ष उखुको उचित मूल्य तोक्न र पोहोरको बाँकी अनुदान रकम माग गर्दै आन्दोलनको घोषणा गरिएको बताए । बजेट नरहेको भन्दै किसानको अनुदान रकम खोस्ने सरकारको व्यवहार अत्यन्त निन्दनीय रहेको उनको भनाइ थियो । चरणबद्ध आन्दोलनको तयारी गरेका उखु किसानले शुक्रबार हरिवनमा बृहत् भेला गर्ने र शनिबार उखुको लाँक्रा बोकेर हरिवनस्थित पूर्व-पश्चिम राजमार्गमा प्रदर्शन गर्ने मिलगेट



पत्रकार सम्मेलनमार्फत चरणबद्ध आन्दोलनको घोषणा गर्दै उखु किसान ।

उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीले जानकारी दिए । सरकारले उखुको समर्थन मूल्य तय गर्दा चिनीको वृद्धि मूल्य तथा किसानको लागतलाई आधार मान्नुपर्ने किसानको माग छ । उखुको समर्थन मूल्य तोक्न पटक-पटक आग्रह गर्दा पनि सरकारले बेवास्ता गरेको उखु किसान प्रतिनिधिको भनाइ थियो ।

सरकारले उखु किसानलाई आन्दोलनमा होमिन बाध्य बनाएको नेपाल उखु उत्पादक महासंघका केन्द्रीय अध्यक्ष मैनालीले बताए । अध्यक्ष मैनालीले सरकार आफैंले गत वर्षको अनुदान रकम नदिएको र यो सिजनका लागि उखु काट्न ढिलो भइसक्दासमेत मूल्य नतोकेर उखु किसानलाई समस्यामा पारेपछि सडक आन्दोलनमा जानेबाहेक अरू कुनै उपाय नभएको उनको भनाइ छ । मंसिर २५ गते कृषि मन्त्रालयमा भएको वार्तामा मन्त्रालयले एकलौटी ढंगले उखुको मूल्य प्रतिक्विन्टल ५६५ रुपैयाँ सिफारिस गरेको किसान प्रतिनिधिको आरोप छ । उक्त मूल्यमा किसानले उखु बेच्न सक्ने अवस्था नरहेको उनीहरूले बताए । उक्त बैठकमा २ बजेको समय तोकेर ११ बजे मन्त्रालयबाट किसान प्रतिनिधिलाई खबर गरिनुसमेत शंकाको विषय भएको उनीहरूको दाबी छ । काम विशेषले काठमाडौंमा रहेका उखु किसान एवं गोडैता नगरपालिकाका प्रमुख देवेन्द्र यादवलाई प्रतिनिधिका रूपमा पठाउँदा ५६५ रुपैयाँमा सहमति गर्न आग्रह गरिएको अध्यक्ष मैनालीले बताए । उक्त मूल्य किसानले अस्वीकार गरेको उनको भनाइ थियो ।

यसअघि १७ मंसिरमा कृषि मन्त्रालयमै सरकार, उद्योगी र किसानका प्रतिनिधिबीच भएको त्रिपक्षीय वार्तामा उखुको मूल्य प्रतिक्विन्टल ५५१ रुपैयाँ (अनुदानबाहेक) दिने सिफारिस गरेपछि वार्तामा बसेका उखु किसानका प्रतिनिधि बैठकबाट बाहिरिएका थिए । गत वर्ष उखुको मूल्य प्रतिक्विन्टल ५४० (अनुदानबाहेक) कायम भएको थियो । त्यसमा सरकारले ७० रुपैयाँ अनुदान दिएर ६१० रुपैयाँ उपलब्ध गराउने निर्णय गरे पनि किसानले अझै अनुदानबापतको ७० रुपैयाँ पाएका छैनन् ।

मैनालीले यो वर्ष चिनीको बढेको बिक्री मूल्य, उखु उत्पादनमा लाग्ने लागतको आधारमा न्यूनतम मूल्य ७५० रुपैयाँ कायम गर्नुपर्ने बताए । बिहीबार सर्लाहीका उखु किसानले विभिन्न माग राखेर प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाएका छन् । उनीहरूले उखुको समर्थन मूल्य तय नहुन्जेल चिनी उद्योग सञ्चालन हुन नदिनेसमेत जनाएका हुन् ।

यसपहिला नै समर्थन मूल्य निर्धारण नहुन्जेल उद्योग सञ्चालन नगर्न किसानले आग्रह गरेका थिए । किसानको आग्रह पनि इन्दुशंकर चिनी उद्योग हरिवन, एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिज रामनगर, अन्नपूर्ण चिनी उद्योग धनकौलसहितका चिनी उद्योगले उखु क्रसिङ तत्कालका लागि रोकेका छन् । उद्योगमा किसानले ल्याइसकेको उखु डम्पिङ गरेर राखिने बताइएको छ । मिलगेल उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीले सञ्चालनको तयारीमा रहेका केही उद्योगलाई तत्काल उद्योग बन्द गर्न तथा किसानलाई पनि उखु नकाट्न सूचना गरिरहेको बताए ।

महासंघ सचिवालयमा कानुनी तथा प्राविधिक परामर्श शाखा स्थापना

काठमाडौं / नेपाल निर्माण व्यवसायी महासंघको सचिवालयमा बिहीबारदेखि कानुनी तथा प्राविधिक परामर्श शाखा स्थापना भएको छ । महासंघका अध्यक्ष रवि सिंह र निर्माण व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन कार्यान्वयन समितिका अध्यक्षसमेत रहेका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव ई. भीमार्जुन अधिकारीले संयुक्त रूपमा शाखाको उद्घाटन गरेका हुन् ।

उद्घाटनपछि कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष रवि सिंहले देशभरका निर्माण व्यवसायीको सशक्तीकरणमा कानुनी तथा प्राविधिक परामर्श शाखाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा राखे । विगतमा कानुनी तथा प्राविधिक ज्ञानको अभावमा निर्माण व्यवसायीले विभिन्न खाले समस्या सामना गर्नुपरेको भन्दै अध्यक्ष सिंहले अब त्यस्ता समस्या समाधान हुने स्पष्ट पारे ।

त्यस्तै, निर्माण व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन कार्यान्वयन समितिका अध्यक्ष ई. भीमार्जुन अधिकारीले महासंघमा कानुनी तथा प्राविधिक परामर्श शाखा सञ्चालन हुनु अत्यन्त सकारात्मक भएको बताए । अधिकारीले शाखाबाट साना निर्माण व्यवसायी अझ बढी लाभान्वित हुने विश्वास व्यक्त गर्दै जिल्लामा रहेका साना निर्माण व्यवसायीका लागि सचेतनाका अन्य कार्यक्रम पनि आवश्यक भएको धारणा राखे ।

महासंघका वरिष्ठ उपाध्यक्ष आङ दोर्जी लामा (एडी) ले सबैखाले निर्माण व्यवसायीका लागि कानुनी तथा प्राविधिक ज्ञान अत्यन्त महत्त्वपूर्ण भएको बताए । त्यस्तै, महासचिव रोशन दाहालले सिक्ने सिकाउने परिपाटी सबैका लागि लाभदायी भएको बताउँदै सबै खाले व्यवसायीको वृद्धि विकासका लागि महासंघ क्रियाशील रहेको जानकारी दिए ।

कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/८/२९ गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाईं ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाईहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाईं ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असूली एवं धितो गैह्र बैंकिंग सम्पत्ति बिक्री कार्यविधि २०६६ लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला ।

तपसिल

वितामोड शाखा :

१. ऋणी : श्री सन्तोष गिरी, बाबु : श्री चोलेन्द्र गिरी, बाजे : श्री चक्र बहादुर गिरी
ठेगाना : चुडमाङ्ग गा.वि.स. वडा नं. ३, धनकुटा
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री सन्तोष गिरी, बाबु : श्री चोलेन्द्र गिरी, बाजे : श्री चक्र बहादुर गिरी
(ख) श्री उषा गिरी, बाबु : श्री भिम ब. गिरी, ससुरा : श्री चोलेन्द्र गिरी, पति : श्री सन्तोष गिरी
ठेगाना : चुडमाङ्ग गा.वि.स. वडा नं. ३, धनकुटा
कर्जा : महालक्ष्मी होम इक्युटी कर्जा
धितो सुरक्ष्णको विवरण : श्री चक्र बहादुर गिरीको नाति, श्री चोलेन्द्र गिरीको छोरा, चुडमाङ्ग गा.वि.स. वडा नं. ३, धनकुटा बस्ने श्री सन्तोष गिरीको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ५ (नक्सा सि.नं. ५) स्थित कि.नं. १५०४ को क्षेत्रफल ०-१-०-० (वि-क-धु-क) भएको जगा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

२. ऋणी : श्री शन्तोष कुमार थापा, बाबु : श्री पुष्प बहादुर थापा, बाजे : श्री गौरी प्रसाद थापा
ठेगाना : तोपगाछी गा.वि.स. वडा नं. ३, झापा
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री शन्तोष कुमार थापा, बाबु : श्री पुष्प बहादुर थापा, बाजे : श्री गौरी प्रसाद थापा
(ख) श्री पुष्प बहादुर थापा, बाबु : श्री गौरी प्रसाद थापा, बाजे : श्री भक्त बहादुर थापा
ठेगाना : तोपगाछी गा.वि.स. वडा नं. ३, झापा
(ग) श्री राधिका थापा (कार्की), बाबु : श्री कृष्ण बहादुर कार्की, ससुरा : श्री पुष्प बहादुर थापा,
पति : श्री सन्तोष कुमार थापा
ठेगाना : चन्द्रगढी गा.वि.स. वडा नं. ८, झापा
कर्जा : महालक्ष्मी होम इक्युटी कर्जा
धितो सुरक्षणको विवरण : श्री भक्त बहादुर थापाको नाति, श्री गौरी प्रसाद थापाको छोरा, तोपगाछी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कमल गा.पा. वडा नं. २, झापा बस्ने श्री पुष्प बहादुर थापाको नाममा मालपोत कार्यालयमा दमक, झापामा दर्ता कायम रहेको जिल्ला झापा तोपगाछी गा.वि.स. वडा नं. ३ (नक्सा सि.नं. ३) स्थित कि.नं. १८२५ को क्षेत्रफल ०-६-०-० (वि-क-धु-क) भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

३. ऋणी : श्री रिना देवी राजवंशी, बाबु : श्री टेपुवा राजवंशी, ससुरा : श्री सुधन राजवंशी,
पति : श्री पुष्पलाल राजवंशी
ठेगाना : चारपाने गा.वि.स. वडा नं. ७, झापा
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री रिना देवी राजवंशी, बाबु : श्री टेपुलाल राजवंशी, ससुरा : श्री सुधन राजवंशी, पति : श्री पुष्पलाल राजवंशी
(ख) श्री ध्रुवलाल राजवंशी, बाबु : श्री पुष्पलाल राजवंशी, बाजे : श्री सुधन राजवंशी
ठेगाना : वितामोड न.पा. वडा नं. ४, झापा
कर्जा : महालक्ष्मी होम इक्युटी कर्जा
धितो सुरक्ष्णको विवरण : श्री टेपुलाल राजवंशीको छोरी, श्री पुष्पलाल राजवंशीको पत्नि, जिल्ला, झापा तोपगाछी गा.वि.स. वडा नं. ३ बस्ने श्री रिना देवी राजवंशी र श्री सुधन राजवंशीको नाति, श्री पुष्पलाल राजवंशीको छारा जिल्ला, झापा वितामोड न.पा. वडा नं. ५ बस्ने श्री ध्रुवलाल राजवंशीको संयुक्त नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको जिल्ला झापा, चारपाने गा.वि.स. वडा नं. ७ (नक्सा सि.नं. ७) स्थित कि.नं. ७२२ को क्षेत्रफल ०-१-१८.५-० (वि-क-धु-क) भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

४. ऋणी : श्री केशर सुन्दास दर्जी, बाबु : श्री दल बहादुर सुन्दास दर्जी, बाजे : श्री शान्तवीर दर्जी
ठेगाना : झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ८
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री केशर सुन्दास दर्जी, बाबु : श्री दल बहादुर सुन्दास दर्जी, बाजे : श्री शान्तवीर दर्जी
(ख) श्री कालीमैया दर्जी, बाबु : श्री मदन दर्जी, ससुरा : श्री दल बहादुर सुन्दास दर्जी,
पति : श्री केशर सुन्दास दर्जी
ठेगाना : झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ८
(ग) श्री पुजा सुन्दास, बाबु : श्री केशर बहादुर सुन्दास दर्जी, बाजे : श्री दल बहादुर सुन्दास दर्जी
ठेगाना : झापा जिल्ला शनिअर्जुन न.पा. वडा नं. ५
कर्जा : महालक्ष्मी होम इक्युइटी कर्जा
धितो सुरक्षणको विवरण : श्री शान्तवीर दर्जीको नाति, श्री दल बहादुर सुन्दास दर्जीको छोरा, जिल्ला झापा शनिश्चरे गा.वि.स. वडा नं. ८ बस्ने श्री केशर सुन्दास दर्जीको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको शनिश्चरे गा.वि.स. वडा नं. ८ (नक्सा सि.नं. ८) स्थित कि.नं. ६८५२ को क्षेत्रफल ०–०–१०.७५–० (वि.क.धु) भएको घर जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलागपात समेत ।

अमरपथ (बुटवल) शाखा :

ऋणी : श्री सुरज चौधरी, बाबु : श्री सत्तल सिंह चौधरी, बाजे : श्री श्री प्रसाद थारु (चौधरी)
ठेगाना : जिल्ला रुपन्देही, अमवा गा.वि.स. वडा. नं. ७
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री सुरज चौधरी, बाबु : श्री सत्तल सिंह चौधरी, बाजे : श्री श्री प्रसाद थारु (चौधरी)
(ख) श्री रोहित कुमार चौधरी, बाबु : श्री सत्तल सिंह चौधरी, बाजे : श्री श्री प्रसाद थारु (चौधरी)
(ग) श्री दिपेन्द्र चौधरी, बाबु : श्री सत्तल सिंह चौधरी, बाजे : श्री श्री प्रसाद थारु (चौधरी)
(घ) श्री निरन्जन चौधरी, बाबु : श्री सत्तल सिंह चौधरी, बाजे : श्री श्री प्रसाद थारु (चौधरी)
(ङ) श्री सत्तल सिंह चौधरी, बाबु : श्री श्री प्रसाद थारु (चौधरी), बाजे : श्री पाचुराम थारु
ठेगाना : जिल्ला रुपन्देही, अमवा गा.वि.स. वडा. नं. ७
कर्जा : महालक्ष्मी होम इक्युटी कर्जा
धितो सुरक्षणको विवरण : श्री श्री प्रसाद थारु (चौधरी)को नाति, श्री सत्तल सिंह चौधरीको छोरा, जिल्ला रुपन्देही, अमवा गा.वि.स. वडा. नं. ७ बस्ने श्री निरन्जन चौधरी, श्री सुरज चौधरी, श्री रोहित कुमार चौधरी र श्री दिपेन्द्र चौधरीको संयुक्त नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको जिल्ला रुपन्देही, आ.अमुवा गा.वि.स. वडा. नं. ७ (नक्सा सि.नं. ७-३०२) स्थित कि.नं. ३६ को क्षेत्रफल १८४.३० ब.मी. भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत ।

मनहरी शाखा :

१. ऋणी : श्री तिलक बहादुर मुक्तान, बाबु : श्री जय बहादुर मुक्तान, बाजे : श्री बुद्धि लाल मुक्तान
ठेगाना : राक्सिराङ गा.वि.स. वडा नं. ८, मकवानपुर
व्यक्तिगत जमानिकर्ताहरु :
(क) श्री तिलक बहादुर मुक्तान, बाबु : श्री जय बहादुर मुक्तान, बाजे : श्री बुद्धि लाल मुक्तान
(ख) श्री नकली माया मुक्तान, बाबु : श्री धन बहादुर थिङ, ससुरा : श्री बुद्धि लाल मुक्तान,
पति : श्री जय बहादुर मुक्तान
(ग) श्री जय बहादुर मुक्तान, बाबु : श्री बुद्धि लाल मुक्तान, बाजे : श्री धनसुर
(घ) श्री शुसिला कुमारी मुक्तान, बाबु : श्री रत्न लाल थिङ, ससुरा : श्री जय बहादुर मुक्तान,
पति : श्री तिलक बहादुर मुक्तान
ठेगाना : राक्सिराङ गा.वि.स. वडा नं. ८, मकवानपुर
कर्जा : कृषि कर्जा (टर्म)
धितो सुरक्षणको विवरण : (क) श्री धनसुरको नाति, श्री बुद्धि लाल मुक्तानको छोरा, मकवानपुर जिल्ला, राक्सिराङ गा.वि.स. वडा नं. ८ बस्ने श्री जय बहादुर मुक्तानको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता रहेको मकवानपुर जिल्ला, राक्सिराङ गा.वि.स. वडा नं. ८ (नक्सा सि.नं. ८) स्थित कि.नं. १४१ को क्षे.फ. ७-११-०-१ भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत ।
(ख) श्री तिलक बहादुर मुक्तानलाई ऋणी कायम गरी नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय वीरगंज, पर्सामा यस बैंकको नाममा दर्ता कायम रहेको कम्पनी : महिन्द्र एण्ड महिन्द्र, मोडल : स्वराज ८५५ ER, इन्जीन नं. : 475004/SYM19167, च्यासिस नं. : WSCM60910145620, दर्ता नं. ना ६ त ५८१० भएको ट्र्याक्टर थान १ ।

२. ऋणी : श्री सागर वाईवा, बाबु : श्री बोल बहादुर वाईवा, बाजे : श्री तोकपेन वाईवा
ठेगाना : सरीखेत गा.वि.स. वडा नं. १, मकवानपुर
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री चन्दा वाईवा, बाबु : श्री चन्द्रमान स्याङ्तान, ससुरा : श्री तोकपेन वाईवा, पति : श्री बोल बहादुर वाईवा
(ख) श्री बोल बहादुर वाईवा, बाबु : श्री तोकपेन वाईवा, बाजे : श्री जितमान वाईवा
(ग) श्री सागर वाईवा, बाबु : श्री बोल बहादुर वाईवा, बाजे : श्री तोकपेन वाईवा
ठेगाना : सरीखेत गा.वि.स. वडा नं. १, मकवानपुर
कर्जा : महालक्ष्मी होम इक्युटी कर्जा
धितो सुरक्षणको विवरण : श्री चन्द्रमान स्याङ्तानको छोरी, श्री तोकपेन वाईवाको बुहारी, श्री बोल बहादुर वाईवाको पत्नि, मकवानपुर जिल्ला, सरीखेत गा.वि.स. वडा नं. १ बस्ने श्री चन्दा वाईवाको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. २ (नक्सा सि.नं. २) स्थित कि.नं. २६७२ को क्षे.फ. ०-०-१२-० भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत ।

दमौली शाखा :

ऋणी : श्री विन बहादुर परियार, बाबु : श्री दल बहादुर परियार, बाजे : श्री भिम बहादुर परियार
ठेगाना : मनपाङ गा.वि.स. वडा नं. ८, तनहुँ
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री गोमा परियार, बाबु : श्री पदम बहादुर दमाई, ससुरा : श्री दल बहादुर परियार,
पति : श्री विन बहादुर परियार
(ख) श्री विन बहादुर परियार, बाबु : श्री दल बहादुर परियार, बाजे : श्री भिम बहादुर परियार
ठेगाना : मनपाङ गा.वि.स. वडा नं. ८, तनहुँ
(ग) श्री रसिदा मिया, बाबु : श्री ईसुप मिया, ससुरा : श्री ईस्माइल मिया, पति : श्री रफि मिया
ठेगाना : व्यास वडा नं. ११, तनहुँ
कर्जा : माहलक्ष्मी होम इक्युटी कर्जा र व्यक्तिगत कर्जा
धितो सुरक्षणको विवरण : श्री भिम बहादुरको नाती, श्री दल बहादुरको छोरा, तनहुँ जिल्ला मनपाङ गा.वि.स. वडा नं. ८ बस्ने श्री विन बहादुर परियारको नाममा मालपोत कार्यालय दमौली, तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, मनपाङ गा.वि.स. वडा नं. ९ (नक्सा सि.नं. ९/क) स्थित कित्ता नं. १२८ को क्षेत्रफल ९-७-०-० भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत ।

भैरहवा शाखा :

१. ऋणी : श्री अमिरुल्लाह फकिर, बाबु : श्री रियासत फकिर, बाजे : श्री साहेबद्धिन फकिर
ठेगाना : पकडी गा.वि.स. वडा नं. ४, कपिलवस्तु
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री महपारा फकिर, बाबु : श्री हकिक फकिर, पति : श्री अमिरुलाह फकिर, ससुरा : श्री रियासत फकिर
(ख) श्री अब्दुल कयुम मु., बाबु : श्री बबन मु., बाजे : श्री कडे खान मु.
ठेगाना : पकडी गा.वि.स. वडा नं. ४, कपिलवस्तु
कर्जा : व्यक्तिगत कर्जा (ओ.डी.)
धितो सुरक्षणको विवरण : श्री साहेबद्धिन फकिरको नाति, श्री रियासत फकिरको छोरा, पकडी गा.वि.स. वडा नं. ४, कपिलवस्तु बस्ने श्री अमिरुल्लाह फकिरको नाममा मालपोत कार्यालय कपिलबस्तुमा दर्ता कायम रहेको जिल्ला कपिलवस्तु पकडी गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १२९६, १२९५, १८२९, १०६०, १२९३ र १२९४ को क्षेत्रफल क्रमशः ०-१-१६, ०-१-१३$^{१/३}$, ०-०-१९$^{१/२}$, ०-०-१८$^{१/४}$, ०-३-७ र ०-६-९$^{१/२}$ भएको जग्गा तथा सो जग्गाहरुमा रहेका अन्य सम्पूर्ण लिगलगापातहरु समेत ।

२. ऋणी : मनकामना ट्रेड हाउस (प्रो. श्री नारायणी गौतम)
प्रा.फ.र.नं. : ३८५०४/०७३ (वाणिज्य विभाग, वाणिज्य कार्यालय, भैरहवा, रुपन्देही)
दर्ता मिति : २०७४/५/२०
पान नं. ६०५४७८६५३
ठेगाना : पडसरी गा.वि.स. वडा नं. १ रुपन्देही
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री भिमलाल गोतामे, बाबु : श्री भुपाल गोतामे, बाजे : श्री डिलाराम गोतामे
ठेगाना : चिलिया गा.वि.स. वडा नं. ४, रुपन्देही
(ख) श्री नारायणी गौतम, बाबु : श्री यमलाल पन्त, ससुरा : श्री भुपलाल गोतामे, पति : श्री भिमलाल गौतम
(ग) श्री मनोज गौतम, बाबु : श्री भिमलाल गौतम, बाजे : श्री भुपलाल गोतामे
ठेगाना : सिद्धार्थनगर न.पा. वडा नं. ८, रुपन्देही
(घ) श्री सविना घिमिरे , बाबु : श्री शिवलाल घिमिरे, ससुरा : श्री भिमलाल गौतम, पति : श्री मनोज गौतम
ठेगाना : ओमसतिया गा.पा. वडा नं. २, रुपन्देही
कर्जा : व्यापार कर्जा (ओ.डी.)
धितो सुरक्षणको विवरण : श्री डिलाराम गौतमको नाति, श्री भुपाल गौतमको छोरा, चिलिया गा.वि.स. वडा नं. ४, रुपन्देहीमा बस्ने श्री भिमलाल गौतमको नाममा मालपोत कार्यालय भैरहव, रुपन्देहीमा दर्ता कायम रहेको जिल्ला रुपन्देही, चिल्हिया गा.वि.स. वडा नं. ४ (नक्सा सि.नं. ४/ख) स्थित कित्ता नं. ११२, ३४१, ३४२, ३४३, ३३९, ३४४, ३४६, ३४० को क्षेत्रफल क्रमशः ०-४-१२, ०-१-१, ०-२-९, ०-३-६, ०-२-६.५, ०-१-२.५, ०-१-६, ०-०-९ र निजकै नाममा दर्ता कायम रहेको सिद्धार्थनगर न.पा. वडा नं. ८ (नक्सा सि.नं. १०४०१५७२०) स्थित कित्ता नं. १०२ को क्षे.फ. ३२१.८० व.मी भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

३. ऋणी : श्री सविना घिमिरे
बाबु : श्री शिवलाल घिमिरे, ससुरा : श्री भिमलाल गौतम, पति : श्री मनोज गौतम
ठेगाना : ओमसतिया गा.पा. वडा नं. २, रुपन्देही
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री भिमलाल गोतामे, बाबु : श्री भुपाल गोतामे, बाजे : श्री डिलाराम गोतामे
ठेगाना : चिलिया गा.वि.स. वडा नं. ४, रुपन्देही
(ख) श्री नारायणी गौतम, बाबु : श्री यमलाल पन्त, ससुरा : श्री भुपलाल गोतामे, पति : श्री भिमलाल गौतम
(ग) श्री मनोज गौतम, बाबु : श्री भिमलाल गौतम, बाजे : श्री भुपलाल गोतामे
ठेगाना : सिद्धार्थनगर न.पा. वडा नं. ८, रुपन्देही
कर्जा : महालक्ष्मी होम इक्युटी कर्जा (टर्म)
धितो सुरक्षणको विवरण : श्री डिलाराम गौतमको नाति, श्री भुपाल गौतमको छोरा, चिलिया गा.वि.स. वडा नं. ४, रुपन्देहीमा बस्ने श्री भिमलाल गौतमको नाममा मालपोत कार्यालय भैरहव, रुपन्देहीमा दर्ता कायम रहेको जिल्ला रुपन्देही चिल्हिया गा.वि.स. वडा नं.४ (नक्सा सि.नं. ४/ख) कित्ता नं. २१७, ३३८, ३४५ र ३४७ को क्षे.फ. क्रमशः ०-२-०-०, ०-०-८.५०-०, ०-३-१७.५०-० र ०-२-९-०, भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

बिचबजार (धादिङ) शाखा :

१. ऋणी : श्री जित बहादुर कुमाल, बाबु : श्री बत्तिसे कुमाल, बाजे : श्री सन्ते कुमाल
ठेगाना : धादिङ जिल्ला, मुरलीभन्ज्याङ गा.वि.स. वडा नं. ३
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री जित बहादुर कुमाल, बाबु : श्री बत्तिसे कुमाल, बाजे : श्री सन्ते कुमाल
(ख) श्री सुन्तलीमाया कुमाल, बाबु : श्री हस्तबहादुर कुमाल, ससुरा : श्री बत्तिसे कुमाल,
पति : श्री जित बहादुर कुमाल
ठेगाना : धादिङ जिल्ला, मुरलीभन्ज्याङ गा.वि.स. वडा नं. ३
(ग) श्री राजन कुमाल, बाबु : श्री जित बहादुर कुमाल, बाजे : श्री बत्तिसे कुमाल
ठेगाना : धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ८
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री सन्ते कुमालको नाती, श्री बत्तिसे कुमालको छोरा, धादिङ जिल्ला, मुरलीभन्ज्याङ गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल निलकण्ठ न.पा. वडा नं. ८, धादिङ, बस्ने श्री जित बहादुर कुमालको नाममा मालपोत कार्यालय धादिङमा दर्ता रहेको धादिङ जिल्ला मुरलीभञ्ज्याङ गा.वि.स. वडा नं. २ (नक्सा सि.नं. २/त्र) स्थित कित्ता नं. २२२ र २१७ को क्षेत्रफल १-२-२-० र ०-१२-१-२, मुरलीभञ्ज्याङ गा.वि.स. वडा नं. ३ (नक्सा सि.नं. ३/क) स्थित कित्ता नं. ११४२ को क्षेत्रफल ०-९-३-० र मुरलीभञ्ज्याङ गा.वि.स. वडा नं. २ (नक्सा सि.नं. २/ङ) स्थित कित्ता नं. १०५६ को क्षेत्रफल ०-१०-१-२ भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

२. ऋणी : श्री नवराज अधिकारी, बाबु : श्री कलाधर अधिकारी, बाजे : श्री गोपीलाल अधिकारी
ठेगाना : धादिङ जिल्ला, सुनौला बजार गा.वि.स. वडा नं. ६
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री नवराज अधिकारी, बाबु : श्री कलाधर अधिकारी, बाजे : श्री गोपीलाल अधिकारी
ठेगाना : धादिङ जिल्ला, सुनौला बजार गा.वि.स. वडा नं. ६
(ख) श्री भवानी अधिकारी, बाबु : श्री प्रेम प्रसाद सापकोटा, ससुरा : श्री कलाधर अधिकारी,
पति : श्री नवराज अधिकारी
ठेगाना : हाल धादिङ जिल्ला, निलकण्ठ न.पा. वडा नं. ७
कर्जा : व्यक्तिगत कर्जा
धितो सुरक्षणको विवरण : श्री गोपीलाल अधिकारीको नाती, श्री कलाधर अधिकारीको छोरा धादिङ जिल्ला, सुनौला बजार गा.वि.स. वडा नं. ६ बस्ने श्री नवराज अधिकारीको नाममा मालपोत कार्यालय धादिङमा दर्ता रहेको धादिङ जिल्ला सुनौला बजार गा.वि.स. वडा नं. ६ (नक्सा सि.नं. ६/ङ) स्थित कित्ता नं. १५६, ३६५, ११६, १०५, १५४, १५९ र १०४ को क्षेत्रफल २-४-१-१, ०-१४-३-०, १-१३-१-२, १-१५-१-१, २-२-३-२, १-६-०-० र १-८-१-२ भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

३. ऋणी : श्री विष्णु कमर जोगी, बाबु : श्री गोकर्ण बहादुर कमर जोगी, बाजे : श्री देवीनाथ कमर जोगी
ठेगाना : धादिङ जिल्ला, सुनौलोबजार गा.वि.स. वडा नं. ७
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री विष्णु कमर जोगी, बाबु : श्री गोकर्ण बहादुर कमर जोगी, बाजे : श्री देवीनाथ कमर जोगी
(ख) श्री कान्छी कमर जोगी, बाबु : श्री राम बहादुर कमर, ससुरा : श्री गोकर्ण बहादुर कमर जोगी,
पति : श्री विष्णु कमर जोगी
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री देवीनाथ कमर जोगीको नाती, श्री गोकर्ण बहादुर कमर जोगी

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २९ मंसिर ०८०

कम्पनीहरूले मर्जर र एफपिओ लाभबाट कम्तीमा २१ अर्ब कर तिर्नुपर्ने

लाभकर तिर्नुनपर्ने माग गर्दै बैंक तथा बिमा कम्पनीहरूले दायर गरेको रिट खारेज, शनिबारसम्म कर नतिरे जरिवाना

पवन तिमिल्सिना/नयाँ पत्रिका

बैंक तथा बिमा कम्पनी एक-आपसमा गाभ्दा र सर्वसाधारणबाट पुँजी संकलनका लागि जारी गर्ने फर्दर पब्लिक अफरिङ (एफपिओ)बापत हुने लाभमा लाग्ने करविरुद्ध बैंक तथा बिमा कम्पनीहरूले दायर गरेको रिट खारेज भएको छ। गत २९ भदौमा दायर भएको रिट बिहीबार सर्वोच्च अदालतको संवैधानिक इजलासले खारेज गरेको हो। प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू डा. आनन्दमोहन भट्टराई, सपना प्रधान मल्ल, सुष्मलता माथेमा र कुमार रेग्मीको संवैधानिक इजलासले यो फैसला गरेको हो। फैसलासँगै मंसिर मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरू र बिमा कम्पनीहरूले स्वघोषणा गरी कर तिर्नुपर्ने भएको आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनालीले बताए। शनिबारसम्ममा उनीहरूले स्वःस्फूर्त कर तिर्न तयार भएमा जरिवाना तथा ब्याज तिर्नुनपर्ने उनको भनाइ छ। उनका अनुसार मर्जर र प्राप्तिबापत संस्थाहरूले कम्तीमा १५ अर्ब तिर्नुपर्ने हुन्छ। त्यसबाहेक एफपिओबाट ६ अर्ब रुपैयाँसम्मको कर तिर्नुपर्ने अनुमान गरिएको छ। उनले भने, 'मंसिर मसान्तसम्ममा उहाँहरूले आफैं कर तिर्न तदारुकता देखाउनुभएन भने विभाग आफैंले कर असुलीको प्रक्रिया अघि बढाउनुपर्छ।'

०५८ सालमै आयकर ऐन जारी भएदेखि सुरु भएको व्यवस्थामा कर नउठ्नु विभागको समेत कमजोरी भएको महानिर्देशक मैनालीले स्विकारेका छन्। उनले भने, 'हामीले पनि मंसिर मसान्तसम्म म्याद दिएर कर तिर्न मौका दिएका हौं। अदालतको आदेशबाट आगामी दिनमा कर उठाउन कानुनमा स्पष्टता थप्नेछ।'


रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग र संघीय संसद्लाई विपक्षी बनाइएको थियो। संवैधानिक इजलासबाटै रिट खारेज भइसकेपछि पुनरावेदनमा जाने व्यवस्था छैन। जसअनुसार वित्तीय क्षेत्रका संस्थाहरूले अनिवार्य रूपमा कर तिर्नुपर्ने भएको छ।

बैंक तथा वित्तीय संस्थाको मर्जर तथा एक्विजिसनको सौदाबाजीमा प्राप्त लाभ (बार्गेन पर्चेज गेन (बिपिजी) को रकममा कर लगाउने कानुनी व्यवस्थाविरुद्ध बैंकहरूले रिट दायर गरेका थिए। पूर्ववत् कारोबार रकममा भूतप्रभावी कानुनमार्फत कर लगाएको भन्दै बैंक तथा बिमा कम्पनीहरू अदालत पुगेका थिए। फर्दर पब्लिक अफरिङ (एफपिओ)को करविरुद्ध समेत मुद्दा दायर भयो। सरकारले चालू वर्षको बजेटमार्फत कर उठाउने घोषणा गरेको हो।

बिपिजीको रकम आयमा समावेश गर्ने कानुन नभएको अवस्थामा सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अनुसार आदेश जारी गरेर ०७८/७९ सम्म भएका मर्जर र एक्विजिसनबाट प्राप्त लाभमा कर लगाउने निर्णय गरेको थियो। त्यस्तो कर ०८० मंसिर मसान्तभित्र दाखिला गरेमा शुल्क र ब्याज मिनाहा दिने व्यवस्था आर्थिक ऐनले गरेको थियो। आर्थिक ऐनको व्यवस्था संविधानको धारा ११५(१) विपरीत रहेको भन्दै बैंकहरूले बदरको माग गरेका थिए।

यस्तो कर ०८० मंसिर मसान्तभित्र दाखिला गरेमा शुल्क र ब्याज मिनाहा दिने व्यवस्था आर्थिक ऐनले गरेको थियो। आर्थिक ऐनको व्यवस्था संविधानको धारा ११५(१) विपरीत रहेको भन्दै बैंकहरूले बदरको माग गरेका थिए। संविधानको धारा ११५ ले कानुनबमोजिम बाहेक कर लगाउन नपाउने व्यवस्था गरेको छ। नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, एनएमबि बैंक, नबिल बैंक, सानिमा बैंक, सिद्धार्थ बैंक, सिटिजन्स बैंक इन्टरनेसनल, एनआइसी एसिया बैंक, कुमारी बैंक, हिमालयन बैंक, प्राइम कमर्सियल बैंक, प्रभु बैंक, ग्लोबल आइएमई बैंक, लक्ष्मी सनराइज बैंक र माछापुच्छ्रे बैंकका तर्फबाट अदालतमा रिट दायर गरेका थिए।

अदालतबाट नै मुद्दा हारिसकेपछि कर तिर्नुको विकल्प नरहेको नेपाल बैंकर्स संघका उपाध्यक्ष सन्तोष कोइरालाले बताए। उनले शुक्रबारसम्ममा सम्भवतः सबै वाणिज्य बैंकहरूले कर तिरिसक्ने बताए। उनले भने, 'कर तिर्नको विकल्प रहेन। पुसबाट कर तिर्दा जरिवाना रकम ठूलो लाग्ने भएकाले भोलिसम्ममा (शुक्रबार) वाणिज्य बैंकहरूले कर तिर्नेछन् भन्ने मलाई लागेको छ।'



मसान्तसम्म कर तिर्नुपर्छ



● **दीर्घराज मैनाली**, महानिर्देशक, आन्तरिक राजस्व विभाग

सर्वोच्चको फैसलासँगै मंसिर मसान्तसम्म कम्पनीहरूले स्वघोषणा गरी कर तिर्नुपर्ने भएको छ। मर्जर र प्राप्तिबापत संस्थाहरूले कम्तीमा १५ अर्ब तिर्नुपर्ने हुन्छ। त्यसबाहेक एफपिओबाट ६ अर्ब रुपैयाँसम्मको कर तिर्नुपर्ने अनुमान गरिएको छ।

कर तिर्नुको विकल्प रहेन



● **सन्तोष कोइराला**, उपाध्यक्ष, नेपाल बैंकर्स संघ

अदालतबाट नै मुद्दा हारिसकेपछि कर तिर्नुको विकल्प छैन। शुक्रबारसम्ममा सम्भवतः सबै वाणिज्य बैंकहरूले कर तिरिसक्नेछन्। पुसबाट कर तिर्दा जरिवाना रकम ठूलो लाग्ने भएकाले शुक्रबार वाणिज्य बैंकहरूले कर तिर्नेछन् भन्ने मलाई लागेको छ।

■ केही तथ्यांक

विदेशी मुद्रा सञ्चिति	१६९६.७८ अर्ब
रेमिट्यान्स आप्रवाह	४७७.९६ अर्ब
शोधनान्तर बचत	१४७.११ अर्ब
मूल्यवृद्धि दर	५.३८ प्रतिशत
चालू खाता बचत	९६.३८ अर्ब

■ महालेखाले औंल्याएको थियो कर छली

आर्थिक वर्ष ०७७/७८ मा तत्कालीन २४ वाणिज्य बैंक र १३ बिमा कम्पनीहरूले ११ अर्ब ६३ करोड रुपैयाँ मुनाफाबाहेकको लाभांश बाँड्दा तीन अर्ब ४८ करोड ९९ लाख रुपैयाँ राजस्व नतिरेको महालेखाको प्रतिवेदनले औंल्याएको थियो। आयकर ऐनअनुसार मुनाफाबाहेकको लाभांश बाँड्दा त्यस्तो रकमलाई आयमा गणना गर्नुपर्छ। तर, आन्तरिक राजस्व विभाग र ठूला करदाता कार्यालयले यो कर उठाउन कुनै प्रक्रिया अघि नबढाएको प्रतिवेदनमा उल्लेख नै छ। एफपिओ र सेयर लिलामी गर्दा एक अर्ब १३ करोड कर छलेको समेत प्रतिवेदनमा भनिएको छ। जबकि त्यसमा उनीहरूले तीन अर्ब ७८ करोड रुपैयाँ लाभ लिएका थिए।

०७६ मा राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई घटाउन मौद्रिक नीतिमार्फत मर्जरमा जान आकर्षक सुविधा ल्यायो। महालेखापरीक्षकको प्रतिवेदनमा ११ बैंक तथा लघुवित्त वित्तीय संस्थाहरूले मर्जर गर्दा आठ अर्ब २४ करोड ७६ लाख रुपैयाँ लाभ पाउँदा यसबापत लाग्ने दुई अर्ब ४७ करोड रुपैयाँभन्दा बढी कर छलेको प्रतिवेदनले औंल्याएको छ। आयकर ऐनअनुसार यस्तो लाभमा ३० प्रतिशत कर लाग्छ।

हवाई क्षेत्र सुधार गर्न रास्वपाको ध्यानाकर्षण

इयूको कालोसूची हटाउने प्रयासमा छौं : प्रधानमन्त्री

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको हवाई सुरक्षालाई व्यवस्थित तुल्याएर युरोपेली युनियनको कालोसूचीबाट नेपालको हवाई क्षेत्र हटाउन सरकार निरन्तर प्रयत्नशील रहेको बताएका छन्।

रास्वपाका कार्यवाहक सभापति डोलप्रसाद अर्यालको नेतृत्वमा आएको प्रतिनिधिमण्डलको बिहीबार बालुवाटारमा ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री प्रचण्डले नेपालको हवाई क्षेत्रलाई कालोसूचीबाट हटाउन आफूले निरन्तर प्रयास गरिरहेको बताए।

यसबारेमा आफूले युरोपेली युनियनका प्रतिनिधिसँग संवाद गरिरहेको भन्दै उनले कालोसूचीबाट हटाउन विश्वासको वातावरण सिर्जना गरिने धारणा राखे। 'हवाई सुरक्षा हाम्रा निम्ति एउटा चुनौतीको विषय बन्दै आएको छ, यसले अन्तर्राष्ट्रिय जगत्मा पनि नेपालको छविमाथि प्रश्न उठ्न सक्छ। त्यसैले म गम्भीर छु,' उनले भने।

रास्वपा प्रतिनिधिमण्डलले युरोपेली युनियनले नेपालको हवाई क्षेत्रलाई कालोसूचीबाट नहटाएकोमा नेपाल नागरिक उड्डयन प्राधिकरण गम्भीर हुनुपर्ने, नयाँ जहाज खरिद प्रकरण पारदर्शी हुनुपर्नेलगायतका विषयमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको थियो। जवाफमा प्रधानमन्त्रीले भने, 'यसपटक हवाई सुरक्षामा केही सुधार भएको छ। त्यसका आधारमा इयूको कालोसूचीबाट हट्छौं कि भन्ने विश्वास थियो। तर, हाम्रो सुधार पर्याप्त भएन। थप सुधारका निम्ति काम गर्नुपर्ने परिस्थिति देखिएको छ। तपाईंहरूले दिएका सुझाव महत्त्वपूर्ण छन्। नियामक निकायहरूसँग थप छलफल गरेर परिणाममुखी नतिजाको प्रयास हुनेछ।'

रास्वपाले त्रिभुवन विमानस्थलको ग्राउन्ड ह्यान्डलिङ सेवा खुला प्रतिस्पर्धाका नाममा नेपाल एयरलाइन्सबाट खोस्नुको कारण पनि सोधेको छ। अनुभव, लगानी, आम्दानी र राष्ट्रिय सुरक्षाको हिसाबले ग्राउन्ड ह्यान्डलिङ नेपाल एयरलाइन्सका लागि नै महत्त्वपूर्ण हुने जिकिर गर्दै खुला प्रतिस्पर्धाका नाममा निजीकरण गर्न खोजेको रास्वपाको आशंका छ।

ध्यानाकर्षण पत्रमा रास्वपाले भनेको छ, 'नेपाल एयरलाइन्सलाई समयअनुसार आत्मनिर्भर, व्यावसायिक बनाउन त्यसको सञ्चालन पब्लिक प्राइभेट पार्टनरसिप मोडलमा गर्नु उपयुक्त हुन्छ। उड्डयन क्षेत्रसँग सम्बन्धित अति महत्त्वपूर्ण र संवेदनशील यी विषयमा तत्काल आवश्यक निर्णय लिई वा गराई यहाँबाट त्यसअनुसारको निर्देशन हुनुपर्छ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

थुप्रियो विदेशी मुद्रा

विकास निर्माण तथा आन्तरिक माग शिथिल भएपछि विदेशी मुद्रा सञ्चिति बढ्यो

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विकास निर्माण, माग तथा समग्र आन्तरिक अर्थतन्त्र शिथिल हुँदा विदेशी मुद्रा सञ्चिति थुप्रिन थालेको छ। केही समयअघि विदेशी मुद्रा सञ्चिति घटेर समस्यामा परेको नेपाललाई अहिले भने थुप्रिएर टाउको दुखाइ हुन लागेको हो।

विकसित मुलुकहरूमा तीन महिनाको आयात धान्ने विदेशी मुद्रा भएको राम्रो मानिन्छ। नेपालजस्ता विकासशील मुलुकमा विदेशी मुद्राजस्तो पुँजी थुप्रिनु राम्रो मानिँदैन। चालू आवमा पनि सात महिनाको वस्तु तथा सेवा आयात धान्ने गरी विदेशी मुद्रा सञ्चिति कायम गर्ने लक्ष्य राष्ट्र बैंकले राखेको छ। तर, चालू आर्थिक वर्षको कात्तिक मसान्तसम्म ११.३ महिनाको वस्तु तथा सेवा आयात गर्न पुग्ने विदेशी मुद्रा थुप्रिएको छ।

नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति विषयक कात्तिक महिनासम्मको प्रतिवेदन यस्तो देखाएको हो। प्रतिवेदनअनुसार कात्तिकसम्म विदेशी मुद्रा सञ्चिति झन्डै १७ खर्ब पुगेको छ।

गत असारसम्म १५ खर्ब ३९ अर्ब ३६ करोड रहेको विदेशी विनिमय सञ्चिति कात्तिकसम्म आउँदा १०.२ प्रतिशतले बढेर १६ खर्ब ९६ अर्ब ७८ करोड पुगेको छ। अमेरिकी डलरमा यो १२ अर्ब ७५ करोड हो।

अहिले विदेशी मुद्रा मात्रै होइन, शोधनान्तर नाफा पनि लगातार बढ्दो छ। साथै, चालू खाता नाफा पनि लगतार बढ्दै गएको छ। विशेष गरी विकास निर्माण, माग तथा समग्र अर्थतन्त्र शिथिल हुँदा यस्तो अवस्था आएको विज्ञहरू बताउँछन्।

यद्यपि, विदेशी मुद्रा थुप्रिनु नराम्रो पनि होइन। आयात गरेर, निर्यात गरेर तथा त्यसको अधिकतम प्रयोग गर्दा गर्दै पनि विदेशी मुद्रा बढ्नु राम्रो मानिन्छ। तर, अहिले आयात घटेर विदेशी मुद्रा सञ्चिति बढेको देखिन्छ, त्यसलाई राम्रो मान्न नसकिने विज्ञहरू बताउँछन्।

राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक नरबहादुर थापा विदेशी मुद्रा थुपारेर राख्न नहुने बताउँछन्। यसको अधिकतम प्रयोग हुनुपर्ने उनको भनाइ छ। 'विदेशी मुद्रा थुपारेर राख्ने होइन, यसको अधिकतम प्रयोग गर्नुपर्छ। तर, अहिले नेपाल यसको प्रयोग गर्ने अवसरबाट चुकेको छ। त्यसैले अहिले यसको सञ्चिति बढेको छ,' उनले भने, 'यो एउटा मन्दीको संकेत हो। अर्थतन्त्रलाई चलायमान बनाउन यसको प्रयोग बढाउनुपर्छ।'

पछिल्लो समय नेपालको पुँजीगत आयात बढ्न सकेको छैन। त्यसले गर्दा अर्थतन्त्र चलायमान हुन नसकेको बताइन्छ। यसरी आयात नै नभई रेमिट्यान्यमार्फत थुप्रिएको विदेशी मुद्रामा खुसी हुन नहुने थापा बताउँछन्। पर्याप्त आयात हुँदाहुँदै बढेको विदेशी मुद्रालाई मात्रै राम्रो मान्न सकिने उनको भनाइ छ।



'नेपालको अर्थतन्त्र चलायमान हुन मासिक दुई खर्बबराबरको आयात हुनुपर्छ, त्यसमा पुँजीगत आयात बढी हुनुपर्छ। तर, अहिले नेपालको मासिक आयात औसत एक खर्ब २८ अर्ब हाराहारी छ, यो आवश्यकभन्दा कम हो,' उनले भने, 'अर्थतन्त्र चलायमान बनाउन अब आयात बढाउनुपर्छ, त्यसका लागि विदेशी मुद्रा परिचालन गर्नुपर्छ। यसरी थुपारे राख्दा हामी झन् संकटमा जान सक्छौं।'

विदेशी मुद्रा मात्रै होइन, अहिले बैंकहरूमा समेत लगानीयोग्य पैसा थुप्रिएको छ। त्यसमाथि ब्याजदर घटेको छ। तैपनि, त्यस्तो पुँजी परिचालन गर्न नेपाल चुकेको उनको भनाइ छ।

'अहिले पैसा नभएको सरकारसँग मात्रै हो। अर्थतन्त्रमा पर्याप्त लगानीयोग्य पैसा छ। तर, सरकार मात्रै होइन, निजी क्षेत्रसँग पनि त्यो पैसा कसरी परिचालन गर्ने भनेर निश्चित योजना तथा परियोजना छैन। अहिलेसम्म लगानी, ऋण नपाएर, ब्याजदर महँगो भएर बन्न नपाएका कुनै परियोजना देखिएका छैनन्। योजनाबद्ध रूपमा कुनै परियोजना नै आएको देखिँदैन,' उनले भने, 'तसर्थ, निजी क्षेत्र र सरकारले योजना र परियोजनागत रूपमा अर्थतन्त्रमा भएको पुँजी परिचालन गर्ने गरी अघि बढ्नुपर्छ।'

यस्तो गर्न सकेमा बजारमा माग पनि बढ्ने उनको भनाइ छ। यद्यपि, यसका लागि सरकारी खर्च बढाउने, निजी क्षेत्रले लगानी बढाउने र घरायसी उपभोगको क्षमता भने बढाउनुपर्ने उनको भनाइ छ।

यता राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ भने अर्थतन्त्र चलायमान बनाउने आधार तयार भएको बताउँछन्। 'पहिला तरलता थिएन, ब्याजदर पनि महँगो थियो। साथै, महँगी पनि धेरै थियो। त्यो अवस्थामा बाह्य क्षेत्र सहज भए पनि आन्तरिक अर्थतन्त्र चलायमान बनाउन सकिएको थिएन,' उनले भने, 'अहिले बैंकहरूमा पर्याप्त पैसा छ। ब्याजदर पनि घटेको छ। त्यसमाथि कर्जा प्रवाह पनि बढ्न थालेको छ। यसैगरी मूल्यवृद्धि पनि घटेको छ। त्यसमाथि विकास निर्माणसम्बन्धी सामग्री, सूचना प्रविधि, औद्योगिक कच्चा पदार्थलगायतका पुँजीगत सामान आयात गर्न पर्याप्त विदेशी मुद्रा छ। तसर्थ, अब अर्थतन्त्र चलायमान बनाउने आधार बनेको छ। तर, यी पुँजीको परिचालन हुनुपर्छ। पहिलाको जस्तो सेयर बजार, घरजग्गा तथा सट्टेबाजीमा लगानी गरेमा हामी पुनः समस्यामा पर्छौं।'

■ मूल्यवृद्धि नियन्त्रणमा तर, फेरि बढ्ने जोखिम

कात्तिक महिनामा मूल्यवृद्धि दर नियन्त्रणमा आएको छ। सरकारले चालू आवमा मूल्यवृद्धि दरलाई ६.५ प्रतिशतभित्र राख्ने लक्ष्य लिएको थियो। कात्तिक महिनामा यस्तो दर ५.३८ प्रतिशतमा झरेको छ। गत साउनमा ७.५२ प्रतिशत, भदौमा ८.१९ प्रतिशत र असोजमा ७.५ प्रतिशत रहेको यस्तो दर कात्तिकमा भने घटेको हो। समीक्षा महिनामा तरकारीको मूल्य घट्दा मूल्यवृद्धि दर घटेको राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. श्रेष्ठले बताए। तर, मंसिरमा पुनः मूल्यवृद्धि दर बढ्ने चुनौती रहेको उनले बताए।

'गत वर्ष मूल्य बढी हुँदा पनि अहिले मूल्यवृद्धि दर कम देखिएको छ। यद्यपि, समीक्षा महिनामा तरकारीको मूल्य घटेको थियो,' उनले भने, 'तर, मंसिरमा प्याज, आलुलगायत चामलको मूल्य बढेको छ। मसलाको मूल्य पनि उच्च छ। त्यसअनुसार मंसिरमा मूल्यवृद्धिदर पुनः बढ्न सक्छ।'

■ पौने पाँच खर्ब रेमिट्यान्स

समीक्षा अवधिमा नेपालमा चार खर्ब ७७ अर्ब ९६ करोड रुपैयाँ रेमिट्यान्स आएको छ। जुन गत आवको सोही अवधिको तुलनामा २६.४ प्रतिशतले बढी हो। गत आवको सोही अवधिमा तीन खर्ब ७८ अर्ब चार करोड रेमिट्यान्स आएको थियो। वैदेशिक रोजगारमा जाने कामदार र डलरको मूल्यमा आएको वृद्धिले रेमिट्यान्स आप्रवाह बढेको हो।

■ डेढ खर्ब शोधनान्तर नाफा

समीक्षा अवधिमा नेपालबाट बाहिरिने र भित्रिने रकमबीचको अन्तर अर्थात् शोधनान्तर स्थिति १४७ अर्ब ११ करोडले बचतमा गएको छ। गत आवको सोही अवधिमा यो २० अर्ब तीन करोडले बचतमा रहेको थियो। विदेशी मुद्राको आम्दानी बढ्ने, तर खर्च कम भएकाले शोधनान्तर स्थिति बचतमा गएको हो।

सुपथ पसलमा साढे आठ करोडको कारोबार

काठमाडौं/ दसैं-तिहार तथा छठका लागि सञ्चालित सुपथ पसलमा दुई प्रमुख सार्वजनिक संस्थान खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले आठ करोड ७७ लाख ८९ हजारको कारोबार गरेका छन्।

दुवै संस्थानले सरकारले तोकेको छुट मूल्यमा उपभोक्तालाई खाद्य वस्तु तथा खसी-बोका र च्याङ्ग्रा बिक्री गरेका थिए। साल्ट ट्रेडिङका सूचना अधिकारी ब्रजेश झाका अनुसार २१ देखि ३ मंसिरसम्म सञ्चालन गरेको सुपथ पसलमा सात करोड आठ लाख रुपैयाँको कारोबार भएको थियो। साल्ट ट्रेडिङले यो अवधिमा ६ हजार एक सय ६३ टन चिनी बिक्री गरेको जनाएको छ।

दसैं-तिहारमा चिनीको अभाव भएपछि साल्ट ट्रेडिङले प्रतिव्यक्ति दुई किलोका दरले सुपथ पसलबाट चिनी बिक्री गरेको थियो। सरकारले उद्योगको गोदामबाट झिकेर साल्ट ट्रेडिङको सुपथ पसलमा चिनी उपलब्ध गराएको थियो। त्यस्तै, खाद्य कम्पनीले यो अवधिमा एक करोड ६९ लाख ८९ हजारको खाद्य वस्तु छुट मूल्यमा उपलब्ध गराएको जनाएको छ। कम्पनीले छुट मूल्यमा खाद्यान्न उपलब्ध गराउन सरकारबाट दुई करोड ३२ लाख २० हजार रुपैयाँ अनुदानबापत प्राप्त गरेको थियो। सो रकमले दुई हजार सात सय टन खाद्यान्न बिक्री गरेको लक्ष्य राखेको थियो।

तर, २१ असोजदेखि १८ मंसिरसम्म दुई हजार ४१ मेट्रिकटन मात्रै खाद्यान्न बिक्री भएको र ६२ लाख ३० हजार एक सय ८३ रुपैयाँबराबरको अनुदान रकम बाँकी रहेको पाएपछि २ माघसम्मका लागि सुपथ पसलमा छुट मूल्यमा खाद्यान्न बिक्री भइरहेको कम्पनीकी सूचना अधिकारी शर्मिला सुवेदीले जानकारी दिइन्।

रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पत्तिको लिलाम बिक्रिका लागि ७ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०/०८/२९)

यस वित्तीय संस्थाबाट कर्जा कारोबार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा हिसाब फरफारक नगरेकोले यो सुचना प्रकाशित गरीएको छ। यो सुचना प्रकाशित गरेको मितिले ७ दिन भित्र कर्जा हिसाब फरफारक गर्न गराउन ऋणी, धितो दिने र व्यक्तिगत धन जमानी दिने समेतलाई यसै सुचनाद्वारा सुचित गरिन्छ। उक्त म्याद भित्र पनी कर्जा हिसाब राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा बापत राखेको धितो जायजेथा लिलाम बिकी गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आवश्यक कानुनी कार्यवाही अगाडी बढाइने व्यहोरा समेत सुचित गरिन्छ। साथै ऋणी व्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। ऋणीले सो म्यादमा कर्जा हिसाब राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा ८औं दिनमा लिलाम बिकी गरिने हुनाले यो सूचना प्रकाशित भएको ७ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्वसाधारणमा आव्हान गर्दछौं। सो जेथा लिलाम बिकी नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ।

तपसिल

शाखा कार्यालयः मणिग्राम, रुपन्देही

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण
१. **नामः लुम्बिनी स.मिल** ठेगानाः तिलोत्तमा-७,रुपन्देही दर्ता नं.: १०६९/०७६/०७७ कर्जा शिर्षकः व्यापार कर्जा	सन्तराम प्रसाद लोध र अन्जली शाहीको नाममा दर्ता रहेको रुपन्देही जिल्ला, साविक बलरामपुर ७ को कित्ता नं७५ क्षेत्रफल १-१-१७ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**हिक्मत बहादुर राना क्षेत्री** ठेगानाः सूर्यपूरा-२, रुपन्देही हाल बुटवल-११, रुपन्देही बुवाः टेक बहादुर राना क्षेत्री बाजेः भक्त बहादुर राना क्षेत्री **दिलिप कुमार सिंह लोध** ठेगानाः भगवानपुर-७, रुपन्देही हाल लुम्बिनी सांस्कृतिक-२,रुपन्देही बुवाः सन्तराम प्रसाद लोध बाजेः सीता लोध **सन्तराम प्रसाद लोध** ठेगानाः असुरेना-९, रुपन्देही हाल लुम्बिनी सांस्कृतिक-२,रुपन्देही बुवाः सीता लोध बाजेः मथुरा लोध **अन्जली साही** ठेगानाः बुटवल-५, रुपन्देही हाल बुटवल-११, रुपन्देही ससुराः टेक बहादुर राना क्षेत्री श्रीमान्:हिक्मत बहादुर राना क्षेत्री **सुधा कुमारी लोधी** ठेगानाःलुम्बिनी सांस्कृतिक-२,रुपन्देही ससुराः सन्तराम प्रसाद लोध श्रीमान्: दिलिपकुमार सिंह लोध **श्याम दुलारी देवी लोध** ठेगानाः बलरामपुर-७, रुपन्देही हाल लुम्बिनी सांस्कृतिक-२,रुपन्देही ससुराः सीता लोध श्रीमान्: सन्तराम प्रसाद लोध
२. **नामः अन्जली पि आर सप्लायर्स** ठेगानाः बुटवल उप.म.न.पा-९, रुपन्देही दर्ता नं.: ४२४०३/०७४ कर्जा शिर्षकः व्यापार कर्जा	हिक्मत बहादुर राना क्षेत्रीको नाममा दर्ता रहेको रुपन्देही जिल्ला, साविक आनन्दवन ३/ड को कित्ता नं १३१८ को क्षेत्रफल ०-०-४.५, साविक खुदाबागर ३ ड को कित्ता नं १२९ क्षेत्रफल ०-२-५, साविक खुदाबागर ३क को कित्ता नं ७९९ क्षेत्रफल ०-०-९ र साविक खुदाबगर ३ क को कित्ता नं ८०० क्षेत्रफल ०-३-१७ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**हिक्मत बहादुर राना क्षेत्री** ठेगानाः सूर्यपूरा-२, रुपन्देही हाल बुटवल-११, रुपन्देही बुवाः टेक बहादुर राना क्षेत्री बाजेः भक्त बहादुर राना क्षेत्री **अन्जली साही** ठेगानाः बुटवल-५, रुपन्देही हाल बुटवल-११, रुपन्देही ससुराः टेक बहादुर राना क्षेत्री श्रीमान्: हिक्मत बहादुर राना क्षेत्री
३. **नामः विशाल एण्ड राजेश फर्निचर उद्योग** ठेगानाः बुटवल उप.म.न.पा-९, रुपन्देही दर्ता नं.: ६८०५/०६७/०६८ कर्जा शिर्षकः व्यापार कर्जा	अन्जली साहीको नाममा दर्ता रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, साविक सुनवल ८/ज को कित्ता नं ३०८ को क्षेत्रफल १-७-० को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**हिक्मत बहादुर राना क्षेत्री** ठेगानाः सूर्यपूरा-२, रुपन्देही हाल बुटवल-११, रुपन्देही बुवाः टेक बहादुर राना क्षेत्री बाजेः भक्त बहादुर राना क्षेत्री **अन्जली साही** ठेगानाः बुटवल-५, रुपन्देही हाल बुटवल-११, रुपन्देही ससुराः टेक बहादुर राना क्षेत्री श्रीमान्: हिक्मत बहादुर राना क्षेत्री

शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरुः १. शिलबन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले ८ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको शाखा कार्यालय मनिग्राम, रुपन्देहीमा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ। २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङ्कमा तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ। आफुले कबोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ। ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ। ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन। बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन। ५. बोलपत्रमा कबुल अंकमा सो जेथा बिकी गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ। ६. कबुल अंकमा सो जेथा बिकी गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखल खारेज गरि लान सकिनेछ। ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ। बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ। ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले व्यहोर्नु पर्नेछ। ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Branch Office: Manigram, Rupandehi. Tel: 071 562902
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

कुमारी बैंकको कर्जामा ३.५ प्रतिशत प्रिमियम

काठमाडौं/ कुमारी बैंक लिमिटेडले सबै प्रकारका कर्जामा अधिकतम प्रिमियम ३.५ प्रतिशत कायम गर्ने भएको छ। बैंकले आफ्ना ऋणीको सेवा-सुविधालाई मध्यनजर गर्दै आउँदो जनवरी १ तारिखदेखि प्रिमियम दर घटाउने भएको हो।

नयाँ प्रिमियम दर फोन लोन र क्रेडिट कार्डबाहेक सबै प्रकारका कर्जा उपभोग गर्ने नयाँ तथा पुराना सबै ग्राहकमा लागू हुने जनाइएको छ। ग्राहकका गतिशील आवश्यकता र निरन्तर परिवर्तन हुने वित्तीय परिदृश्यलाई पूरा गर्न समयानुकूल विभिन्न योजना प्रवर्द्धन गर्ने नियमित प्रक्रियाअन्तर्गत नयाँ प्रिमियम दर कायम गरेको बैंकको दाबी छ।

हाल बैंकले देशभरमा तीन सय नौ शाखा, तीन सय २० एटिएम, ६५ शाखारहित बैंकिङ इकाइ तथा ४९ एक्सटेन्सन काउन्टरमार्फत सेवा दिँदै आएको जनाएको छ।

२०औँ हस्तकला व्यापार मेला सुरु

नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले काठमाडौंमा आयोजना भएको २०औँ हस्तकला व्यापार मेला तथा १८औँ हस्तकला प्रतियोगिताको उद्घाटन गरेका छन्।

नेपाल हस्तकला महासंघले आफ्नो स्वर्ण वर्ष पुगेको अवसर पारेर विगतका वर्षहरूमा जस्तै नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको संयुक्त आयोजनामा मेलाको आयोजना भएको हो।

उद्घाटनपछि राष्ट्रपति पौडेलले हस्तकला नेपालमा विदेशी मुद्रा आर्जन गर्ने प्रमुख क्षेत्र भएको बताए। उनले भने, 'हस्तकला उद्योग नेपालको उद्योग व्यापार मात्र नभई नेपालको प्राचीन सभ्यता, मौलिक संस्कृति र सम्पदाको संरक्षण एवं संवर्द्धन गर्दै विश्वमा परिचित गराउने महत्त्वपूर्ण क्षेत्र हो।'

२८ मंसिरदेखि २ पुससम्म सञ्चालन हुने मेला काठमाडौंको अन्नपूर्ण होटेलमा आयोजना गरिएको छ। मेला एक लाखले अवलोकन गर्ने लक्ष्य लिएको नेपाल हस्तकला महासंघका अध्यक्ष प्रचण्ड शाक्यले बताए। मेलाले नेपालको स्वदेशी उत्पादनलाई विदेशसम्म निर्यातमा प्रवर्द्धन गरी आर्थिक लाभ लिनुका साथै रोजगार सिर्जना गर्नका लागि प्रभावकारी भूमिका खेलेको उनको भनाइ छ।

अहिलेको मेलाले उद्यमी, कलाकार, कालिगडबाट उत्पादित नेपाली हस्तकलाका वस्तुहरूको स्थानीय र अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। मेलामा नयाँ-नयाँ निर्यातयोग्य वस्तु उत्पादन गर्न उद्यमीलाई प्रोत्साहित गर्ने, अन्तर्राष्ट्रिय आयातकर्ताको चाहनाअनुरूप वस्तु डिजाइन र रङ संयोजनबारे उद्यमी-व्यवसायीमा जानकारी आदान-प्रदान गरिने संघले जनाएको छ।



ग्लोबल आइएमई बैंकको अध्यक्षमा ढकाल निर्विरोध

नयाँ पत्रिका

ग्लोबल आइएमई बैंक लिमिटेडको अध्यक्षमा चन्द्रप्रसाद ढकाल निर्विरोध निर्वाचित भएका छन्। बिहीबार सम्पन्न बैंकको १७औँ वार्षिक साधारणसभाबाट सर्वसम्मत रूपमा निर्वाचित ६ सदस्यीय सञ्चालक समितिको पहिलो बैठकले नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षसमेत रहेका ढकाललाई पुनः अध्यक्षमा निर्वाचित गरेको हो।

साधारणसभाबाट संस्थापक सेयरधनीमध्येबाट अध्यक्ष ढकाल, रामबहादुर भण्डारी र राधेश पन्त तथा सर्वसाधारण सेयरधनीतर्फबाट नारायणप्रसाद पौडेल उपाध्याय, मदनलाल जोशी र कृष्णप्रसाद शर्मा सञ्चालक समितिमा निर्वाचित भएको जनाइएको छ।

नवनिर्वाचित अध्यक्ष ढकालले नेपाल राष्ट्र बैंकका गभर्नरबाट पद तथा गोपनीयताको शपथ लिएपछि नवनिर्वाचित सञ्चालकलाई शपथ गराउने बैंकले जनाएको छ।



■ ९ प्रतिशत लाभांश पारित

साधारणसभाले आव ०७९/८० को कुल मुनाफाबाट बैंकले आफ्ना सेयरधनीलाई प्रस्ताव गरेको ८ प्रतिशत नगद लाभांश र १ प्रतिशत बोनस सेयर गरी जम्मा ९ प्रतिशत लाभांश दिने प्रस्ताव पारित गरेको छ। सभामा सञ्चालक समितिको तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन तथा एकीकृत वित्तीय विवरण पारित गरेको जनाइएको छ।

बैंकले आव ०७९/८० मा सञ्चालन मुनाफा १२ अर्ब ६९ करोड रुपैयाँ र करपछिको मुनाफा ६ अर्ब ६९ करोड रुपैयाँ आर्जन गरेको उल्लेख छ। प्रस्तावित बोनस सेयर वितरणपश्चात् बैंकको चुक्ता पुँजी ३६ अर्ब १२ करोड रुपैयाँ ८७ लाख पुग्ने जनाइएको छ।

साधारणसभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंक नेपाल सरकार एवं नेपाल राष्ट्र बैंकद्वारा घोषित नीतिहरूको परिपालना गर्दै आफ्ना सेयरधनीलाई उचित लाभांश प्रदान गर्न कटिबद्ध रहेको बताए। बैंकले आगामी दिनमा आफ्नो व्यावसायिक रणनीतिक योजनाअनुरूप व्यवसाय विस्तारका अन्य क्षेत्रमा समेत सन्तुलित वृद्धि गर्दै जाने उनको भनाइ थियो।

आव ०७९/८० मा बैंकको खुद ब्याज आम्दानीतर्फ अघिल्लो वर्षभन्दा ६ अर्ब ८१ करोड रुपैयाँले वृद्धि भएको जनाइएको छ। बैंकको खुद मुनाफामा अघिल्लो वर्षको तुलनामा ३४.९९ प्रतिशतले वृद्धि भई ६ अर्ब ६९ करोड रुपैयाँ कायम भएको उल्लेख छ। बैंकले सोही अवधिमा चार खर्ब ३९ अर्ब रुपैयाँभन्दा बढी निक्षेप संकलन गर्नुका साथै तीन खर्ब ७४ अर्ब रुपैयाँभन्दा बढी कर्जा लगानी गरेको जनाइएको छ। बैंकमा रहेका करिब चार हजार कर्मचारीले ४५ लाखभन्दा बढी ग्राहकलाई सेवा प्रदान गर्दै आएको जनाइएको छ।

पाँच प्रदेशमा बिवाइडीको ११ डिसी चार्जर जडान

काठमाडौं/ बिवाइडी अटो इन्डस्ट्री कम्पनी लिमिटेडको नेपालका लागि आधिकारिक वितरक साइमेक्स इन्क प्रालिले देशका मुख्य-मुख्य स्थानमा ११ डिसी फास्ट चार्जर जडान गरेको छ। कम्पनीले पोखरा, नेपालगन्ज, बुटवल, विराटनगर, जनकपुर, नारायणघाट, अनामनगर, मूलकोट, बिर्तामोड, नक्साल र गुह्येश्वरीमा फास्ट चार्जर जडान गरेको हो।

यी चार्जरहरूमध्ये १० वटा चार्जरले ३० किलोवाटको पावर आउटपुट दिने तथा मूलकोटमा जडित चार्जर भने ६० किलोवाटको रहेको जनाइएको छ। पहिले नै विभिन्न स्थानमा जडान गरिसकिएका ४० किलोवाटका १४ फास्ट चार्जर नेटवर्कलाई थप विस्तार गरिएको कम्पनीको भनाइ छ। चर्जिङ पूर्वाधारको सर्वसुलभ र व्यापक स्थापना गरी सवारीसाधनमा दिगो समाधान खोज्ने कम्पनीको प्रतिबद्धताअनुरूप भएको जनाइएको छ।

साथै, सन् २०२३ को अन्त्यसम्ममा थप १८ डिसी फास्ट चार्जरहरू पनि सञ्चालनमा ल्याइने कम्पनीको भनाइ छ। बिवाइडी एट्टो श्रीका लागि ८८ किलोवाटसम्मको डिसी फास्ट चार्जिङको प्रयोग गर्न सकिने तथा बिवाइडी डल्फिनमा ६० किलोवाटसम्मको चार्ज दिन सकिने कम्पनीले जनाएको छ। यसले ३० देखि ४५ मिनेटमा ८० प्रतिशतसम्म चार्ज गर्न सकिने उल्लेख छ।

कतारबाट रेमिट्यान्स भित्र्याउन समृद्धि फाइनान्सले सघाउने

काठमाडौं/ वैदेशिक रोजगारीका लागि कतारमा रहेका नेपालीले समृद्धि फाइनान्समार्फत सरल र सहज तरिकाबाट रेमिट्यान्स भित्र्याउन सक्ने भएका छन्। रेमिट्यान्स पठाउने तथा अन्य बैंकिङ कारोबारमा सहजीकरण गर्न फाइनान्सले स्किल्ड आर्म्स फर ट्रेडिङ एन्ड कन्ट्याक्टिङ एन्ड क्लिनिङ सर्भिसेजसँग समझदारी गरेको हो।

समझदारीअनुसार कतारमा वैदेशिक रोजगारीमा गएका नेपालीले समृद्धि फाइनान्समार्फत आफ्नो परिवारको खाता वा सीधै आफ्नै खातामा रेमिट्यान्स पठाई अनेक बैंकिङ सुविधा प्राप्त गर्न सक्ने जनाइएको छ। वैदेशिक रोजगारीमा रहेका वा जान लागेका नेपालीले समृद्धि फाइनान्समा वैदेशिक रोजगारी खाता खोली नियमित रेमिट्यान्स पठाउन सक्ने र उक्त रेमिट्यान्स प्राप्त गर्ने परिवारले आवश्यकताअनुसार जुनसुकै कर्जा सहज रूपमा सहुलियत दरमा विनाझन्झट लिन सक्ने उल्लेख छ।

फाइनान्सले हाल देशका मुख्य सहरमा १३ वटा शाखामार्फत सेवा दिँदै आएको जनाएको छ। त्यस्तै, आरटिजिएस, आइपिएस, कनेक्ट आइपिएस, रेमिट्यान्स, क्लियरिङलगायतका बैंकिङ र मोबाइल बैंकिङ, डेबिट कार्ड, क्युआर कोडजस्ता डिजिटल सुविधा प्रदान गरिरहेको जनाइएको छ।

नेपाल फाइभ पी अन्तर्राष्ट्रिय प्रदर्शनी ५ पुसदेखि

4th Edition NEPAL 5P INTERNATIONAL EXPO
PLASTIC • PAPER • PRINTING • PACKAGING • PROCESSING

काठमाडौं/ प्लास्टिक, पेपर, प्रिन्टिङ, प्याकेजिङ तथा प्रोसेसिङलाई समेटेर आयोजना हुने नेपाल फाइभ पी अन्तर्राष्ट्रिय प्रदर्शनीको चौथो संस्करण पाँच पुसदेखि सात पुससम्म सञ्चालन हुने भएको छ। प्रदर्शनी मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरेक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिले संयुक्त रूपमा काठमाडौंको भृकुटीमण्डपमा आयोजना गर्न लागेका हुन्।

स्वदेशी तथा विदेशी कम्पनीका एक सय ५० भन्दा बढी स्टल रहने प्रदर्शनीमा पाँचै प्रकारका उत्पादनसँग सम्बन्धित व्यवसायीलाई एकै ठाउँमा ल्याएर व्यापार साझेदारी, नवीनतम प्रविधि प्रदर्शन र संवाद गर्न साझा मञ्च प्रदान गर्ने एक मात्र उद्योग-व्यापार विशेष अन्तर्राष्ट्रिय प्रदर्शनी भएको आयोजकको दाबी छ। प्रदर्शनीमा देशभरिबाट बढीभन्दा बढी उद्यमी, अनुसन्धानकर्ता, संघ-संस्थाका प्रतिनिधि आदिले आधुनिक प्रविधिको अनुसरण गर्ने र जिज्ञासा मेटाउने अवसर प्राप्त गर्ने आयोजकले विश्वास व्यक्त गरेका छन्।

Rawa Energy Development Ltd.
रावा इनर्जि डेभलपमेन्ट लिमिटेड

का.म.पा-१०, काठमाण्डौं

(आयोजनाको नाम: **माथिल्लो रावा खोला साना जलविद्युत आयोजना-३ मे.वा.**)

वेव साईट: https: rawaenergy.com.np, इमेल: rawa.hydro@gmail.com

चौथो वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मितिः २०८०/०८/२९ गते।)

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०८० साल मंसिर २४ गते आईतबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको चौथौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरुको सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं।

सभा हुने मिति, स्थान र समय

मिति : २०८० साल पुष १७ गते, मंगलबार (तदनुसार सन २०२४, जनवरी २)

स्थान : बानेश्वर बैंक्वेट, काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १०, थापागाउं, बानेश्वर।

समय : अपरान्ह १:०० बजे।

छलफल तथा निर्णयका लागि निर्धारीत विषय सूचीहरुः

साधारण प्रस्तावहरुः

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७९/८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको आ.व. २०७९/८० सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूचि उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।

४) रिक्त दुइ जना संचालकमध्ये १ जना सर्वसाधारण शेयरधनीबाट र १ जना संस्थापक शेयरधनीको तर्फबाट संचालक निर्वाचन गर्ने।

५) विविध।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

नोटः साधारण सभा सम्बन्धमा कुनै जानकारी चाहिएमा तलका निम्न नम्बरमा सम्पर्क गर्न सकिनेछ।
९८४२०५९१७७, ९८५१०६८४८७, ९८५१३५००८८

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.

स्थानीय विकासको आधार

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०८०/०८/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक।

यस डेभलपमेण्ट बैंकबाट तपसिलमा उल्लेखित ऋणीले यस डेभलपमेण्ट बैंकको तल उल्लेखित शाखा कार्यालयबाट तपसिल बमोजिमका कर्जा शिर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याँज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेण्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिकी गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) **ऋणी : माया बि.क** बाबुको नाम : सिरे सुनार पतिको नाम : मिन बहादुर बि.क ससुराको नामः टेक बहादुर वि.क ठेगानाः ढोरफिर्दी -०७, तनहुँ हालको ठेगानाः शुक्ला गण्डकी -०९, तनहुँ ना.प्र.नं.: ९०४२४ जारी गर्ने कार्यालय : जि.प्र.का.,तनहुँ जारी मिति : २०६३/०३/०२ **कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : दुलेगौडा शाखा**	ख) **नाम : पार्वती सुनार** बाबुको नाम : आईबहादुर कामी पतिको नाम : खड्कबहादुर सुनार ससुराको नामः टेक बहादुर सुनार ठेगानाः ढोरफिर्दी -०७, तनहुँ हालको ठेगाना : शुक्ला गण्डकी -०९, तनहुँ ना.प्र.नं.: ४३१०३९/१०५३३६ जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ जारी मिति : २०६४/१२/१२ ग) **नामः जुना गुरुङ** बाबुको नाम : टेक बहादुर सुनार पतिको नाम : मगल बहादुर गुरुङ ससुराको नामः नुन बहादुर गुरुङ स्थाई ठेगानाः ढोरफिर्दि -०७, तनहुँ हालको ठेगानाः शुक्ला गण्डकी -०९, तनहुँ ना.प्र.नं.: ४३१०३९/१०४८ जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ जारी मिति : २०६९/०६/०७
जमानीकर्ताको विवरण **क) नामः मिन बहादुर बि.क** बाबुको नाम : टेक बहादुर वि.क बाजेको नाम : पुनारस वि.क ठेगानाः शुक्ला गण्डकी -०९, तनहुँ ना.प्र.नं.: ५७३२३६ जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ जारी मिति : २०५९/०५/१०	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२) **ऋणी : विना पुन मगर** बाबुको नाम : दल वहादुर पुन मगर बाजेको नाम : दिल बहादुर पुन मगर ठेगाना : विरेन्द्रनगर -०९, चितवन हालको ठेगाना :पोखरा-०३, कास्की नागरिकता नं. : ३५१९७०/०६२ जारी गर्ने कार्यालयः जि.प्र.का., चितवन जारी मिति : २०६२/११/१९ **कर्जा शिर्षकः लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : जिरो कि मि. शाखा, पोखरा**	ख) **नामः सिम्रन गुरुङ राना** बाबुको नाम : वि बहादुर गुरुङ पतिको नाम : प्रभात राना ससुराको नामः मिन बहादुर राना ठेगानाः शुक्ला गण्डकी -०८, तनहुँ हालको ठेगाना : पोखरा -०३, कास्की नागरिकता नं. : ४३१०३९/९७८ जारी गर्ने कार्यालयः जि.प्र.का., तनहुँ जारी मिति : २०६९/०३/२७ ग) **नामः धनमाया पाइजा पुन** बाबुको नाम : दुर्गा बहादुर पाइजा पुन पतिको नामः पूरन पाइजा ससुराको नाम : ओम बहादुर पाईजा पुन ठेगाना : पोखरा -१६, कास्की नागरिकता नं. : ४६३००१/१४१६ जारी गर्ने कार्यालयः जि.प्र.का., कास्की जारी मिति : २०६३/१०/२६
जमानीकर्ताको विवरण **क) नाम : निकेश बराल** बाबुको नाम : ऋषीराम बराल बाजेको नामः कृष्ण प्रसाद बराल ठेगाना : पोखरा -०७, कास्की नागरिकता नं. : ४६-०१-७६-०६०५५ जारी गर्ने कार्यालयः जि.प्र.का., कास्की जारी मिति : २०७६/०९/०७	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
३) **ऋणी : सिम्रन गुरुङ राना** बाबुको नाम : वि बहादुर गुरुङ पतिको नाम : प्रभात राना ससुराको नामः मिन बहादुर राना ठेगानाः शुक्ला गण्डकी - ०८, तनहुँ हालको ठेगाना : पोखरा-३, कास्की नागरिकता नं. : ४३१०३९/९७८ जारी गर्ने कार्यालयः जि.प्र.का., तनहुँ जारी मिति : २०६९/०३/२७ **कर्जा शिर्षकः लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : जिरो कि मि. शाखा पोखरा**	ख) **नामः विना पुन मगर** बाबुको नाम : दल बहादुर पुन मगर बाजेको नाम : दिल बहादुर पुन मगर स्थाई ठेगाना : विरेन्द्रनगर -०९, चितवन नागरिकता नं. : ३५१९७०/०६२ जारी गर्ने कार्यालयः जि.प्र.का., चितवन जारी मिति : २०६२/११/१९ ग) **नामः धनमाया पाइजा पुन** बाबुको नाम : दुर्गा बहादुर पाइजा पुन पतिको नामः पूरन पाइजा ससुराको नाम : ओम बहादुर पाईजा पुन ठेगाना : पोखरा -१६, कास्की नागरिकता नं. : ४६३००१/१४१६ जारी गर्ने कार्यालयः जि.प्र.का., कास्की जारी मिति : २०६३/१०/२६
जमानीकर्ताको विवरण **क) नाम : प्रभात राना** बाबुको नाम : मिन बहादुर राना बाजेको नामः दिल बहादुर राना ठेगाना : ढोरफिर्दी -०३, तनहुँ हालको ठेगाना : पोखरा-०३, कास्की नागरिकता नं. : ४३१०३९/३७१ जारी गर्ने कार्यालयः जि.प्र.का., तनहुँ जारी मिति : २०६७/१२/२७	

ऋणीको विवरण	जमानीकर्ताको विवरण
४) **ऋणी: श्रीराम तामाङ** बाबुको नाम : चन्द्र बहादुर तामाङ बाजेको नाम : आइते तामाङ ठेगाना : थाके-०५, धादिङ ना.प्र.नं. : २६३०४३/८१२ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ् जारी मिति : २०६३/१०/१७ **कर्जा शिर्षक : लघु उद्यम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : गल्छी, धादिङ्**	ख) **नाम : सुनिता तामाङ्** बाबुको नाम : मान वहादुर तामाङ् पतिको नाम : निल बहादुर तामाङ् ससुराको नाम : जित बहादुर तामाङ् ठेगाना : तर्सपु -०७, धादिङ् हालको ठेगाना : थाके -०५, धादिङ् ना.प्र.नं. : २६३०४३/२२९ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ् जारी मिति : २०६३/१०/१५ ग) **नाम : सेर बहादुर तामाङ्** बाबुको नामः चन्द्र बहादुर तामाङ् बाजेको नाम : आइते तामाङ् ठेगाना : तर्सपु -०७, धादिङ् हालको ठेगाना : थाके -०५, धादिङ् ना.प्र.नं. : ३/३११७ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ् जारी मिति : २०६०/०१/३० घ) **नाम : बिन्दी माया तामाङ** बाबुको नामः दल बहादुर तामाङ पतीको नाम : श्रीराम तामाङ ससुराको नाम : चन्द्र बहादुर तामाङ ठेगाना : तर्सपु -०७, धादिङ् हालको ठेगाना : थाके -०५, धादिङ् ना.प्र.नं. २६१/६७०७१ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ् जारी मिति : २०७०/०४/२१
जमानीकर्ताको विवरण **क) नाम : बोल ब. वाईबा तामाङ** बाबुको नाम : भिम ब. वाईबा तामाङ बाजेको नाम : लाल बहादुर वाईबा तामाङ ठेगाना : तर्सपु-०७, धादिङ् हालको ठेगाना : थाके -०५, धादिङ् नागरिकता नं. : २६३०४३/८८ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ् जारी मिति : २०६३/१०/१४	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
५) **ऋणी : श्रीमती विना लामा** बाबुको नाम : हर्क वहादुर तामाङ पतिको नाम : लाल बहादुर लामा ससुराको नामः सुकराम लामा ठेगाना : फर्पु -०६, रामेछाप हालको ठेगाना : ललितपुर-१२, ललितपुर नागरिकतानं. १०८८ जारी जिल्ला : जि.प्र.का., काठमाण्डौ **कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : कुमारीपाटी शाखा, ललितपुर**	ख) **नामः बिन्दु तामाङ्ग** बाबुको नामः जित बहादुर सुनुवार पतिको नाम : बुद्ध कुमार तामाङ्ग ससुराको नामः बिर बहादुर तामाङ्ग ठेगानाः चकचकी -०७, झापा हालको ठेगाना : महालक्ष्मी -०५, ललितपुर नागरिकतानं. १८२४१७३५ जारी मिति : २०६१/०२/२५ जारी जिल्ला :जि.प्र.का., झापा ग) **नामः सन्तोस त्रिपाठी** बुवाको नाम : राम शरण त्रिपाठी बाजेको नामः तारानाथ त्रिपाठी ठेगानाः सर्स्यूखर्क-०१, काभ्रेपलाञ्चोक हालको ठेगाना : महालक्ष्मी -०४, ललितपुर नागरिकता नं. ३०-०१-७१-०१६०४ जरी मिति : २०७१/०२/२० जारी गर्ने कार्यालय : :जि.प्र.का.,काभ्रेपलाञ्चोक घ) **नामः ममता लिम्बु** बाबुको नाम : जित वहादुर सुनुवार पतिको नाम : सन्चर वहादुर लिम्बु ससुराको नामः मोहन प्रसाद लिम्बु ठेगाना : बुढीमोरङ्ग -०८, धनकुटा हालको ठेगाना : महालक्ष्मी -०६, ललितपुर नागरिकता नं. ०७१०१०/९५१ जारी मिति :२०६८/०४/१२ जारी गर्ने कार्यालय : जि.प्र.का., धनकुटा
जमानीकर्ताको विवरण **क) नाम : धर्म राज तामाङ** बाबुको नाम : पुर्ण मान तामाङ बाजेको नामः जिवन सिंह तामाङ ठेगाना : छत्रेबाँझ -०३, काभ्रे हालको ठेगाना : ललितपुर -१२, ललितपुर नागरिकतानं. ३०३०२६/१२ जारी मिति : २०६३/१०/२५ जारी गर्ने कार्यालय : जि.प्र.का. काभ्रेपलाञ्चोक	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
६) **ऋणी : श्रजना लामा** बाबुको नाम : पुर्णमान तमाङ बाजेको नामः जिवन सिंह तामाङ ठेगानाः छत्रेबाँझ -०३, काभ्रे हालको ठेगना : ललितपुर-१२, ललितपुर नागरिकता नं.१४०५०१ जारी मिति : २०६२/०३/१९ जारी गर्ने कार्यालय : जि.प्र.का., काभ्रेपलाञ्चोक **कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : कुमारीपाटी शाखा, ललितपुर**	ख) **नामः विमला मगर** बाबुको नामः पंचबहादुर मगर पतिको नाम : अष्टबहादुर मगर ससुराको नाम : दल बहादुर मगर ठेगानाः लखनपुर-०४, रामेछाप हालको ठेगाना : ललितपुर-१०, ललितपुर नागरिकता नं. २११०४५/२८४४० जारी मिति : २०६८/१०/१९ जारी गर्ने कार्यालय : जि.प्र.का., रामेछाप ग) **नामः सपना देवी उराँव** बाबुको नामः डिक बहादुर राई पतिको नाम : भुवनेश्वर प्रसाद उराव ठेगाना : पश्चिम कुशाहा -०६, सुनसरी हालको ठेगाना : महालक्ष्मी -०१, ललितपुर नागरिकतानं. :०६१०४५/१२८०६१ जारी मिति : २०६५/०२/३० जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी घ) **नामः अजय महर्जन** बाबुको नाम : प्रेम गोविन्द महर्जन बाजेको नामः कुमाचा महर्जन ठेगानाः महालक्ष्मी-०६, ललितपुर नागरिकता नं.१०३६३६ जारी मिति :२०५६/०१/२८ जारी गर्ने कार्यालय : जि.प्र.का., ललितपुर
जमानीकर्ताको विवरण **क) नाम : विशाल लामा** बाबुको नामः लालबहादुर लामा बाजेको नामः सुकराम लामा ठेगाना : फर्पु-०६, रामेछाप हालको ठेगाना : ललितपुर-१२, ललितपुर नागरिकतानं. २१२११०२४/३०२४३ जारी मिति : २०६९/०१/२६ जारी जिल्ला :जि.प्र.का.,रामेछाप	

शरणार्थीका...

पृष्ठ १ बाट क्रमशः

कोइराला यसै वर्ष भदौ अन्तिममा उच्चको न्यायाधीश नियुक्त भएका हुन् । रुपन्देही जिल्ला अदालतमा न्यायाधीश रहेका उनी बढुवा भएर उच्चमा नियुक्त भएका थिए ।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाउने योजनामा करोडौँको ठगी भएको भन्दै जिल्ला अदालत काठमाडौँमा दायर मुद्दा विचाराधीन छ । जिल्लाले गत १ असारमा प्रहरी नियन्त्रणमा रहेका दुईजनालाई धरौटीमा रिहा गर्दै बाँकी १६ जनालाई पुर्पक्षका लागि थुनामा पठाएको थियो । त्यसपछि पक्राउ परेका आशिष बुढाथोकीलाई थुनामा र केशव तुलाधरलाई धरौटीमा रिहा गर्ने आदेश गरेको थियो । यो विषय उच्चमा पुगेपछि गत १५ मंसिरमा उच्चले केहीको हकमा जिल्लाकै आदेश सदर गरेको थियो भने केहीलाई धरौटीमा र केहीलाई साधारण तारेखमा रिहा गरेको थियो ।

प्रहरीले मुद्दा दायर गरेकामध्ये सबैभन्दा सशक्त प्रमाण खाणविरुद्ध जम्मा गरेको थियो । उनी गृहमन्त्री हुँदा नै भुटानी शरणार्थी समस्या समाधानसम्बन्धी प्रतिवेदन नै किर्ते गरी पैसा उठाइएका नेपालीहरूको नाम थपिएको थियो । पैसा फिर्ता गर्न दबाब दिइरहेको अवस्थामा बिचौलिया केशव दुलालले जाहेरवाला प्रेमराज पन्थीसँग 'गृहमन्त्री हाम्रै मान्छे हुन्, गृहमन्त्री र गृहसचिवसँग कुरा भइरहेको छ, अब रकम फिर्ता गर्ने होइन, अमेरिका जाने हो' जस्ता संवाद गरेको जाहेरीमा उल्लेख छ ।

दुलाल र तत्कालीन गृहसचिव टेकनारायण पाण्डेबीचको संवादमा मन्त्री खाणलाई पैसा बुझाउने उल्लेख छ । त्यही वेला गृह मन्त्रालयबाट सो प्रतिवेदन कार्यान्वयनका लागि पटक-पटक प्रयासहरू भएका थिए । त्यस्तै, पक्राउ परेपछि तत्कालीन गृहसचिव टेकनारायण पाण्डेले हिरासतबाटै खाणलाई चिठी लेखेर सबैजना फस्ने जोखिम रहेको भन्दै नेताहरूसँग कुरा गर्न भनेका थिए । जुन कागज प्रहरीले खाणबाटै बरामद गरेको थियो । तर, कागजमा खाणको नाम नभएको भन्ने व्याख्या गरी अदालतले उनलाई धरौटीमा छाड्ने आधार बनाएको छ ।

पीडित प्रेमराज पन्थीले खाणविरुद्ध किटानी जाहेरी दिएका छन् । त्यस्तै, सो मुद्दामा प्रहरीले अनुसन्धान थालेपछि खाणले आड्टावा शेर्पामार्फत सानु भण्डारीलाई एक करोड फिर्ता गरेको प्रमाणलाई समेत अदालतले 'नजरअन्दाज' गरेको छ । जुन कुरा आड्टावाले नै प्रहरीमा कागज गरेका थिए । सानुका दाइले पनि सुरुमा प्रहरीमा स्वीकार गरेका थिए ।

तर, अदालतले जाहेरवाला तथा घटना विवरण कागज गर्ने पीडितहरूले खाणलाई ठगी गरेको, रकम लिएकोजस्ता आरोप नलगाएको कुरालाई आधार बनाएको छ । खाणको इन्कारी बयान, गृहका शाखा अधिकृतले प्रहरीमा कागज गर्ने क्रममा शरणार्थीको प्रतिवेदनमा चासो हुनेहरूमा खाणको नाम नलिनुलाई न्यायाधीशले धरौटीमा छाड्ने आधार बनाएका छन् ।

'...निवेदक प्रतिवादीलाई सुरु जिल्ला अदालतले थुनामा राख्दा प्रस्तुत मुद्दाका प्रतिवादीहरू केशव दुलाल र अर्का प्रतिवादी टेकनारायण पाण्डेबीच भएको टेलिफोन संवादलाई पनि लिएकोमा उक्त संवादमा उल्लेख भएको गिफ्ट भनेको रकम हो र उक्त रकम प्रतिवादी केशव दुलालबाट यी प्रतिवादीले लिएको भन्ने दाबीका सम्बन्धमा मुद्दा अनुसन्धानका क्रममा बयान तथा ततिम्बा बयान गर्दा प्रतिवादी केशव दुलालले उक्त तथ्यमा इन्कार गर्दै आफूले प्रतिवादी बालकृष्ण खाणलाई नभेटेको तथा निजलाई कुनै रकम नदिएको भनी उल्लेख गरेको,' न्यायाधीश कोइरालाको रायमा भनिएको छ । सहप्रतिवादीहरूले पोल नगरेको, तत्काल प्राप्त प्रमाणका रूपमा पेस गरिएका विभिन्न कागजातमा पनि खाणको नाम उल्लेख नभएकोजस्ता विषयलाई पनि इजलासले छाड्ने आधार लिएको छ ।

तत्कालीन गृहमन्त्री खाणले नेपाली नागरिकको नामसमेत समावेश रहेको बालकृष्ण पन्थी प्रतिवेदन कार्यान्वयनको प्रस्ताव मन्त्रिपरिषद्मा लैजान स्वीकृति दिएका थिए । उनले पुनः छुट शरणार्थीका लागि भन्दै कार्यदल गठन गरेको तथा कार्यदलको म्याद थप गरेको, मन्त्री हुँदाका बखत नक्कली/समानान्तर प्रतिवेदन तयार भएको तथा केशव दुलाल र गृहसचिव टेकनारायण पाण्डेबीचको संवादमा पनि उनको नाम भेटिएको आधारमा जिल्ला अदालतबाट थुनामा पठाउने आदेश भएको थियो । सचिव पाण्डेको मौकाको बयानलाई पनि आधार मानी जिल्लाले यस्तो आदेश दिएको थियो । जसलाई उच्चले उल्ट्याएको हो । जब कि सहयोगी भूमिका भएकाहरूलाई भने १५ मंसिरमा थुनामै राख्नुपर्ने आदेश भएको थियो ।

यो बहुचर्चित मुद्दामा प्रहरीले ३० जना प्रतिवादीमाथि २८ करोड ८१ लाख ७४ हजार रुपैयाँभन्दा बढी बिगो माग दाबी गर्दै १० जेठमा ठगी, किर्ते, संगठित अपराध, राज्यविरुद्धको कसुर र एकीकृत कसुरको मुद्दा दायर गरेको थियो । कसुरको गम्भीरता र प्रतिवादीको ओहोदाका आधारमा यो प्रहरी इतिहासकै ठूलो मुद्दा हो । तर, केही मुख्य अभियुक्तहरू नै छुटेपछि पीडितहरू त्रसित बनेका छन् । यही ठगीमा प्रहरीमा थप जाहेरी पनि परेका छन् । जसमा दबाबकै कारण विस्तृत अनुसन्धान अघि बढ्न सकेको छैन । कतिपय पीडितले अझै जाहेरी दिन सकेका छैनन् । साथै पहिलो चरणको अनुसन्धानमा प्रमाण नहुँदा जोगिएका कतिपय उच्चपदस्थमाथिको अनुसन्धान अघि बढ्न सकेको छैन ।

अझै छुटेका छैनन्

अदालतले धरौटीमा छाड्न आदेश दिए पनि खाण छुटिसकेका छैनन् । छाड्ने विषयमा कारागारमा पत्र आइनपुगेको केन्द्रीय कार्यालय सुन्धाराका जेलर ललितकुमार बस्नेतले बताए । उच्चको फैसला जिल्ला अदालतमा जाने र त्यहाँ धरौटी बुझाएपछि कारागारलाई पत्र लेख्ने प्रक्रिया हुन्छ । उक्त पत्र बनेपछि खाणलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा उपस्थित गराइनेछ । यी निकायले उनको सम्पत्ति छानबिन गरिरहेका छन् । ती निकायले आवश्यक ठानेमा खाणलाई आफ्नो हिरासतमा लिन सक्नेछन् ।

एमालेका...

पृष्ठ १ बाट क्रमशः

शर्मासहित लोसपा केन्द्रीय सदस्यद्वय सुरेश पाण्डे र धर्मेन्द्र राय, जलेश्वर नगरपालिकाका पूर्वमेयर शंकर शाही (रामशंकर मिश्र), सञ्जयकुमार साह, मोहन ठाकुर र प्रदीप साह माझीलाई जन्मकैदको फैसला सुनाएको हो । २५ भदौ ०७२ मा महोत्तरीमा भएको हत्या घटनामा प्रदीप र सञ्जय पुर्पक्षका लागि थुनामा छन् । अभिराम, सुरेश, धर्मेन्द्र, शंकर साधारण तारेखमा छुटेका थिए भने मोहन फरार थिए ।

जन्मकैदको सजाय पाएका सातैजनालाई एम्बुलेन्समा आगजनी गरेको अर्को लगाउ मुद्दामा थप ६ महिना कैद र १० लाख क्षतिपूर्ति भराउने फैसला भएको अदालतका श्रेस्तेदार नूतन शर्माले बताइन् ।

मधेश आन्दोलनका क्रममा २५ भदौ ०७२ मा आन्दोलनकारीको कुटपिटबाट घाइते भएका थमनलाई एम्बुलेन्सबाट अस्पताल लैजाँदै गर्दा थुतेर हत्या गरिएको थियो । एम्बुलेन्समा आगो लगाइएको थियो । थमनकी पत्नी शोभा गहतराजका तर्फबाट थमनका दाजु प्रेम विकको जाहेरीको आधारमा मुद्दा दायर भएको थियो ।

थपन हत्या मुद्दामा एमालेका निलम्बित सांसद कोइरीसहित २८ जनाविरुद्ध २७ फागुन ०७२ मा कर्तव्य ज्यान र आगो लगाएको दुईवटा मुद्दा दायर भएका थिए । जसमा जिल्ला अदालतले यसअघि थुनछेक बहसमा कोइरीलाई एक लाख धरौटीमा छोडेको थियो । तर, उच्च अदालत जनकपुरले १९ असोज ०७७ मा जिल्लाको फैसला उल्ट्याउँदै पुर्पक्षका लागि थुनामा राख्न उनलाई पक्राउ गर्न भनेको थियो । राजनीतिक पहुँच भएका कोइरी पक्राउ परेनन् । बरु, फरार रहेकै अवस्थामा गत वर्ष ४ मंसिरको प्रतिनिधिसभा निर्वाचनमा एमालेबाट महोत्तरी-१ मा उम्मेदवार बनेर विजयी भए । उनले ७ पुसमा सांसद पदको शपथग्रहण गरेका थिए ।

अहिले जिल्ला अदालतले कोइरीलाई सफाइ दिएको हो । थुनछेक बहसमा साधारण तारेखमा रिहा भए पनि उच्च अदालतबाट पक्राउ आदेश भएपछि फरार रहेका मोहन ठाकुरको हकमा भने जन्मकैदको फैसला भएको छ ।

१९ जनाविरुद्धको मुद्दा मुलतबीमा

हत्या मुद्दामा प्रतिवादी रहे पनि फरार रहेका १९ जनाको मुद्दा भने मुलतबीमा राखिएको छ । जिल्ला अदालतका श्रेस्तेदार नूतन शर्माका अनुसार अभियोगपत्रमा प्रतिवादी रहे पनि अदालतमा उपस्थित नभएका/प्रहरीबाट पक्राउ नपरेका १९ जनाको हकमा पछि छिनोफानो हुनेछ । फरार रहेका रमेशप्रसाद साह, सतेन्द्र चौधरी (सविन्द्र), चन्देश्वर साह, राजु चौधरी (राजा), देवेन्द्र चौधरी, नरेश साह, रामराजा साह, गोलु साह, हरिओमकुमार भगत, रविन्द्रराम चमार, रञ्जित साह, विकी साह, फुले यादव, रोहितकुमार शर्मा, ललवा (लालबाबु) बिन, शम्भु साह, अनिल ठाकुर, देवेन्द्र यादव र कौशलकुमार यादवको मुद्दा मुलतबीमा राखिएको छ ।

जातीय विभेदविरुद्ध...

पृष्ठ १ बाट क्रमशः

गाउँमा हुने सामूहिक कार्यमा दलित समुदायलाई एक्ल्याइएको छ । जब कि, ती वृद्धालाई प्रहरीले पक्राउ गरेको थिएन, पछि जिल्ला अदालतमा हाजिर भएर धरौटीमा छुटेकी थिइन् ।

जिरीखिम्तीमा रहेका डेढ सय घरपरिवारमध्ये करिब २५ घर दलित समुदायको छ । 'जातीय विभेदविरुद्ध मुद्दा हालेपछि गाउँको माहोल देखेर धेरै अनौठो लागेको छ । अहिले सहनै नसक्ने गरी विभेद सुरु भएको छ,' स्थानीय इन्द्रबहादुर विश्वकर्माले भने, 'अब त बाटो छेक्न मात्र बाँकी रह्यो । यस्तो विभेद त देखेकै थिइनँ । गणतन्त्र आएको देश रे ! हामीले पशुको जस्तो व्यवहार सहेर बस्नुपरेको छ ।'

पूर्वजनप्रतिनिधिसमेत रहेका वृद्ध उद्धव विश्वकर्माका अनुसार अहिले गाउँमा गैरदलितको विवाह हुँदा धेरै टाढाका छिमेकीलाई बोलाइन्छ । तर, बर्लैंसी जोडिएको दलित छिमेकीलाई बोलाउन छाडिएको छ ।

स्थानीय सुमित्रा विश्वकर्माले पनि पहिलोपटक यसरी विभेद भोगेको बताइन् । 'गाउँमा विवाह तथा अन्य कार्जे हुँदा दलितजति कसैलाई पनि निम्तो दिइँदैन । यो विभेद नभएर को हो त ? धन्न ! मलामीमा चाहिँ छोइँदैन भनेर जानसम्म दिएका छन् । दलित मर्दा मलामी नै नपाउने अवस्था छ,' उनले भनिन्, 'पहिला त यस्तो थिएन । सबै जातजातिका मान्छे मिलेर बसेका थियौँ, सबै साथीहरूसँग मिलेर घाँस-दाउरा गर्न जंगल गइन्थ्यो । मेला, पर्म लगाइन्थ्यो । अहिले त हामीलाई देख्दा पनि केही भयो कि जस्तो गर्छन् । यस्तो अत्याचारले साह्रै पीडा भएको छ । त्यो पुरानो समाज के भएको होला ?'

जिरीखिम्तीका गैरदलित एकजुट भएका छन् । पहिले गैरदलितको मेलापातमा दलित र दलितको मेलापातमा गैरदलित जान्थे । तर, अहिले अवस्था फेरिएको छ । स्थानीय लोकनाथ विश्वकर्मा भन्छन्, 'हाम्रो (दलित)मा मेलापात गर्न आउने गैरदलितलाई खान पुग्दैन भने म चामल दिन्छु, तिनीहरूकोमा नजानु भन्दै गैरदलितका व्यक्तिले धम्क्याउने गरेका छन् ।'

पहिलेदेखि मिलेर बसेका गैरदलित, जो अहिले पनि राम्रो व्यवहार गर्छन् । उनीहरू पनि डराएका छन् । 'विवाह तथा अन्य कार्जेमा बोलाउन त मन थियो, तर हामीलाई डर छ भन्छन्,' लोकनाथले भने, 'हामीलाई विभेद नगर्नेलाई पनि समाजको डर भएका कारण बोलाउँदैनन् । अहिले त गैरदलितहरू हामीसँग बोल्दा पनि पैसा नै लाग्छ जस्तो गर्छन् । गणतन्त्र आयो भन्छन् । सबै मान्छे समान छन् भन्छन् । तर खै कहाँ छ ? हामीले यति धेरै विभेद सहेर कहिलेसम्म बस्ने ?'

विवाहको निमन्त्रणा-पत्र पनि जात सोधेर मात्र दिइने गरिएको स्थानीय सपना नेपालीले बताइन् । 'यो ठाउँमा म नयाँ हो । एकजना दाइ बिहेको कार्ड लिएर आए । नाम सोधे । मैले सपना भनेँ । कार्डमा लेखे । थर सोधे । मैले नेपाली भनेपछि उनले कार्डमा लेखेको नाम मेटे,' उनी भन्छिन्, 'त्यसपछि उनी पछि आउँछु है भन्दै गए । निम्तो लिएर आएनन् । यहाँभन्दा विभेद के हुन्छ ? अहिलेको जमानामा पनि हामीले विभेद सहेर बस्नुपर्ने ?'

तर, आफूहरूमाथि भएको विभेद र बहिष्करणबारे उनीहरू न त न्यायिक निकाय पुगेका छन् न त स्थानीय जनप्रतिनिधिकहाँ नै गएका छन् । एउटै समुदायमा बस्ने भएकाले बिस्तारै उनीहरूले पुरानै अवस्थाको व्यवहार गर्छन् कि भनेर पर्खिएको स्थानीय अम्बिका विश्वकर्माले बताइन् । तर, उनीहरूमाथि झन् विभेद बढेको अम्बिका बताउँछिन् । अब जनप्रतिनिधिकहाँ जानका लागि तयारी गर्दै गरेको उनले बताइन् ।

जिरीखिम्तीका दलित अहिले बहिष्कारमा परेको त्यहाँका गैरदलित अगुवा पनि बताउँछन् । उनीहरूमाथिको बहिष्करण गलत भएको गैरदलित अगुवाको भनाइ छ । 'चारवटा घरका वैवाहिक कार्यक्रममा दलितलाई बोलाइएन । पूरै दलितलाई बोलाउने काम बन्द गरेछन् । यो काम गलत हो भनेर मैले पनि धेरैपटक भनेँ । उहाँहरूले त्रासले गर्नुभयो कि नियतले गर्नुभयो जानकारी छैन,' सोही ठाउँका गैरदलित अगुवा तथा डाँस मोरंगी वनका अध्यक्ष मदन पोखरेलले भने, 'त्यहाँ विभेद भएको मैले पनि महसुस गरेको छु । बर्लैंसीको छिमेकी दलित भएर नबोलाउनु, तर पाँच सय मिटर परकोलाई बोलाउनु त गलत हो । समाज कुनै एउटा जातिको मात्र हुँदैन । विभिन्न जातजातिका हुन्छन् । यो खालको विभेद गर्नुहुँदैन । गाउँकै बेइज्जत हुने भयो भनेर छलफल राख्ने तयारी गर्दै छौं । हामीले समाज मिलाउन नै खोजिरहेका छौं ।'

कानुनले जातीय विभेद तथा छुवाछुतलाई अपराध भनेको छ । नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा १८ ले समानताको हक, धारा २४ ले छुवाछुत तथा भेदभावविरुद्धको हक, धारा ४० ले दलितको हकलाई स्थापित गरेको छ । जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले जातीय विभेदलाई दण्डनीय मानेको छ । तर, कानुन कार्यान्वयन पक्ष फितलो हुँदा दलितमाथि विभेद कायमै रहेको दलित अधिकारकर्मी तथा कानुन व्यवसायी देवेन्द्र विश्वकर्मा बताउँछन् । 'कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा विभेदका घटना बढिरहेका छन् । जातीय भेदभाव तथा छुवाछुत गम्भीर अपराध हो । कानुन कार्यान्वयन गर्ने ठाउँमा पनि कथित ठूलो जातका छन् । त्यसकारण पनि कानुन कार्यान्वयन प्रभावकारी हुन सकेको छैन,' उनले भने, 'विभेदपछि जाहेरी दिँदा पनि गैरदलितहरू संगठित भएर जाहेरी दिनेलाई नै हीनताबोध हुने बनाउँछन् । दलित समुदायलाई पनि तैँले गर्दा हामी पनि समाजमा नराम्रो भयौं भन्ने बनाएर फाटो ल्याउन खोज्छन् । अब संगठित भएर लड्नुपर्छ । यसरी बहिष्कार गर्नेविरुद्ध कानुनी उपचार खोज्नुपर्छ ।'

पथरी-शनिश्चरे नगरपालिकाका मेयर मोहनप्रसाद तुम्बापोले दलितलाई बहिष्कार गरेको घटना आफूहरूलाई जानकारी नभएको बताए । उनले एकपटक एकजना दलित बहिष्कार हुन खोज्यो भन्दै आएको र त्यसपछि कोही नआएको बताए । 'अहिलेसम्म सामाजिक बहिष्कारमा परेकोबारे हामीलाई जानकारी दिनुभएको छैन । एकपटक एकजना दलित साथी विभेद गर्न खोज्दै छन् रे भनेर आउनुभएको थियो । वडाध्यक्षलाई बुझ्दा फटाफटा मान्छेले कहाँ बोलेछन् त्यसकै आधारमा भनिएको रहेछ भन्ने जानकारी पाइयो । त्यस्तो गर्न हुँदैन । गर्न दिन पनि हुँदैन,' उनले भने, 'बहिष्कार गरियो भने पहिला त हामी सम्झाउँछौं । सम्झाउँदा-सम्झाउँदै भएन भने हामी पीडितलाई कानुनी रूपमा अघि बढ्न सहयोग गर्छौं ।'

संघलाई दिइएको...

पृष्ठ १ बाट क्रमशः

संघीयता कार्यान्वयनमा देखिएका अस्पष्टता र दोहोरोपन हटाउने, साझा सूचीमा रहेका अधिकारसम्बन्धी कानुन निर्माणमा सहकार्य गर्ने, जनशक्ति व्यवस्थापन र राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणाली विकास गर्नेलगायत ६बुँदे निर्णय भएकामा कार्यान्वयन नभएका वेला मुख्यमन्त्रीहरूले दबाब बढाउन लागेका हुन् ।

'संघीयता कार्यान्वयनमा देखिएका मुख्य समस्याको गाँठो फुकाउने सहमति भएको थियो । उक्त बैठकको निर्णय कार्यान्वयनको समयसीमा सकिँदै छ । यस विषयमा संघ सरकारलाई झकझक्याउन र दबाब दिनका लागि बैठक बस्न लागेको हो,' बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले जानकारी दिए । सरकारले ६बुँदे निर्णय कार्यान्वयनका लागि कार्यदल बनाए पनि काम हुन सकेको छैन ।

मुख्यमन्त्रीहरूको पोखरा सम्मेलनले संघीयताको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत, कानुनी र व्यावहारिक विषयको सम्बोधनमा जोड दिएको थियो । जसमा निजामती सेवा ऐन, संघीय शिक्षा ऐन र संघीय प्रहरी ऐन निर्माण गरेर प्रदेशलाई कर्मचारी र प्रहरीको अधिकार दिनुपर्ने मुख्यमन्त्रीहरूको माग छ । तर, संघ सरकार यी विषयमा अनुइच्छुक देखिएपछि मुख्यमन्त्रीहरूले सार्वजनिक समारोहमै सरकारको आलोचना गर्दै आएका छन् ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संघ सरकारले साझा सूचीका कानुन नबनाइदिँदा प्रदेश सरकारले गाली खाएको र प्रदेशले बनाएका कानुन कार्यान्वयनमा समेत समस्या आएको बुधबार मात्र प्रदेको प्रदेश विकास समस्या समाधान समितिको आठौं बैठकमा बताएका थिए । 'निजामती, शिक्षा ऐन आउला भन्ने आशा थियो । अत्तोपत्तो छैन । संघीयताको नाममा प्रदेशले यसभन्दा बढी गाली खाने अवस्था अब रहँदैन, चाहँदा-चाहँदै अधिकार नहुँदा, कानुन नहुँदा काम गर्न सकिएको छैन,' उनको भनाइ छ ।

अन्तरप्रदेश बैठकमा स्थानीय तहको पनि प्रतिनिधित्व हुने

हेटौंडामा हुन लागेको मुख्यमन्त्रीको अन्तरप्रदेश बैठकमा मुख्यमन्त्रीसँगै नगरपालिका महासंघ र गाउँपालिका महासंघका पदाधिकारीसमेत सहभागी हुने मुख्यमन्त्री जम्कट्टेलले जानकारी दिए । 'संघीयता कार्यान्वयनमा उहाँहरू (पालिका)को पनि भूमिका छ । उहाँहरूका पनि अधिकारका कुराहरू छन् । जुन तीनै तहका सरकारको समन्वयबाट मात्रै प्राप्त गर्न सकिन्छ,' मुख्यमन्त्री जम्कट्टेलले भने ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मितिः २०८०/०८/२९

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सलकपुर, मोरङबाट सिटिजन्स क्रेडिट कार्ड कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफुले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत ऋण असुली कारवाही गरिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स क्रेडिट कार्ड कर्जा

ऋणीको नाम र ठेगाना

नाम : नविन कुमार खाती
बाबु : ऋषि प्रसाद खाती
बाजे : बालकृष्ण खाती
ठेगाना : ओयाक्जुङ्ग गा. वि. स.-८, तेह्रथुम
हाल : बेलबारी न. पा.-३, मोरङ्ग
ना.प्र.नं : ४२३४३७/१०४०
जारी मिति : २०६२/३/२९
जि.प्र.का. : तेह्रथुम

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

अप्पर स्याङ्गे हाईड्रोपावर लिमिटेड

Upper Syange Hydropower Limited

रजिष्टर्ड ठेगानाः चन्डोल ४, काठमाण्डौं, नेपाल, टेलिफोन नं. ०१-४५४२८६०
इमेलः upper.syange@gmail.com वेभसाइटः www.uppersyange.com
को

सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८०/०८/२९ गते)

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०८/२२ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदाँ सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८० साल पौष १७ गते (तदनुसार २, जनवरी, २०२४) मंगलबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : कुण्डलिनी दरबार ब्याङ्क्वेट, चप्पल कारखाना चोक, काठमाण्डौं ।

सातौं वार्षिक साधारण सभाका प्रस्तावहरुः

(क) साधारण प्रस्तावहरुः

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सम्बन्धी छलफल गरि स्वीकृत गर्ने ।
३. लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना सञ्चालकको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावहरु :

१. आ.व. २०७९/०८० मा विभिन्न संस्था तथा व्यक्तिहरुलाई दिइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने ।
२. संचालकहरुको बैठक भत्ता स्वीकृत गर्ने ।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :

१ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/०२ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०/०९/०१ गतेसम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन् ।

२. शेयरधनी महानुभावहरुलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धी कागजातहरु शेयरधनी लगतमा कायम रहेको ठेगानामा ईमेल मार्फत पठाईएको छ । कारणवस कुनै शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन समयमा नै प्राप्त गर्नु नभएको भएमा कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.चन्डोल-४, काठमाण्डौंमा सम्पर्क गरि प्राप्त सकिनेछ ।

३. वार्षिक साधारण सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुलाई आफ्नो परिचय सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ । हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.चन्डोल-४, काठमाण्डौंमा दर्ता गरिसक्नु पर्नेछ ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन कम्पनी विदा हुन गएमा पनि उल्लिखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ ।

६. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ ।

७. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको चण्डोल स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

८. कम्पनीको सर्वसाधारण शेयरधनीको तर्फबाट २ जना सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट कम्पनीको सूचना पाटीमा प्रकाशित निर्वाचन कार्यक्रम अनुसार हुनेछ ।

९. सभामा आफनो लिखित राय, सुझाव राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले उक्त राय, सुझाव कम्पनीको आधिकारीक ईमेलः upper.syange@gmail.com मा पठाउन सक्नु हुनेछ ।

१०. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीका शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।

११. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन् ।

१२. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालय का.म.न.पा.चन्डोल-४, काठमाण्डौं तथा यस कम्पनीको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा सम्पर्क राख्नु होला ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

संघ

शुक्रबार २९ मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

नेपाल सुपर लिग

अपराजित धनगढी शीर्ष स्थानमा

नाइजेरियन स्ट्राइकर आफिज ओलावालेले दोस्रो मिनेटमा गरेको गोल निर्णायक हुँदा धनगढीको अपराजित यात्रा कायमै

रमेश सुवेदी / नयाँ पत्रिका

आफिज ओलावालेको निर्णायक गोलमा एफसी चितवनलाई १-० ले हराउँदै साबिक उपविजेता धनगढी एफसी नेपाल सुपर लिग (एनएसएल) दोस्रो संस्करणको शीर्ष स्थानमा उक्लिएको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न खेलमा ओलावालेले दोस्रो मिनेटमा गोल गरेका हुन्। जुन गोललाई जोगाउँदै धनगढीले ३ अंक जोडेको हो। अपराजित यात्रा कायम राखेको धनगढीले शीर्ष स्थानमा २ अंकको अग्रता बनाएको छ।

धनगढीको प्रशिक्षक युगलकिशोर राईले रणनीतिअनुसार ३ अंक निकाल्न सफल भएको र खेलाडीले मिहिनेत गरेको प्रतिक्रिया दिए। 'मैदान प्रवेश गर्नुअघि नै ३ अंक जोड्ने योजना बनाएका थियौं, त्यसमा सफल भयौं। खेलाडीले मिहिनेत गर्दा गोलअग्रता जोगाउन सफल भयौं,' राईले भने, 'अन्तिम समयमा दुई मात्रै विदेशी खेलाडी मैदानमा रहँदा नेपाली खेलाडीको प्रदर्शन प्रशंसायोग्य थियो। उनीहरूको प्रदर्शन राम्रो थियो।' यससँगै धनगढीले चिवतनविरुद्ध लगातार दोस्रो जित निकालेको छ। पहिलो संस्करणको भेटमा धनगढी ३-० ले विजयी भएको थियो। सो खेलमा पनि आफिजले एक गोल गरेका थिए।

जितपछि पाँच खेलबाट ११ अंक जोडेको धनगढी शीर्ष स्थानमा रह्यो। धनगढीले तीन खेल जित्दा दुई खेलमा अंक बाँडेको छ। ६ गोल गर्दा तीन गोल बेहोऱ्यो। ९ अंक जोडेको ललितपुर सिटी एफसी दोस्रो स्थानमा छ। काठमाडौं रेजर्स र पोखरा थन्डर्स ८ अंकसहित तेस्रो र चौथो स्थानमा छन्। जितपछि धनगढीको प्ले अफ सम्भावना बलियो बन्दा चितवनको कमजोर बनेको छ। चितवनले प्ले अफमा स्थान बनाउन बाँकी दुई खेल जितेर मात्रै पुग्दैन अन्य टोलीको नतिजामा पनि भर पर्नुपर्छ।

चितवनका भारतीय प्रशिक्षक मेहराजुद्दिन वाडुले खेल राम्रो भए पनि सुरुवातमै गोल बेहोर्दा दबाबमा परेको बताए। उनले विमलको पेनाल्टी सफल नहुँदा खेलले अर्कै गति लिएको प्रतिक्रिया दिए। 'सुरुमै गोल बेहोर्दा समस्या भयो। अवसर पनि बनाएका थियौं। पेनाल्टीमा चुक्यौं। जसले खेल नै फरक बनायो,' वाडुले भने, 'धनगढीको डिफेन्स राम्रो भयो। अब, बाँकी दुई खेल जितेर मात्रै पुग्दैन। अरू खेलको नतिजामा पनि भर पर्नुपर्छ।'




तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

■ टिकेन्द्रको म्यान अफ दी म्याच प्रदर्शन

पहिलोपटक प्लेइङ सेटमा स्थान बनाएका धनगढीका गोलकिपर टिकेन्द्र थापाले सानदार प्रदर्शन गरे। खेलका म्यान अफ दी म्याच टिकेन्द्रले चितवनका स्ट्राइकर विमल घर्तीमगरको पेनाल्टी बचाउँदै टोलीको संकट टारेका हुन्। पहिलो हाफको इन्जुरी समयमा विमलले प्रहार गरेको पेनाल्टी टिकेन्द्रले बचाएका थिए। विमलले दायाँ भागमा हानेको प्रहारलाई टिकेन्द्रले उत्कृष्ट डाइभ गर्दै बाहिर फ्यालें। यसअघि धनगढीका रक्षक रिचार्ड ओसेईले बक्सभित्र बललाई हातले छोएपछि फिफा रेफ्री प्रज्वल क्षेत्रीले चितवनलाई पेनाल्टी अवसर दिएका थिए। बाँकी समयमा समेत टिकेन्द्र हाबी हुँदा चितवनले धेरै अवसर खेर फ्यालेको थियो। खेलपछि टिकेन्द्रले प्रशिक्षकको विश्वासलाई न्याय दिलाए। 'प्रशिक्षकले विश्वास गर्नुभयो। प्लेइङ सेटमा खेल्ने अवसर पाएँ। अभ्यास पनि राम्रो भएको थियो। नतिजा सोहीअनुसार आएको छ,' टिकेन्द्रले भने, 'विमलले पेनाल्टी कता हान्छन् याद गरेको थिएँ। सोहीअनुसार डाइभ गर्दा सफल भएँ।'

■ आफिज कम समयमा गोल गर्ने पहिलो खेलाडी

धनगढीका नाइजेरिय स्ट्राइकर आफिज ओलावाले नेपाल सुपर लिगको दोस्रो संस्करणमा सर्वाधिक छिटो गोल गर्ने खेलाडी बनेका छन्। उनले खेलको दोस्रो मिनेटमै गोल गरेका हुन्। मिडफिल्डर रोहन कार्कीले मैदानको दायाँ भागबाट निकालेको बललाई नियन्त्रणमा लिँदै उनले जाली चुमाएका हुन्। योसँगै आफिजले जारी लिगमा तीन गोल गरेका छन्। यसअघि बुटवल लुम्बिनी र स्पोर्टिङ इलामविरुद्ध गोल गरेका हुन्।



गत सिजन धनगढी उपविजेता हुँदा आफिज पनि टोलीमा थिए। यसअघि वीरगन्ज युनाइटेडविरुद्ध धनगढीकै फोडे फोफानाले दुई मिनेटमा गोल गरेका थिए। बाँकी समय दुवै टोलीले गोलका केही अवसर बनाएका थिए। मार्की खेलाडी आशिष चौधरीले ५८औं मिनेटमा गोलको अवसर गुमाए। आफिजले बायाँ भागबाट गोलकिपर विशाल श्रेष्ठलाई बिट गर्दै निकालेको बललाई पेनाल्टी क्षेत्रमा अनमार्कमा रहेका आशिषले बाहिर प्रहार गरेका थिए। ५३औं मिनेटमा चितवनका नवयुग श्रेष्ठको हेडर टिकेन्द्रले असफल बनाए।

अंक तालिका

क्लब	खेल	जित	बराबर	हार	अंक
धनगढी	५	३	२	०	११
ललितपुर	५	२	३	०	९
काठमाडौं	५	२	२	१	८
पोखरा	५	२	२	१	८
बुटवल	६	२	१	३	७
झापा	५	१	३	१	६
चितवन	६	१	२	३	५
वीरगन्ज	५	१	२	२	५
इलाम	६	१	१	४	४

खेलाडीले राम्रो खेले

● युगलकिशोर राई
प्रशिक्षक, धनगढी एफसी



मैदानमा छिर्नुअघि नै टिम मिटिङमा मिहिनेत गर्ने भनेका थियौं। त्यो देखाएका छौं। खेलाडीले प्रमाणित गरेका छन्। सुरुमै गोल भए पनि ९० मिनेट गोल जोगाउन गाह्रो हुन्छ। एक गोल जोगाउन जुन खेलाडीले प्यासन मिस गर्छ, गोल भइहाल्छ। अन्तिममा दुई विदेशी खेलाडी मात्रै मैदानमा थिए। बाँकी नेपाली खेलाडीले सानदार प्रदर्शन गरेका हुन्। टेक्निकल रूपमा नेपाली खेलाडी धेरै राम्रा छन्। गोलकिपर टिकेन्द्र थापा राम्रा खेलाडी हुन्। आज प्रमाणित गरेका छन्।

प्ले अफमा पुग्न अरूको खेल कुर्नुपर्छ

● मेहराजुद्दिन वाडु
प्रशिक्षक, एफसी चितवन



खेल प्रतिस्पर्धात्मक भयो। सुरुमै गोल बेहोर्दा गाह्रो भयो। बाँकी समयमा अवसर पनि पायौं, तर सदुपयोग गर्न सकिएन। खेलाडीले राम्रो प्रदर्शन गरेका हुन्। दोस्रो मिनेटमै गोल बेहोर्दा दबाब भयो। दबाब पनि दियौं, तर फिनिसिङ गर्न सकेनौं। धनगढीको रक्षापंक्ति धेरै राम्रो थियो। विमलले पेनाल्टी गुमाउनु 'टर्निङ प्वाइन्ट' रह्यो। विमल राम्रो खेलाडी हो, तर खेलमा यस्तो भइहाल्छ। त्यो गोल भएको भए दोस्रो हाफमा फरक खेल हुने थियो। प्ले अफ पुग्न अब अरू खेलको नतिजामा भर पर्छ। अबका दिन झनै गाह्रो छ। एक दिनको विश्राममा अर्को खेल खेल्नुपर्छ। आफ्नोतर्फबाट उत्कृष्ट प्रदर्शन गर्ने प्रयास गर्नेछौं।

खेल संक्षेप

कीर्तिपुर 'ए' सफल

काठमाडौं/ कीर्तिपुर 'ए'ले दोस्रो नखिपोट खुला बास्केटबल प्रतियोगिताको पुरुषमा जित निकालेको छ। कीर्तिपुर 'ए'ले बौद्ध 'बी'लाई ८८-५३ ले पराजित गऱ्यो। शंकरदेव क्याम्पसले कीर्तिपुर 'बी'लाई ७९-७५ को साँघुरो अन्तरले हरायो। शंकरदेवका सोहिल श्रेष्ठले २३ स्कोर गरे। पुरुषमै क्वार्टरफाइनलमा स्थान पक्का गरिसकेका नेपाल आर्मी र टाइम्सले पनि आ-आफ्नो प्रतिद्वन्द्वीमाथि जित निकालेका छन्। आर्मीले टाइमआउटलाई ९९-७७ ले पाखा लगायो। आर्मीका निकेश मगरले २८ स्कोर गरे। टाइम्सले बलर्समाथि १२०-७६ को सहज जित दर्ता गऱ्यो। टाइम्सका विजय बुर्जाले ३६ स्कोर गरेका थिए।

मेयर कप ब्याडमिन्टन अर्को हप्तादेखि

काठमाडौं/ ललितपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा दोस्रो राष्ट्रिय ललितपुर मेयर कप ब्याडमिन्टन प्रतियोगिता ३ पुसदेखि सुरु हुँदै छ। प्रतियोगिताको मुख्य प्रायोजक ललितपुर नगरपालिका रहेको छ। प्रतियोगितामा पुरुष एकल, महिला एकल, यू-१७ छात्र तथा छात्रा एकल खेल हुनेछ। नेपाल ब्याडमिन्टन संघले जारी गरेको शीर्ष २० वरीयता खेलाडीबाहेकको पुरुष युगल र ४५ वर्षमाथिको भेट्रान्स युगल (खुला) गरी ६ विधामा प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ। पुरुष एकल र महिलाका विजेताले ४० हजार रुपैयाँ हात पार्नेछन्। उपविजेताले २० हजार र तेस्रो स्थानमा रहने खेलाडीले १० हजार रुपैयाँ हात पार्नेछन्। पुरुष युगलका विजेताले ४० हजार र उपविजेताले २० हजार रुपैयाँ हात पार्नेछन्। यसैगरी यू-१७ छात्र र छात्रातर्फ विजेताले २० हजार रुपैयाँ जित्नेछन्। भेट्रान्स युगलतर्फका विजयी खेलाडीले २० हजार र उपविजेताले १० हजार रुपैयाँ पाउनेछन्।

अन्तरपालिका भलिबल २६ पुसदेखि

कास्की/ दोस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश अन्तरपालिकास्तरीय पुरुष भलिबल प्रतियोगिता २६ पुसदेखि हुने भएको छ। माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समिति कास्कीको आयोजनामा प्रतियोगिता २८ पुससम्म चल्ने आयोजकले बिहीबार पोखरामा पत्रकार सम्मेलन गरी जानकारी दिएको हो। प्रतियोगितामा सहभागिताका लागि प्रदेशका ८५ पालिकालाई जानकारी दिएको उपाध्यक्ष सीता अधिकारीले जानकारी दिइन्। पहिलो हुनेले तीन लाख र दोस्रो हुनेले दुई लाख पाउने आयोजकले जनाएको छ। सेमिफाइनलमा पराजित हुने दुई टोलीले समान ५० हजार रुपैयाँ हात पार्नेछन्। विधागततर्फ उत्कृष्ट खेलाडीले सात हजारसँगै उत्कृष्ट स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर र सर्भरले जनही पाँच हजार रुपैयाँ हात पार्नेछन्।

प्रबल र छिरिङ फाइनलमा



काठमाडौं/ मलेसियाको पेनाङमा चलिरहेको ३४औं अन्तर्राष्ट्रिय बक्सिङ प्रतियोगितामा नेपालका प्रबल उप्रेती र छिरिङ वाङदी शेर्पा फाइनल प्रवेश गरेका छन्। यससँगै नेपालको कम्तीमा दुई रजत पदक पक्का भएको छ। पुरुष ५१ केजी तौल समूहमा प्रबलले इन्डोनेसियाका हसान बिन अजानलाई ५-० अंकका आधारमा पराजित गरी अन्तिम दुई स्थान पक्का गरेका थिए। पुरुष ५७ केजीमा छिरिङले सिंगापुरका अब्दुल वाफी बिन इड्रिसलाई तेस्रो राउन्डमा आरएससीका आधारमा हराउदै उपाधि भिडन्तमा पुगे। सेमिफाइनलमा प्रबलले सिंगापुरका ड्यानी चाउ यिजी तथा छिरिङले इन्डोनेसियाका फकिह अन्दरा नासुटेसनलाई समान ५-० अंकका आधारमा पाखा लगाउँदै सेमिफाइनल यात्रा तय गरेका थिए। पुरुष ५४ केजीमा सिंहवीर लिम्बू तथा ६० केजीमा शुलभ माली सेमिफाइनलमै रोकिएपछि कांस्यमा सीमित भए। नेपाली टोलीको प्रशिक्षकमा आइबा वान स्टार कोच सन्जिप श्रेष्ठ र व्यवस्थापक स्मृति विश्वास रहेका छन्।

काभ्रेमा राष्ट्रपति रनिङ सिल्ड सुरु

काभ्रे/ काभ्रे जिल्लाको रोशी गाउँपालिकामा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता बिहीबारदेखि सुरु भएको छ। रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले चार दिनसम्म चल्ने रनिङ सिल्डको उद्घाटन गरेका छन्। रोशी गाउँपालिकाभित्रको ७२ वटा विद्यालय, ६ हजारभन्दा बढी विद्यार्थी र चार सय ५० भन्दा बढी शिक्षक प्रतियोगितामा सहभागी हुनेछन्।

रोशी गाउँपालिका- ७ मा अवस्थित रोशी माध्यमिक विद्यालयमा प्रतियोगिता चल्नेछ। राष्ट्रपति रनिङ सिल्ड गाउँपालिकामा चौथोपटक भएको हो। गाउँपालिकामा तीन वर्षदेखि प्रतियोगिता सञ्चालन गरिरहेको छ। प्रतियोगितामा १६ वटा विद्यालय सहभागी छन्। भलिबलको छात्रलाई आठ समूह र छात्रालाई ६ समूहमा विभाजन गरिएको आयोजकले जनाएको छ।

कबड्डीमा छात्रको नौ समूह र छात्राको नौ समूह भएको छ। हाइजम्पमा छात्रको ११ समूह र छात्राको ११ समूह छुट्याइएको छ। यसैगरी, ज्याभलङ थ्रोमा छात्रको नौ र छात्राको आठ समूह, दौडमा छात्रको १४ समूह र छात्राको १४ समूह छन्। फुटबल र करौंतेको सीधै जिल्लामा प्रतियोगिता हुने आयोजकले जनाएको छ।

एकै खेलमा भुवनको आठ विकेट

खप्तड इन्डोरविरुद्ध कीर्तिमानी बलिङ गरेका धनगढीका स्पिनर भुवन कार्कीले लगातार दुईपटक दुई विकेट लिए पनि ह्याट्रिक गर्न सकेनन्

धनगढीमा **तेजराज भट्ट**

धनगढी स्पोर्टस् क्लब लिटल फ्लावर प्रिमियर लिग (एलपिएल)को सेमिफाइनल प्रवेश गरेको छ। धनगढीलाई अन्तिम चारमा पुऱ्याउन बायाँहाते स्पिनर भुवन कार्कीले असाधारण बलिङ प्रदर्शन गरेका थिए। उनले कीर्तिमानी रूपमा आठ विकेट लिए। यस क्रममा उनले चार ओभरमा १८ रन मात्र खर्चेका थिए। उत्कृष्ट बलिङ प्रदर्शन गरेका भुवन म्यान अफ दी म्याच भए। भुवनको जादुमयी बलिङ प्रदर्शन भएको खेलमा धनगढीले खप्तड इन्डोर स्पोर्टस् ट्रेनिङ सेन्टरलाई ६७ रनले पराजित गऱ्यो।

फाप्ला क्रिकेट मैदानमा धनगढी स्पोर्टस् क्लबले दिएको १६४ रनको लक्ष्य पछ्याएको खप्तड इन्डोरले १९.३ ओभरमा ९६ रन बनाउँदै सबै विकेट गुमायो। खप्तड इनिङको एक समय ७९-१ को बलियो अवस्थामा थियो। तर, थप १७ रन जोड्दा खप्तड स्पोर्टस्ले सम्पूर्ण विकेट गुमायो। भुवनले इनिङ्सको १५औं ओभरमा तीन विकेट तथा १७औं ओभरमा चार विकेट लिएका थिए।



उनले दुवै ओभरमा लगातार दुई विकेट लिए पनि ह्याट्रिक विकेट लिन सकेनन्। उनले तीन ब्याट्सम्यानलाई बोल्ड तथा पाँच ब्याट्सम्यानलाई क्याच आउट पारे। धनगढीका अर्का स्पिनर सुनील धमलाले २ विकेट लिए। खप्तड इन्डोर स्पोर्टस्को ब्याटिङमा अभिषेक थापाले सर्वाधिक ४२ तथा प्रकाश पाण्डेले ३० रन बनाए। खप्तडका अन्य ब्याट्सम्यानले दोहोरो रन जोड्न सकेनन्।

धमलाको अर्धशतक

यसअघि टस हारेर ब्याटिङ गरेको धनगढी क्लबले २० ओभरमा ५ विकेट गुमाएर १६३ रन बनायो। धनगढी स्पोर्टस्का लागि ओपनर सुनील धमलाले अर्धशतकीय योगदान दिए। धमलाले ५० बलमा ५ चौका र २ छक्का प्रहार गरे। कप्तान भुवन कार्कीले ३६, प्रनीत थापाले २६ तथा अमरसिंह रौटेलाले अविजित १२ रनको योगदान दिए। धमलाले दोस्रो विकेटका लागि भुवन कार्कीसँग ८४ रनको साझेदारी गरेका थिए।

धमलाले तेस्रो विकेटका लागि प्रनीत थापासँग ५४ रनको साझेदारी गरे। खप्तड इन्डोरको बलिङमा रवि विष्ट र आर्यन विष्टले समान दुई विकेट हात पारे।

युथ अफ टीकापुर, घोडाघोडी क्रिकेट एकेडमी र सत्यवती एकेडेमी सेमिफाइनल प्रवेश गरिसकेका छन्। लिटल फ्लावर स्पोर्टस् क्लबको आयोजनामा भइरहेको प्रतियोगिताको उपाधि विजेताले दुई लाख ५५ हजार र उपविजेताले एक लाख २८ हजार पुरस्कार पाउनेछन्।

बार्सिलोना रोयल एन्टवर्पसँग स्तब्ध

एजेन्सी

युरोपेली च्याम्पियन्स लिग फुटबल प्रतियोगिताअन्तर्गत समूह 'ए'मा पूर्वविजेता बार्सिलोना बेल्जियम क्लब रोयल एन्टवर्पसँग ३-२ ले स्तब्ध भएको छ। यस समूहबाट प्रिक्वार्टरफाइनल स्थान पक्का गरिसकेको बार्सिलोना खेलको अन्तिम मिनेटमा पराजित भएको हो। बार्सिलोनाले ६ खेलबाट १२ अंक जोडेको छ। बार्सिलोना शीर्ष स्थानमा छ। पोर्चुगलको क्लब एफसी पोर्टोको पनि १२ अंक छ। गोलअन्तरमा बार्सिलोना शीर्ष स्थानमा रहेको हो।

खेलको अन्तिम इन्जुरी समयमा पूर्वविजेता बार्सिलोना बेल्जियमको क्लब रोयल एन्टवर्पसँग ३-२ ले पराजित

साख्तर डोनेट्क्सले ६ खेलबाट ९ अंक र रोयलले ३ अंक मात्र हात पारेको छ। बार्सिलोना खेलको दोस्रो मिनेटमा नै १-० ले पछि परेको थियो। रोयल एन्टवर्पका आर्थर भरमिरिनले अप्रत्याशित रूपमा अग्रता दिलाए। पहिलो हाफमै बार्सिलोना १-१ को बराबरी गोल फर्काउन सफल भयो। बार्सिलोनका लागि फेरान टोरेसले बराबरी गोल गरेका हुन्। उनले लामिन यमालको पासमा सटीक गोल गरे।

खेलको ५६औं मिनेटमा एन्टवर्पले २-१ को अग्रता लियो। यसपटक भिसेन्ट यान्सनले गोल गरे। युसुफले डिबक्सभित्र उपलब्ध गराएको पासमा उनले गोल गरेका हुन्। यसअघि खेलको ५३औं मिनेटमा बार्सिलोनाका सर्जी रोबर्टोले रातो कार्ड पाए पनि भिडियो असिस्टेन्ट रेफ्रीले निर्णयलाई परिवर्तन गरेका थिए। खेलको अन्तिम इन्जुरी समयको पहिलो मिनेटमा इलकाए गुन्डोगानको क्रसमा मार्क गुयुले बार्सिलोनालाई २-२ को बराबरीमा पुऱ्याए। इन्जुरी समयको पनि अन्तिम एक मिनेटमा जर्ज इलेनीखेनाले एन्टवर्पलाई ३-२ को रोमाञ्चक जित दिलाए।

पिएसजी नकआउट चरणमा



फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी) च्याम्पियन्स लिगको नकआउट चरणमा पुगेको छ। पिएसजीले बोरुसिया डर्टमन्डलाई १-१ को बराबरीमा रोक्दै अन्तिम १६ को स्थान पक्का गरेको हो। समूह 'एफ'मा डर्टमन्डले ६ खेलबाट सर्वाधिक ११ अंक जोडेको छ। पिएसजीले ६ खेलबाट ८ अंक जोड्यो। यसै समूहमा एसी मिलानले न्युकासल युनाइटेडलाई २-१ ले हरायो। जितका बाबजुद एसी मिलान नकआउट चरणमा पुग्न सकेन। गोलअन्तरमा एसी मिलान पिएसजीसँग पछि पऱ्यो। यसैगरी समूह 'ई'मा स्पेनिस क्लब एट्लेटिको म्याड्रिडले लाजियोलाई २-० ले हरायो। एट्लेटिको र लाजियो नकआउट चरणमा चरण पुगिसकेका छन्। समूहको अर्को खेलमा सेल्टिकले फायनउडलाई २-१ ले हरायो। म्यानचेस्टर सिटीले समूह 'जी'मा शतप्रतिशत नतिजा निकाल्यो। सिटीले रेड स्टार बेलग्रेडलाई ३-२ हरायो। यसै समूहमा आरबी लाइपजिगले योङ ब्वाइजलाई २-१ ले हरायो। यस समूहमा लाइपजिग उपविजेता बन्यो।

श्रीलंकाली क्रिकेट बोर्डमा जयसूर्याको प्रवेश

एजेन्सी

श्रीलंकाका पूर्वक्रिकेटर सनथ जयसूर्या क्रिकेट बोर्डमा कन्सल्टेन्ट भूमिकामा प्रवेश गरेका छन्। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को प्रतिबन्धमा रहेको श्रीलंकाली क्रिकेट बोर्डले राष्ट्रिय टोली बलियो बनाउन अनुभवी तथा सन्न्यास लिइसकेका पुराना खेलाडीलाई बोर्डमा भित्र्याएको छ। यसैगरी बोर्डले छनोट कमिटीसमेत गठन गरेको छ। राष्ट्रिय टोलीका पूर्वओपनर उपल थरंगाले छनोट कमिटीको प्रमुख जिम्मेवारी पाएका छन्। बोर्ड र जयसूर्याबीच एक वर्षको सम्झौता भएको छ।

श्रीलंकाका लागि ५८६ खेलमा २१ हजार ३२ रन जोडेका सनथ जयसूर्याले कोचिङ स्टाफ र खेलाडीलाई सल्लाह दिनेछन्

जयसूर्याले कोचिङ स्टाफ र खेलाडीलाई सल्लाह दिने छन्। यसका साथै उनी घरेलु क्रिकेट बलियो बनाउन सक्रिय भूमिकामा देखिने बोर्डले जनाएको छ। गत महिना भारतमा भएको एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा खराब प्रदर्शन भएपछि बोर्डले अनुभवी खेलाडीलाई पहिलो प्राथमिकतामा राखेको जनाएको छ।

श्रीलंकाली क्रिकेट इतिहासमा जयसूर्या सफल खेलाडीमा पर्छन्। उनले ५ सय ८६ खेलमा २१ हजार ३२ रन बनाए। यसैगरी, उनले ४२ शतक बनाउनुका साथै चार सय ४० अन्तर्राष्ट्रिय विकेट हात पारे। अहिलेको छनोट कमिटीको कार्यकाल दुई वर्षपछि सकिनेछ। त्यसपछि नयाँ छनोट कमिटीले गठन हुनेछ। छनोट कमिटीमा दुई वर्षसम्म थरंगा रहनेछन्। यसैगरी, छनोट कमिटीमा अजन्था मेन्डिस, थरंगा परनाविता र दिलरुवान पेरेरा सदस्य छन्। नयाँ कमिटीले घरेलु मैदानमा हुने जिम्बाबेविरुद्धको एकदिवसीय र टी-२० खेलका लागि खेलाडी छनोट गर्नेछ।



टी-२० टोली बलियो बनाउनुपर्ने चुनौती

वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आयोजना गर्ने टी-२० विश्वकपलाई मध्यनजर बनाएर उत्कृष्ट टोली निर्माण गर्नुपर्ने दायित्व छनोट कमिटीलाई छ। श्रीलंकाली सरकारले बोर्डमा हस्तक्षेप गरेपछि आइसिसीले प्रतिबन्ध लगाएको हो। आइसिसीले श्रीलंकालाई अन्तर्राष्ट्रिय क्रिकेटमा भाग लिन प्रतिबन्ध लगाएको छैन। बोर्डमा विवाद र बारम्बार सरकारको हस्तक्षेप हुँदा आइसिसीले श्रीलंकाबाट आइसिसी यू-१९ विश्वकपको आयोजना छिनेको थियो।

अब आइसिसीले दक्षिण अफ्रिकामा यू-१९ विश्वकप गर्नेछ। भारतमा भएको विश्वकपमा श्रीलंकाले नौ खेलमा केवल दुई जित मात्र निकालेको थियो। श्रीलंका अफगानिस्तान र बंगलादेशसँग समेत पराजित भएको थियो। श्रीलंकाले नेदरल्यान्ड्स र इंग्ल्यान्डलाई हराएको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com